सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ माघ २०८२, बिहीबार (15 Jan 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ रविविरुद्धका संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा

'फिर्ता' होइन, अभियोग 'संशोधन' गर्ने महान्यायाधिवक्ता कार्यालयको निर्णय



■ महान्यायाधिवक्ता **सविता भण्डारी बराल** भन्छिन्- कानुनअनुसार नै निर्णय लिएका हौं



कानुनले नै अख्तियारी दिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा भनिएअनुसार नै थप प्रमाण भेटिएको अवस्थामा निर्णय लिएका हौं। अदालतले पनि थुनाबाट छाडेको अवस्था छ। जाहेरवालाले समेत हाम्रो जाहेरी यस्तो थिएन भनेका छन्। यी सबै प्रमाण म आफैंले हेरेर यो निर्णय गरेकी हुँ।

शिल्पा कर्ण/नयाँ पत्रिका

महान्यायाधिवक्ताको कार्यालयले रास्वपा सभापति रवि लामिछानेविरुद्ध लगाइएका संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अभियोगपत्र संशोधन गर्ने निर्णय गरेको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ को व्यवस्थाअनुसार अभियोगपत्र संशोधनका लागि सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयलाई अनुमति दिइएको हो।

लामिछानेले विभिन्न मितिमा दर्ता गरेका निवेदनहरू, जाहेरीको आधारमाथि नै प्रश्न उठाउने नयाँ प्रमाणहरू र निक्षेपकर्ताको बचतको हक संरक्षण गर्नुपर्ने विषयलाई आधार मान्दै महान्यायाधिवक्ता कार्यालयले यस्तो निर्णय गरेको जनाएको छ। यो आदेशले अभियोजन पक्षले लगाएका दाबीहरूमा पुनर्विचार गर्नुपर्ने अवस्था सिर्जना गर्छ।

महान्यायाधिवक्ता कार्यालयले यो निर्देशन कास्की, काठमाडौं, रुपन्देही र चितवनका जिल्ला सरकारी वकिल कार्यालयहरूलाई

» पृष्ठ २ मा क्रमशः

■ यी तीन आधार देखाउँदै महान्यायाधिवक्ता कार्यालयले लियो निर्णय

पहिलो आधार
जाहेरवालाको स्वयं घोषणा

रुपन्देहीको सुप्रिम सहकारी ठगी प्रकरणका जाहेरवाला नारायणबहादुर पहराईले नोटरी पब्लिकसमक्ष गरेको स्वयं घोषणालाई निर्णयको मुख्य आधार मानिएको छ। उनले आफ्नो वास्तविक निवेदनमा लामिछानेको नाम उल्लेख नगरेको स्पष्ट पारेका छन्। उनले आफूलाई सहकारीमा पैसा जम्मा गर्न लगाउने व्यक्ति रवि लामिछाने नभएको पनि बताएका छन्, जसले अभियोजनको मूल आधारलाई नै कमजोर बनाएको छ।

दोस्रो आधार
संसदीय छानबिन समितिको प्रतिवेदन

संसदीय विशेष छानबिन समितिको प्रतिवेदनले सहकारीबाट गोर्खा मिडियामा रकम ल्याउने प्रक्रियामा लामिछानेको संलग्नता पुष्टि हुने प्रमाण नभेटिएको निष्कर्ष निकालेको थियो। महान्यायाधिवक्ता कार्यालयले समितिको यही निष्कर्षलाई आधार मान्दै रकम ल्याउने कार्यमा संलग्नता नदेखिनुलाई महत्त्वपूर्ण मानेको छ।

तेस्रो आधार
पीडितको न्याय र मिलापत्रको सम्भावना

अभियोगमा संगठित अपराधजस्तो गम्भीर कसुर जोडिँदा पीडित (बचतकर्ता)हरूले मिलापत्रमार्फत सहकारी संस्थाका सञ्चालकहरूबाट आफ्नो रकम फिर्ता पाउने बाटो बन्द हुने तर्क कार्यालयले गरेको छ। संगठित अपराधजस्ता मुद्दाहरूमा मिलापत्र हुन सक्दैन, जसले गर्दा बचतकर्ताहरूको मुख्य सरोकार, अर्थात् आफ्नो बचत फिर्ता पाउने प्रक्रिया अवरुद्ध हुन्छ। अभियोग संशोधनले मिलापत्रको सम्भावनालाई पुनः खोल्न सक्ने र पीडितलाई छिटो न्याय दिन सक्ने आधारमा कार्यालयले निर्णय गरेको छ।

'राजनीतिक प्रतिशोध'बारे रविका तर्क

रवि लामिछानेले महान्यायाधिवक्ता कार्यालयमा दायर गरेको निवेदनमा आफूलाई पूर्ववर्ती सरकारले लगाएको मुद्दामा राजनीतिक प्रतिशोध रहेको दाबी गर्दै यस्ता तर्क गरेका छन् :

- **संसदीय प्रतिवेदनको दुरुपयोग** : कम्पनी ऐनअनुसार कारबाही सिफारिस हुँदाहुँदै सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता अभियोग लगाइएको।
- **प्रमाणको अभाव** : ऋणसम्बन्धी कागजात, हस्ताक्षर, केवाइसी वा अन्य प्रमाणमा आफ्नो संलग्नता नरहेको दाबी।
- **जाहेरीको वैधानिकतामाथि प्रश्न** : रुपन्देही प्रकरणको जाहेरी स्वयं जाहेरवालाले 'नक्कली' भनेको तथ्यलाई अभियोजन नियोजित र प्रतिशोधपूर्ण भएको मुख्य प्रमाणका रूपमा प्रस्तुत।

कांग्रेस दुई टुक्रा

विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा १३४ सदस्यीय कार्यसमिति गठन, निर्वाचन आयोगको निर्णयपछि कांग्रेसको आधिकारिकता तय हुने, ठुलो दलको विभाजनले देशको समग्र राजनीतिक शक्ति सन्तुलन हुन सक्छ प्रभावित

■ सभापति निर्वाचित भएपछि गगन थापाले भने-

नेपालको इतिहासमा भुइँ तहका कार्यकर्ताले गरेको सबैभन्दा ठुलो हस्तक्षेप हो यो। यो बाध्यता हो। यो जोखिम उठाउनैपर्थ्यो। कांग्रेसको सभापति सानो जिम्मेवारी होइन। तपाईंहरू कसैको पनि शिर निहुऱ्याउन दिनेछैन। यसको सान राख्छु। यो अप्ठ्यारो वेलामा कांग्रेस छ भन्ने भरोसा दिलाउनेछु। निर्वाचन आयोगमा हामीले विशेष महाधिवेशन हुँदै छ भनेर जानकारी गराएका छौं। बिहीबार हामी निर्वाचन आयोगमा जान्छौं र जानकारी दिनेछौं।

■ पार्टीले विशेष महाधिवेशन आयोजना गरेको छैन



• मीन विश्वकर्मा

पार्टीले विशेष महाधिवेशन आयोजना गरेको छैन। त्यसकारण त्यससम्बन्धी कुनै दाबी आएमा त्यसलाई वैधानिक नमान्न हामीले आयोगलाई भनेका छौं। साथै, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरिएको जानकारी पनि पत्रमार्फत गराएका छौं।

पर्शुराम काफ्ले, प्रेम गौतम

पार्टीभित्र लामो समयदेखि चल्दै आएको नेतृत्व विवाद, विशेष महाधिवेशनको वैधता र भावी नेतृत्वको विषयमा सहमति जुट्न नसकेपछि अन्ततः संसद्मा सबैभन्दा ठुलो दल कांग्रेस औपचारिक रूपमा विभाजित भएको छ। नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको बहसले अन्ततः एउटा पक्षको

» पृष्ठ २ मा क्रमशः



■ यस्तो छ सभापति गगन थापाको टिम



कांग्रेसको विशेष महाधिवेशन पक्षधरले गगन थापालाई पार्टी सभापतिमा निर्विरोध निर्वाचित गरेको छ। बुधबार अबेरसम्म नेताहरूसँग छलफलपछि विशेष महाधिवेशनले सहमतिका आधारमा थापाको नेतृत्वमा पदाधिकारीसहित केन्द्रीय कार्यसमिति घोषणा गरेको हो। उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल निर्वाचित भएका छन्। महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निर्वाचित भएका छन्। सहमहामन्त्रीमा उदयशमशेर राणा (खस आर्य), फरमुल्लाह मन्सुर (मुस्लिम), डा. डिला संग्रौला पन्त (महिला), प्रकाश रसाइली स्नेही (दलित), बहादुरसिंह लामा (आदिवासी जनजाति), मुक्ताकुमारी यादव (मधेशी), योगेन्द्र चौधरी (थारू) र कर्णबहादुर बुढा (पिछडिएको क्षेत्र) निर्वाचित भएका छन्।

■ दुई कार्यसमितिबिच अब आधिकारिकताको लडाइँ



■ निर्वाचन आयोगका प्रवक्ता **नारायण भट्टराई** भन्छन्-

दुवै पक्षको पत्र आएको छ। हिजो महाधिवेशन पक्षधरको आएको थियो। आज अर्को पक्षबाट आएको छ। आयोगले हेर्ने दलको विधान, आयोगसम्बन्धी कानुनहरू, राजनीतिक दल ऐनसम्बन्धी व्यवस्था हो। कानुनकै आधारमा आयोग निर्णयमा पुग्छ।

काठमाडौं/ विशेष महाधिवेशन पक्षधरले पार्टी नेतृत्वको समानान्तर संरचना बनाएपछि विभाजन भएको विघटित संसद्को ठुलो शक्ति कांग्रेस विवाद निर्वाचन आयोग पुगेको छ। संस्थापन पक्षले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालाई कारबाही र विशेष महाधिवेशन पक्षधरले नयाँ कमिटी चयन गरेसँगै कांग्रेसको आधिकारिकता विवाद निर्वाचन आयोग पुगेको हो।

निर्वाचन के हुन्छ ?
आयोगले कांग्रेस विवादकै कारण निर्वाचन नसर्ने स्पष्ट पारेको छ।



'आयोग निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्न फर्स्ट डेबाटै लागेको छ। २१ फागुनमा चुनाव गराउने गरी सबै तयारी भइसकेको छ। आयोगले निर्धारित मितिमा निर्वाचन गराउँछ।'

शेरबहादुर देउवा नेतृत्वको र विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको कार्यसमिति दुवै पक्ष आफू आधिकारिक भएको दाबी गर्दै आयोग गएका हुन्। दुवै पक्ष आयोग गएकाले एकलाई आयोगले आधिकारिकता दिनुपर्ने हुन्छ। आधिकारिकता पाउने पक्षले २१ फागुनको निर्वाचनमा कांग्रेसको चुनाव चिह्न रुख प्रयोग गर्न पाउनेछ। यद्यपि, आयोगको निर्णयलाई चुनौती दिँदै अर्को पक्ष अदालत जान सक्ने विकल्प खुला रहनेछ।

» पृष्ठ २ मा क्रमशः

फुटका कारक बने देउवा



राजनीतिक र व्यक्तिगत जीवनको उत्तरार्द्धमा रहेका शेरबहादुर देउवा दोस्रोपटक पार्टी विभाजनको पनि मुख्य केन्द्र बने, प्रधानमन्त्री बन्ने लालसाले लाग्यो अर्को 'कलंकको टीका'

(विस्तृत पृष्ठ ३)

■ चक्रपथ दोस्रो खण्डको विस्तार



चीनमा डिपिआर तयार, तर नेपालले प्रक्रिया पूरा नगर्दा रोकियो काम

(विस्तृत पृष्ठ ६)



८४ वर्षमा नागरिकता

लालकुमारी भन्छिन्- अब राज्यले दिने सुविधा पाउने भएँ

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

अथक प्रयत्नपछि ८४ वर्षीया वृद्धाले सिन्धुपाल्चोक जिल्ला प्रशासनबाट नेपाली नागरिकताको प्रमाणपत्र पाएकी छिन्। वयोवृद्ध उमेरमा नागरिकता पाएपछि लालकुमारी श्रेष्ठको जीवनमा खुसी मात्रै ल्याएको छैन, आत्मविश्वास पनि बढेको छ। मंगलबार नागरिकताको प्रमाणपत्र हात पारेपछि उनले भनिन्, 'अब त म पनि यही देशकी भएँ।'

बाह्रबिसेको पलातीमा १९९८ सालमा जन्मिएकी थिइन् लालकुमारी। त्यतिवेला नेपाल राणाशासनको कठोर नियन्त्रणमा थियो। नागरिकको अस्तित्व राज्यको कागजमा भन्दा शासकको कृपामा निर्भर हुन्थ्यो। यसकारण लालकुमारी श्रेष्ठको नाम राज्यका कुनै कागजमा लेखिएन। शासन फेरियो, संविधान फेरियो। राणा गए, राजा गए, गणतन्त्र आयो। तर, लालकुमारी भने ८४ वर्षसम्म आफ्नै देशमा अनागरिक बनिरहनुपऱ्यो।

आमा रत्नकुमारी श्रेष्ठले ६ महिनामै र बुबा इन्द्रवीर श्रेष्ठले १५ महिनामै छाडेर यो संसारबाट बिदा भएका थिए। उनको हेरचाह गर्ने मानिससमेत कोही नहुँदा जन्मदर्ता गराउने कुरै भएन। त्यसै क्षणदेखि उनी राज्यका लागि अदृश्य भइन्। आफन्तको सहारामा हुर्किए पनि लालकुमारीले बाल्यकालमा विद्यालयको ढोका देखिनन्।

» पृष्ठ २ मा क्रमशः



सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयमा नागरिकता लिँदै ८४ वर्षीया लालकुमारी श्रेष्ठ

बाह्रबिसेको पलातीमा १९९८ सालमा जन्मिएकी थिइन् लालकुमारी। त्यतिवेला नेपाल राणाशासनको कठोर नियन्त्रणमा थियो। नागरिकको अस्तित्व राज्यको कागजमा भन्दा शासकको कृपामा निर्भर हुन्थ्यो। यसकारण लालकुमारी श्रेष्ठको नाम राज्यका कुनै कागजमा लेखिएन। शासन फेरियो, संविधान फेरियो। राणा गए, राजा गए, गणतन्त्र आयो। तर, लालकुमारी भने ८४ वर्षसम्म आफ्नै देशमा अनागरिक बनिरहनुपऱ्यो।

दुई कार्यसमितिबिच...

पृष्ठ १ बाट क्रमशः

थापा र शर्मा पक्षले ६० प्रतिशतभन्दा बढी प्रतिनिधि सहभागी भएर विशेष महाधिवेशन गरिएको र नेतृत्व चयन प्रक्रिया अघि बढाएको जानकारी दिन मंगलबार नै आयोगमा पत्र बुझाएको छ। नवनिर्वाचित कार्यसमितिको विवरण अद्यावधिक गर्न अर्को पत्र पठाउने तयारी छ।

संस्थापन पक्षले केन्द्रीय कार्यसमिति बैठकबाट महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरेको पत्र आयोगमा पठाएको छ। विशेष महाधिवेशन आयोजना नभएको र त्यससम्बन्धी कुनै दाबी आएमा त्यसलाई वैधानिक नमान्न पत्रमा भनिएको छ।

सभापति देउवाकै तर्फबाट आयोगमा पत्र बुझाएको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए। 'पार्टीले विशेष महाधिवेशन आयोजना गरेको छैन। त्यसकारण त्यससम्बन्धी कुनै दाबी आएमा त्यसलाई वैधानिक नमान्न हामीले आयोगलाई भनेका छौं। साथै, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरिएको जानकारी पनि पत्रमार्फत गराएका छौं,' विश्वकर्माले भने।

थापाले आफूलाई कारबाही गर्ने देउवा नेतृत्वको कार्यसमितिलाई विशेष महाधिवेशनले भंग गरिसकेकाले कारबाहीको अर्थ नहुने बताएका छन्। कारबाहीको घोषणापछि भृकुटीमण्डपको विशेष महाधिवेशन हललाई सम्बोधन गर्दै थापाले विशेष महाधिवेशनमा सहभागी सबैलाई कारबाही गर्न चुनौती दिए।

थापाले कांग्रेस विवादमा आधिकारिता आफ्नो पक्षले पाउने दाबी गरे। 'मंगलबारै विशेष केन्द्रीय महाधिवेशनले केन्द्रीय समिति भंग गरेको र नयाँ निर्वाचन प्रक्रिया सुरु भएको जानकारी निर्वाचन आयोगलाई दिइसकेका छौं,' उनले भने, 'विशेष महाधिवेशनमा आएका बहुमत महाधिवेशन प्रतिनिधि रहेको ठाउँ र हामी आधिकारिक हौं। विधि र विधानसम्मत रूपमा यहाँ आएका महाधिवेशन प्रतिनिधि आधिकारिक कांग्रेस हुन्, यो हल आधिकारिक कांग्रेस हो। चारतारे झन्डा र रुख चिह्न हामीसँग छ। मलाई संविधान, निर्वाचन आयोगलगायतका संस्थाहरू, नियम र विधिमा विश्वास छ। हामी आधिकारिक हौं र मान्यता पाउँछौं भन्नेमा विश्वस्त छु र विश्वास दिलाउन चाहन्छु।'

आयोगले दुवै पक्षको पत्र प्राप्त भएको जनाएको छ। 'दुवै पक्षको पत्र आएको छ। हिजो महाधिवेशन पक्षधरको आएको थियो। आज अर्को पक्षबाट आएको छ। मैले पत्र हेर्नचाहिँ पाएको छैन,' आयोग प्रवक्ता नारायण भट्टराईले भने।

उनका अनुसार राजनीतिक दलसम्बन्धी विवादमा बैठक बसेर आयोगले निर्णय गर्नेछ। आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तसहित तीनजना आयुक्त बसेर निर्णय गर्ने तयारी छ। आगामी ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको समय भएकाले कांग्रेस विवाद छिटो टुंग्याउने तयारीमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रहेको एक अधिकारीले बताए। 'प्रत्यक्षतर्फको मनोनयन दर्ताको समय नजिकिएकाले छिट्टै विवाद टुंगो लगाउने तयारी छ,' ती अधिकारीले भने।

आयोग प्रवक्ता भट्टराई दलको विधान, आयोगसम्बन्धी कानुन र रानीतिक दलसम्बन्धी ऐनको आधारमा विवाद निरूपण गर्ने बताउँछन्। 'आयोगले हेर्ने दलको विधान, आयोगसम्बन्धी कानुनहरू, राजनीतिक दल ऐनसम्बन्धी व्यवस्था हो। कानुनकै आधारमा आयोग निर्णयमा पुग्छ,' प्रवक्ता भट्टराईले भने। आयोगको निर्णयमा चित्त नबुझे अदालत जाने बाटो खुला रहन्छ।

राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार दुवै पक्षले निर्वाचन आयोगलाई निर्णय जानकारी गराएका छन्। उक्त दफाको उपदफा १ अनुसार दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोकेबमोजिमका अन्य विषयको जानकारी ३० दिनभित्र आयोगलाई दिनुपर्ने व्यवस्था छ।

उपदफा (२) अनुसार उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि आयोगले तत् सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम-कारबाही संविधान, यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम र दलको विधानबमोजिम भए-गरेको पाइएमा नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नको हकमा त्यसको अभिलेख राख्नुपर्नेछ र पदाधिकारी हेरफेर भएको भए तोकिएबमोजिम अद्यावधिक गरी राख्नुपर्नेछ छ। उपदफा ३ अनुसार उपदफा (१) बमोजिम दिइएको जानकारी पदाधिकारीको हेरफेरसँग सम्बन्धित भए आयोगले दल दर्ता किताबमा सम्बन्धित दलको विवरणमा सोहीबमोजिम हेरफेर गरी अद्यावधिक गर्नुपर्नेछ।

राजनीतिक दलसम्बन्धी ऐनको परिच्छेद ९ को दफा ४३ मा विवादको निरूपण गर्ने व्यवस्था छ। दुई वा दुईभन्दा बढी दलबिच वा एउटै दलमा दुई वा दुईभन्दा बढी पक्षहरूबिच विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरूपण आयोगबाट हुने उल्लेख छ। दलको नाम, दलको छाप, विधान, झन्डा वा चिह्न र दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषय विवाद निरूपण आयोगबाट टुंगो लगाउनुपर्छ।

दफा ४४ मा विवाद निरूपणसम्बन्धी कार्यविधिको व्यवस्था छ। जसको उपधारा (१) मा भनिएको छ, 'दफा ४३ बमोजिम दलको नाम, छाप, झन्डा वा चिह्नसम्बन्धी विवाद भए त्यस्तो नाम, छाप, विधान, झन्डा वा चिह्न दाबी गर्ने दलले र दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकतासम्बन्धी विवाद भए त्यस्तो पदाधिकारी, पक्षले दलको केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दाबी गर्ने समितिको ४० प्रतिशत सदस्यको हस्ताक्षरसहित विवाद प्रारम्भ भएको ३० दिनभित्र आयोगसमक्ष आधार तथा प्रमाणसहित दाबी पेस गर्नुपर्नेछ।'

उपदफा २ मा भनिएको छ- आयोगले उपदफा (१) बमोजिमको दाबीका सम्बन्धमा लिखित जवाफ पेस गर्नका लागि त्यस्तो दाबी तथा प्रमाणको प्रतिलिपि संलग्न गरी अर्को पक्षलाई १५ दिनको सूचना दिनुपर्नेछ।

उपदफा ३ अनुसार उपदफा (२) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो अवधिभित्र सम्बन्धित पक्षले आफ्नो लिखित जवाफ र त्यसलाई पुष्टि गर्ने आधार तथा प्रमाण पेस गर्नुपर्नेछ। तर, त्यस्तो अवधिभित्र लिखित जवाफ पेस गर्न नसकेमा सम्बन्धित पक्षको अनुरोधमा लिखित जवाफ पेस गर्न आयोगले १० दिन म्याद थप गर्न सक्नेछ।

उपदफा ४ मा उपदफा (३) बमोजिमको अवधिभित्र लिखित जवाफ पेस भएपछि र लिखित जवाफ पेस नभएकोमा लिखित जवाफ पेस गर्नुपर्ने अवधि समाप्त भएपछि आयोगले विवादका सम्बन्धित पक्षहरूलाई आपसी सहमतिबमोजिम विवाद निरूपण गर्ने प्रयोजनका लागि आयोगमा उपस्थित हुन अवधि तोकी सूचना दिनेछ।

उपदफा ५ मा उपदफा (४) बमोजिमको अवधिभित्र विवादका पक्षहरू उपस्थित भई विवाद निरूपण गर्न सहमत भएमा आयोगले पक्षहरूबिच कायम भएको सहमतिबमोजिम विवाद निरूपण गर्नेछ।

उपदफा ६ अनुसार उपदफा (५) बमोजिम सहमति कायम हुन नसकेमा आयोगले उपदफा (१) र (३) बमोजिमको दाबी, लिखित जवाफ र प्रमाणसहितको आधारमा कुनै एक पक्षलाई मान्यता दिन सकिने रहेछ भने सोहीबमोजिम र त्यसरी मान्यता दिन सकिने रहेनछ भने उपदफा (१) बमोजिम आयोगमा दाबी पेस गर्नुअघि त्यस्तो दलका तर्फबाट आयोगमा पेस भएको केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूमध्ये जुन पक्षसँग त्यस्तो समितिका पदाधिकारी र सदस्यको बहुमत रहेको छ त्यस्तो पक्षलाई विवाद उत्पन्न हुनुअघिको दलको हैसियतमा मान्यता दिई अर्को पक्षलाई छुट्टै राजनीतिक दलको रूपमा मान्यता दिई दर्ता गर्न सक्नेछ।

उपदफा ७ अनुसार उपदफा (६) बमोजिम निर्णय गर्दा कुनै पक्षको बहुमत नदेखिएमा आयोगले विवादका पक्षबाट पेस भएका प्रमाण, सम्बन्धित दलको विधान र अन्य सम्बद्ध कुराबमोजिम निर्णय गर्नुपर्नेछ।

दफा ४५ मा सुनुवाइको व्यवस्था छ। उपदफा १ अनुसार दफा ४४ को उपदफा (६) वा (७) बमोजिम विवाद निरूपण गर्दा आयोगले विवादका पक्षहरूको सुनुवाइ गर्नुपर्नेछ। उपदफा २ अनुसार उपदफा (१) को प्रयोजनका लागि आयोगमा तत्काल कायम रहेको प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त रहेको इजलास हुनेछ। तर, काबुबाहिरको परिस्थिति परी कुनै निर्वाचन आयुक्त उपस्थित हुन नसकेको कारणले मात्र सुनुवाइ गर्ने काममा बाधा परेको मानिनेछैन। उपदफा ३ अनुसार उपदफा (१) बमोजिम सुनुवाइमा विवादका पक्षले आफ्नो कानुन व्यवसायी मुकरर गरी उपदफा (२) बमोजिमको इजलाससमक्ष बहस पैरवी गराउन सक्नेछन्।

उपदफा ४ अनुसार सुनुवाइ गर्दा आयोगले विवादका पक्षलाई सुनुवाइ हुने दिनभन्दा कम्तीमा सात दिनअगावै सूचना दिनुपर्नेछ। त्यसरी सूचना दिइएकोमा सम्बन्धित पक्षको प्रतिनिधि सुनुवाइको बखत उपस्थित हुन सक्नेछ। तर, त्यस्तो प्रतिनिधि उपस्थित नभएको कारणबाट मात्र सुनुवाइ गर्नमा बाधा पर्नेछैन।

उपदफा ५ अनुसार यस परिच्छेदबमोजिम विवादको सुनुवाइ गर्दा यस दफाको व्यवस्थाका अतिरिक्त आयोगले अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्नेछ। उपदफा ६ मा यस दफाबमोजिमको सुनुवाइसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने उल्लेख छ।

दफा ४६ मा निर्णय गर्नुपर्ने विषय छ। जुन दफाको उपदफा १ अनुसार आयोगले सुनुवाइ गरी निर्णय गर्दा दफा ४४ बमोजिम लिखित जवाफ पेस भएकोमा लिखित जवाफ पेस भएको मितिबाट र जवाफ पेस नभएकोमा पेस गर्ने अवधि नाघेको मितिबाट ४५ दिनभित्र निर्णय गर्नुपर्नेछ। उपदफा २ अनुसार उपदफा (१) बमोजिम आयोगले गरेको निर्णय अन्तिम हुनेछ। तर, आयोगको निर्णयमा चित्त नबुझे अदालतबाट चुनौती दिन पाइन्छ।

उक्त दफामा दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारी हेरफेर र आयोगले तोकेबमोजिमका अन्य विषयको जानकारी ३० दिनभित्र आयोगलाई दिनुपर्ने भनिएको छ। त्यसरी आएको जानकारी तथा काम-कारबाहीबारे आयोगले आवश्यक अध्ययन र जाँचबुझ गरेर संविधान, ऐन, नियम तथा दलको विधानबमोजिम पाइए सम्बन्धित दलको विवरणमा आयोगले अद्यावधिक गर्छ।

चुनावको मुखमा पार्टीको आन्तरिक विवाद चर्किएको अवस्थामा एक पक्षबाट विवरण अद्यावधिक गर्न आयोगलाई समेत कठिन हुने सम्भावना छ। विशेष महाधिवेशन पक्षधरले दिएको विवरण गलत भन्दै अर्को पक्ष आयोगमा पुगेमा दलको मान्यतासम्बन्धी विवादको निरूपण गर्नुपर्नेछ।

गगनलाई विश्वको बधाई



विशेष महाधिवेशनबाट सभापतिमा चयन भएका गगन थापालाई माला लगाएर बधाई दिँदै विश्वप्रकाश शर्मा। तस्बिरः **अमुल थापा**

कांग्रेसको विशेष महाधिवेशन पक्षधरले गगन थापालाई पार्टी सभापतिमा निर्विरोध निर्वाचित गरेको छ। बुधबार अबेरसम्म नेताहरूसँग छलफलपछि विशेष महाधिवेशनले सहमतिका आधारमा थापाको नेतृत्वमा पदाधिकारीसहित केन्द्रीय कार्यसमिति घोषणा भएको हो। उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल निर्वाचित भएका छन्। महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निर्वाचित भएका छन्। सहमहामन्त्रीमा उदयशमशेर राणा (खस आर्य), फरमुल्लाह मन्सुर (मुस्लिम), डा. डिला संग्रौला पन्त (महिला), प्रकाश रसाइली स्नेही (दलित), बहादुरसिंह लामा (आदिवासी जनजाति), मुक्ताकुमारी यादव (मधेशी), योगेन्द्र चौधरी -थारू) र कर्णबहादुर बुढा (पिछडिएको क्षेत्र) निर्वाचित भएका छन्।

महाधिवेशनले ३५ सदस्यीय खुला केन्द्रीय सदस्यहरूमा गोपालमान श्रेष्ठ, ओमकारप्रसाद श्रेष्ठ, अर्जुननरसिंह केसी, राजेन्द्रकुमार केसी, अर्जुनप्रसाद जोशी, सुरेशकुमार योङ्याङ, चीनकाजी श्रेष्ठ, सुधीर सिवाकोटी, भरत शाह, मधु आचार्य, अमृत अर्याल, ध्रुव वाग्ले, देवराज चालिसे, विनोद चौधरी, मोहन आचार्य, उज्ज्वल बराल, जनक गिरी, देवप्रसाद तिमिल्सिना, अजयबाबु सिवाकोटी, प्रेमबहादुर खड्का, जयराम लामिछाने, वसन्त भट्टराई, प्रदीप शर्मा, जगत जोशी, प्रमोदहरि गुरागाईं, डा. केदारनरसिंह केसी, विदुर बस्नेत, तीर्थजंग शाही, भरत खड्का, सुवास पोखरेल, शम्भु बुढाथोकी, धर्मराज गौतम, टेकराज पौडेल, तिलक रानाभाट र राजेन्द्रगोपाल सिंह निर्वाचित भएका छन्।

यसैगरी, ९ सदस्यीय केन्द्रीय सदस्य (महिला खुला)का लागि चम्पादेवी खड्का, धना खतिवडा, नानु बाँस्तोला, चिनु पोखरेल, जानकी सिंह, प्रतिमा गौतम, गीता सत्याल, सन्तोषी साउद ऐरी र दिलकुमारी राई निर्वाचित भएका छन्। कोशी प्रदेशबाट महिलामा शारदादेवी कोइराला, खुलामा हिमालय कर्माचार्य र अग्नि पौडेल केन्द्रीय सदस्य निर्वाचित भए। मधेश प्रदेश खुलाबाट बजरंग नेपाली र रामानन्द यादव, महिलाबाट मधु शाही निर्वाचित भए। बागमती प्रदेशमा महिलाबाट उमा दाहाल, खुलाबाट जितनारायण श्रेष्ठ र रमेश धमला, गण्डकी प्रदेश महिलाबाट विष्णुदेवी पाण्डे तथा खुलाबाट रेशम बानियाँ र कृष्ण केसी केन्द्रीय सदस्य निर्वाचित भए। लुम्बिनीबाट महिलामा पवित्राकुमारी अर्याल तथा खुलामा केशव आचार्य र रामबहादुर कार्की, कर्णाली प्रदेशमा महिलाबाट रमादेवी खड्का तथा खुला पदका लागि दिक्पाल शाही र नारायण भट्टराई निर्वाचित भएका छन्। सुदूरपश्चिमबाट महिलामा निपा चोख्याल तथा खुलाबाट हिमबहादुर रावल र नरेन्द्रप्रसाद भट्ट निर्वाचित भएका छन्। अपांगता भएका व्यक्तिका तर्फबाट प्रकाश पन्थ, अल्पसंख्यक खुलाबाट शिवनारायण सिंह गनगाईं, दलित महिलाबाट सीता मिजार, छाया सुनार, गंगा सुनार र लीला नेपाली निर्वाचित भए। दलितबाट खुलामा मैकुलाल वाल्मीकि, शिवबहादुर सुनार, धर्म नेपाली दर्जी, सूर्य विक र दिनेश सुनार निर्वाचित भए। आदिवासी जनजाति महिलाका लागि सपना राजभण्डारी, प्रमिला राई, मनकुमारी गुरुङ, कुसुमदेवी थापामगर, लीलादेवी बोखिम लिम्बू, डा. अमिता प्रधान, छिन्दुल्होम शेर्पा निर्वाचित भए। आदिवासी जनजाति खुला पदमा तारामान गुरुङ, अष्टकुमार कबे, छन्दबहादुर पहराई मगर, नगेन्द्र कुमाल, शम्भुलाल श्रेष्ठ, भीम श्रीष, नरेन्द्र केरुङ र दीपन श्रेष्ठ, खस आर्य महिलाबाट उमा सिवाकोटी, बाला अधिकारी, मुना भुसाल, इन्दिरा कार्की, विनिता खड्का र सम्झना खत्री, खस आर्य खुलाबाट विजय स्वाँर, मथुरा घिमिरे, जगदीशचन्द्र उपाध्याय, विष्णुकुमार कार्की, विश्वनाथ रिजाल, केशव भेटुवाल र कमल भुसाल केन्द्रीय सदस्य निर्वाचित भए। मधेशी महिला पदका लागि अञ्जु झा, चन्द्रकलाकुमारी यादव, गोमा अन्सारी र निलम साह, मधेशी खुलाबाट रामपल्टन साह, नागेन्द्र साह, राधेश्याम पाठक, सनिलकुमार यादव र रामरूप प्रसाद निर्वाचित भए। मुस्लिम महिलाबाट सनम बेगम, मुस्लिम खुलाबाट अब्दुल रज्जाक गद्दी र अब्दुल सतार, थारू महिलाबाट नवोदिता चौधरी र सुनिता राना, थारू खुलाबाट सुरेन्द्रप्रसाद चौधरी र गोपाल दहित तथा पिछडिएको क्षेत्र खुलाबाट दीपकजंग शाह निर्वाचित भएका छन्।

अन्य दलको टिप्पणी

विध्वंसको पीडामाथि अर्को एउटा चोट थपिएको छ

● **हिक्मत कार्की**, सचिव, एमाले

देश जटिल एवं विध्वंसको चक्रब्युहमा रहेको समयमा कांग्रेसजस्तो आठ दशक पुरानो लोकतान्त्रिक राजनीतिक पार्टी फुट्नु र फुटाइनु अत्यन्तै दुःखद घटना हो। यस घटनाबाट नेपाल, नेपाली, लोकतान्त्रिक शासन प्रणाली, देशभक्तिको भावनाका साथै भदौ २३ मा हिंसा भड्काउने षड्यन्त्र र २४ को विध्वंसको पीडामाथि अर्को एउटा चोट थपिएको छ।

कांग्रेसका आधिकारिक प्रतिनिधिकै निर्णय महत्त्वपूर्ण हुन्छ

● **अग्नि सापकोटा**, नेता नेकपा

कुनै पनि दल फुट्नुभन्दा जुट्नु नै राम्रो हो। तर, कांग्रेसको विभाजनले राष्ट्रिय राजनीतिमा ठुलो तरंग पैदा गरेको छ, प्रभावित पनि हुन्छ। अहिले दुवै पक्ष आ-आफ्नो ढंगले अगाडि बढेका छन्। परिपक्व नभएसम्म ठोस टिप्पणी गरिहाल्न उपयुक्त होइन। कांग्रेसका आधिकारिक प्रतिनिधिले अन्तिममा गर्ने निर्णय नै महत्त्वपूर्ण हुन्छ।

विभाजनले आसन्न निर्वाचन प्रभावित हुनुहुँदैन, बिथोलिनुहुन्न

● **मनीष झा**, प्रवक्ता, राष्ट्रिय स्वतन्त्र पार्टी

सिद्धान्त र विचारका लागि संघर्ष भइदिएको भए कांग्रेसका लागि राम्रो हुन्थ्यो। तर, अहिलेको विभाजन पद र संख्याका लागि भएका कारण राम्रो सन्देश दिएको छैन। आन्तरिक मामिलामा अरूले धेरै टिप्पणी गर्नेभन्दा पार्टीको विधानअनुसार निष्कर्षमा पुगोस् भन्ने शुभेच्छा छ। तर, यो विभाजनले आसन्न निर्वाचन प्रभावित हुनुहुँदैन, बिथोलिनुहुन्न। सरकार, निर्वाचन आयोग र जिम्मेवार सबै पक्षले गम्भीरतापूर्वक लिएर कांग्रेस विवादको निकासका लागि सहजीकरण गरिदिनुपर्छ।

स्वाभाविक रूपमा राष्ट्रिय राजनीति प्रभावित पार्छ

● **राजेन्द्र लिङ्देन**, अध्यक्ष राप्रपा

प्रजातान्त्रिक प्रणालीमा कुनै पनि दल विभाजित हुनु सुखद होइन। अझ, निर्वाचन प्रक्रिया अगाडि बढेर उम्मेदवारी दर्तासमेत सुरु भइसकेको पृष्ठभूमिमा, निर्वाचनको सँघारमै कांग्रेसजस्तो ठुलो र पुरानो दल विभाजित हुनु त झन् दुःखद भयो। यो परिघटनाले स्वाभाविक रूपमा राष्ट्रिय राजनीति प्रभावित पार्छ।

फुट्नु दुर्भाग्यपूर्ण हो र लोकतन्त्रमा नकारात्मक असर पार्छ

● **उपेन्द्र यादव**, अध्यक्ष जसपा नेपाल

कांग्रेस विभाजन दुर्भाग्यपूर्ण छ। राम्रो लोकतान्त्रिक शक्ति नभएसम्म लोकतन्त्र बलियो हुँदैन, लोकतान्त्रिक संस्कृतिको पनि निर्माण हुन सक्दैन। पुरानो लोकतान्त्रिक पार्टी फुट्नु दुर्भाग्यपूर्ण हो र यसले लोकतन्त्रमा नकारात्मक असर पार्नेछ। पार्टीको आन्तरिक समस्या चुनावसँग जोडेर प्रभावित पार्नुहुँदैन, समयमै निर्वाचन हुनुपर्छ।

कांग्रेस...

पृष्ठ १ बाट क्रमशः

विशेष महाधिवेशन हुँदै कांग्रेस विभाजनमा पुगेको हो। महामन्त्री गगन थापा नेतृत्वको समूहले काठमाडौंमा आयोजित विशेष महाधिवेशनमार्फत आफ्नै केन्द्रीय कार्यसमिति गठन गरेको छ। जबकि सभापति शेरबहादुर देउवा नेतृत्वको संस्थापन पक्षले थापा समूहको विशेष महाधिवेशन र निर्णयलाई अवैधानिक ठहर गरेको छ। वैधताको विवाद पहिला नै निर्वाचन आयोगमा पुगेको छ। आयोगको निर्णयले कांग्रेसको आधिकारिकता तय गर्नेछ।

विशेष महाधिवेशनले थापालाई सर्वसम्मत सभापति चयन गर्दै मूल कांग्रेस आफू भएको दाबी गरेको छ। पार्टीलाई समयअनुकूल रूपान्तरण गर्न खोज्दा संस्थापन पक्षबाट अवरोध भएपछि नयाँ अभ्यास गर्न बाध्य भएको थापा पक्षको तर्क छ। अर्कोतर्फ थापासहित विश्वप्रकाश शर्मा र एक सहमहामन्त्री संस्थापन पक्षको कारबाहीमा परेका छन्।

जेन–जी आन्दोलनको धक्काले विभाजनसम्म पुऱ्यायो कांग्रेसलाई

२१ फागुनको निर्वाचनमा उम्मेदवारहरूलाई दिने टिकटमा कसले हस्ताक्षर गर्ने भन्ने अन्तर्यभित्र कांग्रेस विभाजनको मूल कारण छ। यद्यपि, कांग्रेसभित्र विवादको नयाँ अध्यायको सुरुवात २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि भएको हो।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बदलिँदो राजनीतिक परिस्थितिमा नेतृत्व परिवर्तनको आवाज उठाउन थाले। उनीहरूले जेन-जी आन्दोलनलाई आत्मसात् गर्नुपर्ने र यस्तो अवस्था सिर्जना हुनुमा कांग्रेस नेतृत्व पनि जिम्मेवार रहेको अभिव्यक्ति दिए। संस्थापन पक्ष जेन-जी आन्दोलनका माग आत्मसात् गर्न तयार नभए त्यसको राजनीतिक सम्बोधन गर्नुपर्नेमा थापा-शर्माले जोड दिँदै आए।

यही बहसबाट विशेष महाधिवेशनको विषय सतहमा आयो। महामन्त्रीद्वयले मंसिरभित्र नियमित महाधिवेशन गर्नुपर्ने माग अघि सारे। साथै, विशेष महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर संकलन गर्ने तयारीमा उनीहरूनिकट नेता सक्रिय भए। यस अभियानलाई डा. शेखर कोइरालाले पनि समर्थन गरे। र, उनीनिकट नेता गुरुराज घिमिरेले हस्ताक्षर अभियानको अगुवाइ गरे।

यसैबिच, सभापति शेरबहादुर देउवाले २८ असोजमा केन्द्रीय समिति बैठकमार्फत उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी सुम्पने घोषणा गरे। त्यसपछि उनी पत्नी आरजुसहित उपचारका लागि सिंगापुर गए। देउवाले नेतृत्व छाडेको संकेतका रूपमा थापा, शर्मालगायत नेताहरूले उनलाई 'राजनेता' भन्दै सार्वजनिक प्रशंसा गरे। देउवा जेन-जी आन्दोलनमा प्रदर्शनकारीको कुटपिटमा परेका थिए।

तर, फागुन २१ को निर्वाचनअघि महाधिवेशन गर्ने कि पछि गर्ने भन्ने विषयमा नयाँ विवाद सुरु भयो। महामन्त्रीद्वय थापा र शर्माले मंसिरमा १४औँ महाधिवेशनको कार्यकाल समाप्त हुने भएकाले त्यही मितिमा नियमित महाधिवेशन हुनुपर्नेमा जोड दिए। यहीबिच, विशेष महाधिवेशनको माग गर्दै पार्टीका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि (२,४८८ जना) ले २९ असोजमा निवेदन र हस्ताक्षर दर्ता गराएपछि निर्वाचनअघि नै नियमित वा विशेष महाधिवेशन गर्नुपर्ने दबाब थप चर्कियो।

निर्वाचनअघि महाधिवेशन गर्ने कि पछि भन्ने विवादका कारण केन्द्रीय समिति बैठकसमेत बस्न सकेन। बल्लतल्ल बसेको बैठकमा महामन्त्री थापाले १६ देखि १९ पुससम्म महाधिवेशन गर्ने प्रस्ताव राखे भने सहमहामन्त्री महेन्द्र यादवले २७ देखि ३० वैशाखसम्म गर्ने प्रस्ताव अघि सारे। प्रस्तावमा सहमति नजुटेपछि बैठक फेरि अवरुद्ध भयो।

देउवा सिंगापुरमै रहँदा पार्टीका पूर्वपदाधिकारीहरू विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत, विजय गच्छदार, प्रकाशमान सिंह र डा. शशांक कोइराला प्रभावशाली बने। यी नेताहरू फागुनपछि नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा थिए।

तर, थापा र शर्माले देउवामाथि निरन्तर दबाब बढाएपछि अन्ततः २६ देखि २८ पुससम्म नियमित महाधिवेशन गर्ने कार्यतालिकामा सहमति जुट्यो। १५ मंसिरको केन्द्रीय समिति बैठकले उक्त कार्यतालिका पारित गऱ्यो।

तर, वडादेखि केन्द्रसम्म सात तहका संगठनको अधिवेशन गर्ने समयतालिका अव्यावहारिक बनेपछि वडा अधिवेशन नै हुन सकेन। क्रियाशील सदस्यताको टुंगो पनि लाग्न सकेन। यसबिच थापाले वडा र क्षेत्रको अधिवेशन सम्पन्न गरेर मात्र केन्द्रीय महाधिवेशन गर्ने प्रस्ताव राखे, जसलाई संस्थापन पक्षले स्वीकार गरेन। केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिमा थापा-शर्मा पक्ष अल्पमतमा रह्यो।

यसपछि महामन्त्री थापाले पार्टी विधानअनुसार २८ पुसभित्र विशेष महाधिवेशन गर्नुपर्ने अडान दोहोऱ्याउँदै आए। तर, केन्द्रीय कार्यसम्पादन समितिले १६ पुसमा वैशाख अन्त्यतिर नियमित महाधिवेशन गर्ने निर्णय गर्दै विशेष महाधिवेशनको मागको औचित्य समाप्त भएको ठहर गऱ्यो। यसको प्रतिवाद गर्दै थापा र शर्माले विशेष महाधिवेशन आह्वान हुने घोषणा गरे।

विशेष महाधिवेशन पक्षधर प्रतिनिधिहरूले २७ र २८ पुसमा विशेष महाधिवेशन आह्वान गरे र महामन्त्रीद्वयले सहभागी हुन सार्वजनिक आह्वान गरे। तयअनुसार २७ पुसमा विशेष महाधिवेशन सुरु भयो। आयोजकले सभापति देउवा र कार्यवाहक सभापति खड्कालाई सहभागी गराउन प्रयास गरे पनि देउवाले निम्तो स्वीकार गरेनन्। देउवा सुरुदेखि नै विशेष महाधिवेशनको विपक्षमा थिए र यसले पार्टी विभाजनतर्फ लैजाने चेतावनी दिँदै आएका थिए।

संस्थापन पक्ष अनुपस्थित भएपछि महामन्त्री थापा र शर्माले विशेष महाधिवेशन उद्घाटन गरे। बन्दसत्रले कार्यविधि पारित गर्दै निर्वाचन प्रक्रिया अघि बढायो। त्यसपछि बुधबार संस्थापन पक्षले महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई निलम्बन गर्ने निर्णय गऱ्यो। जवाफस्वरूप विशेष महाधिवेशनको हलले नयाँ नेतृत्व चयन गर्दै पार्टीको आधिकारिकतामा कानुनी दाबी गर्ने निर्णय गऱ्यो।

'फिर्ता' होइन...

पृष्ठ १ बाट क्रमशः

पठाएको छ, जहाँ लामिछानेविरुद्ध ठगी, सहकारी ठगी र संगठित अपराधसम्बन्धी मुद्दाहरू विचाराधीन छन्।

महान्यायाधिवक्ता कार्यालयले मुख्यतः जाहेरवालाको स्वयं घोषणा, संसदीय छानबिन समितिको प्रतिवेदन, पीडितको न्याय र मिलापत्रको सम्भावनासहितका तीनवटा आधार प्रस्तुत गरेर अभियोगपत्र संशोधनको निर्णय गरेको छ। यी आधारहरूले लामिछानेको निवेदनमा उल्लिखित 'बदनियतपूर्ण अभियोजन'को दाबीलाई बलियो बनाएको छ। विशेष गरी, जाहेरवाला नारायणबहादुर पहराईको स्वयं घोषणालाई मुख्य आधार मान्नुले लामिछानेको 'जाहेरीको वैधानिकतामाथि प्रश्न' उठाइएको तर्कलाई मान्यता दिएको देखिन्छ।

लामिछानेले आफूलाई राजनीतिक प्रतिशोध साध्ने नियतले मुद्दा अभियोजन गरिएको भन्दै कानुनबमोजिम निकासका लागि महान्यायाधिवक्ता कार्यालयमा निवेदन दिँदै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधनको माग गरेका थिए। सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगलाई उनले राजनीतिक प्रतिशोधको परिणाम भनेका छन्।

संसदीय छानबिन समितिले कम्पनी ऐनअनुसार कारबाही सिफारिस गरे पनि आफूविरुद्ध गम्भीर फौजदारी अभियोग लगाइएको तथा सांसद पदबाट निलम्बन गराउन संगठित अपराधको कसुर थपेको लामिछानेको तर्क छ। ऋणसम्बन्धी कुनै पनि कागजातमा आफ्नो हस्ताक्षर वा संलग्नता नरहेको दाबी पनि उनले गरेका छन्।

'...पीडित बचतकर्ताहरूको हकहितलाई प्राथमिकतामा राखी निज रवि लामिछाने प्रतिवादी भएको मुद्दाहरूमा समेत लगाइएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग सम्मानित कास्की जिल्ला अदालत, सम्मानित काठमाडौं जिल्ला अदालत, सम्मानित रुपन्देही जिल्ला अदालत र सम्मानित पर्सा जिल्ला अदालतमा सम्मानित चितवन जिल्ला अदालतमा भएसरह ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायम गरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुने गरी स्वीकृति दिने निर्णय गरिएको छ,' महान्यायाधिवक्ता कार्यालयको निर्णयमा उल्लेख छ।

उल्लेखित संहिताको दफा ३६ मा अभियोगपत्र संशोधन गर्न सक्ने व्यवस्था छ। जसमा अदालतमा एकपटक दायर भइसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दाबी संशोधन गर्नुपर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिए सम्बन्धित सरकारी वकिलले अभियोगपत्रमा संशोधन गर्न सुरु तहको सम्बन्धित अदालतमा फैसला हुनुअघि नै कारण खुलाई निवेदन दिन सक्ने व्यवस्था छ। यद्यपि, संशोधनको आदेश दिने वा नदिने अन्तिम निर्णय सम्बन्धित अदालतकै हुन्छ। 'निवेदन पर्न आएमा र त्यसको व्यहोरा मनासिब देखिए निवेदनबमोजिम अभियोगपत्रमा माग दाबी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्ने' उपदफा २ मा उल्लेख छ।

महान्यायाधिवक्ता कार्यालयले सहकारीपीडितहरूले निक्षेप फिर्ता हुने सम्भावनालाई जीवन्त राख्न पनि यस्तो निर्णय आवश्यक रहेको जनाएको छ। '...जाहेरवालाको निक्षेप रकम दिलाइ-भराइ पाउने दाबी स्पष्ट कायम रहने गरी दायर भएका सुरु, थप र पूरक अभियोगपत्रहरूमा सहकारी रकम अपचलन (ठगी) बाहेकका अन्य अभियोगहरू अर्थात्, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग सुरु, थप र पूरक अभियोगपत्रबाट हटाई निक्षेपकर्ताको (पीडित वर्ग) रकम फिर्ता हुने सम्भावनालाई जीवन्त गर्न चाहनेको हकमा मिलापत्र हुने सम्भावनालाई जीवित राख्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधनका लागि निवेदन दिनुपर्ने देखिन्छ,' निर्णयको तेस्रो बुँदामा भनिएको छ।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले सहकारीपीडितहरू नै आफूसामु उपस्थित भएर मुद्दा दायरभन्दा पनि बचत रकम फिर्ता हुने सुनिश्चितता खोजेकाले यसतर्फ पनि विचार गरी निर्णय लिएको बताएकी छिन्। उनले भनिन्, 'कानुनले नै अख्तियारी दिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा भनिएअनुसार नै थप प्रमाण भेटिएको अवस्थामा निर्णय लिएका हौं। अदालतले पनि थुनाबाट छाडेको अवस्था छ। जाहेरवालाले समेत हाम्रो जाहेरी यस्तो थिएन भनेका छन्। यी सबै प्रमाण म आफैँले हेरेर यो निर्णय गरेकी हुँ।'

अब के हुन्छ ?

महान्यायाधिवक्ताको कार्यालयले अब सम्बन्धित जिल्ला अदालतहरूलाई रविविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणका अभियोग संशोधनका लागि लेखेर पठाउँछ। त्यसअनुसार सम्बन्धित सरकारी वकिलहरूले आफ्ना जिल्ला अदालतमा अभियोग संशोधनका लागि निवेदन दायर गर्नेछन्। त्यसपछि जिल्ला अदालतले अभियोग संशोधनका लागि आदेश दिन सक्नेछन्। त्यसो त सुरुवाती अभियोगमा लामिछानेविरुद्ध सहकारी ठगीको अभियोग मात्रै थियो। तत्कालीन सरकारले पूरक मुद्दा लगेर सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग पनि थपेको थियो।

८४ वर्षमा...

पृष्ठ १ बाट क्रमशः

अक्षर चिन्न पाइनन्। अरूको दयामा बाँच्नु जीवनको आधार बन्यो। ०१८ मा उनको विवाह साँगाचोकका कृष्णबहादुर श्रेष्ठसँग भयो। विवाहले जीवनमा केही सहजता ल्याउँछ भन्ने आशा उनमा थियो। तर, त्यो पनि लामो समय टिकेन। ०३० मा श्रीमान्‌को निधन भयो। छोराछोरीको भविष्यका लागि उनी काठमाडौं पुगिन्। घरघरमा काम गरिन्, इँटा बोकिन्, भारी उठाइन्। ज्याला मजदुरीकै भरमा उनले सन्तान हुर्काइन्।

पछि फेरि उनी गाउँ फर्किइन्। अरूको खेतबारीमा पसिना बगाउँदै जीवन बित्यो। आज ८४ वर्षको उमेरमा पनि उनी काम नगरी एकछाक खान पाउँदिनन्। बुढो शरीरले सकी-नसकी अरूको निमेक गरेर जीवन बिताउन विवश छिन्।

लालकुमारीले जीवनमा कहिल्यै अस्पताल देखिनन्। सरकारी कार्यालय त झन् परको कुरा। नागरिकता नहुँदा राज्यका कुनै सुविधा उनले पाइनन्। न स्वास्थ्य, न सामाजिक सुरक्षा, न सम्मान। नजानेरै बुढेसकाल गुजारिन्। जब बुझिन्, तब प्रक्रिया उनको उमेर र अवस्थाभन्दा निकै जटिल भइसकेको थियो।

३० भदौ ०८२ मा उनले नागरिकताका लागि निवेदन दिएकी थिइन्। तर, जवाफ आयो, उनको नाम राज्यका कुनै पनि अभिलेखमा छैन। अदालत जान सुझाव दिइयो। ८४ वर्षकी वृद्धाका लागि अदालत, कानुन र प्रक्रिया सरल थिएनन्। तर, उनले हार मानिनन्। स्थानीय समाजसेवीको सहयोग, निरन्तर पहल र अधिवक्ता सुष्मा गिरीको कानुनी सहजताले यो विषय अगाडि बढ्यो। समाज, प्रहरी, अदालत र सम्बन्धित सरकारी निकायमा स्थानीय युवा गोविन्द पाठकले समन्वय गरेका थिए।

स्थानीय रामकुमार पाठक, नरेन्द्र केसी, दधिराम पराजुली, पुरुषोत्तम कार्की, सुकदेव तिमिल्सिना, अशोक पराजुलीलगायतले निरन्तर साथ दिए। वडाध्यक्ष शेखर भण्डारी, नीरबहादुर तामाङ, गृह मन्त्रालयका अधिकारीहरू र जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको सहकार्यपछि अन्ततः जिल्ला प्रशासन कार्यालय चौताराबाट नागरिकता जारी भयो।

२९ पुसमा लालकुमारीले नेपाली नागरिकता पाइन्। त्यतिवेला उनका हात काँपिरहेका थिए। आँखा रसाएका थिए। 'अब त म पनि यही देशकी भएँ,' आँसु झार्दै भनिन्।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाण्डौ

अन्तर्वार्ता सम्बन्धी सूचना

(प्रकाशन मिति २०८२/१०/०१)

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले मिति २०८२/०७/११ गते प्रकाशित गरेको करार सेवामा पदपूर्ति सम्बन्धी सूचना अनुसार बिभिन्न पदको मिति २०८२/०९/०६ गते देखि ९ गते सम्म संचालन गरेको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता केन्द्रको कार्यालय भवन ताहाचल, काठमाण्डौमा संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी बिस्तृत बिवरण केन्द्रको सूचना पाटी र वेबसाइट www.aepc.gov.np मा राखिएको छ।

फुटका कारक बने देउवा

राजनीतिक र व्यक्तिगत जीवनको उत्तरार्द्धमा रहेका शेरबहादुर देउवा दोस्रोपटक पार्टी विभाजनको पनि मुख्य केन्द्र बने, प्रधानमन्त्री बन्ने लालसाले लाग्यो अर्को 'कलंकको टीका'

प्रेम गौतम/नयाँ पत्रिका

आठ दशकको इतिहास बोकेको कांग्रेस तेस्रोपटक विभाजन भएको छ। दुईपटक विभाजन हुँदा शेरबहादुर देउवा नै प्रमुख कारक देखिएका छन्। पहिलोपटक कांग्रेस मातृकाप्रसाद कोइरालाका कारण विभाजित भएको थियो।

सधैं सत्ता र शक्तिको महत्त्वाकांक्षामा रमाउने देउवा प्रवृत्तिकै कारण कांग्रेस पटकपटक विभाजन हुने गरेको छ। पाँचपटकसम्म प्रधानमन्त्री बनेका देउवा सधैं विवादमा परे। लोकतन्त्र दरबारमा बुझाउने, सुरासुन्दरी काण्डदेखि सांसद किनबेच र पजेरो सुविधा दिलाएर उनी विवादमा परेका थिए। लोकतन्त्रका साथै कांग्रेसलाई विभाजन गर्नसमेत उनको ठुलो हात रहेको विश्लेषकहरू बताउँछन्। आफ्ना कोटरीका सीमित नेताहरूकै कारण जीवनको उत्तरार्द्धमा देउवाले पदप्रति आशक्ति देखाएका छन्।

०५९ मा देउवाले कांग्रेस विभाजन गरेर कांग्रेस (प्रजातान्त्रिक) बनाएका थिए। तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासँगको विवादका कारण बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भेला गरेर आफ्नै नेतृत्वमा कांग्रेस प्रजातान्त्रिक बनाएका थिए। ०६४ मा उनी पुनः कांग्रेसमा फर्किए। तत्कालीन सभापति गिरिजाप्रसादलाई उनले टक्कर दिइरहे। गिरिजाको निधन भएपछि नेतृत्वमा आएका सुशील कोइरालालाई पनि देउवाले चुनौती दिइरहे। तर, दुवै कोइरालासँग देउवा महाधिवेशनमा पराजित भए। १३औं महाधिवेशनमा देउवा सभापतिमा निर्वाचित भए। १४औंमा दोहोरिए। कांग्रेस विधानअनुसार उनी तेस्रोपटक सभापतिको उम्मेदवार बन्न पाउँदैनन्।

गत भदौको जेन-जी आन्दोलनपछि देउवाले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिए। तर, देउवा कार्यकारी अधिकार छोड्न तयार नहुँदा कांग्रेस विभाजनको इतिहास दोहोरियो। ०५९ मा संस्थापन पक्षले अन्याय गरेको भन्दै पार्टी विभाजन गरेका देउवाकै कारण पुनः कांग्रेस विभाजित भएको छ। त्यतिवेलाको संस्थापन पक्षले तत्कालीन प्रधानमन्त्रीसमेत रहेका देउवालाई दरबारसँग मिलेर प्रतिनिधिसभा विघटन गरेको आरोप लगाउँदै तीन वर्षका लागि साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन गरेको थियो।

माओवादीविरुद्ध लगाइएको संकटकाल अवधि थप्ने कि नथप्ने भन्ने विषयमा मुख्य विवाद थियो। देउवा संकटकाल थप्न खोज्दै थिए। त्यसका लागि संसद् अधिवेशनसमेत बोलाएका थिए। तर, गिरिजाप्रसादले भने माओवादीसँग सम्पर्क बढाएका थिए। गिरिजा संकटकालको विपक्षमा थिए। कांग्रेसले संकटकाललाई निरन्तरता दिन आवश्यक नभएको ठहर गर्दै संकटकाल लम्ब्याउने प्रस्ताव फिर्ता लिन निर्देशन दिएको थियो। तर, देउवाले प्रतिनिधिसभा विघटन र चुनावको मिति



घोषणाको बाटो लिए। त्यसपछि गिरिजाले पार्टी बैठकबाट साधारण सदस्यसमेत नरहने गरी देउवालाई तीन वर्षका लागि निष्कासन गर्ने निर्णय गरे। उनी पार्टीविहीन प्रधानमन्त्री बनेपछि कारबाही फिर्ताका लागि दबाब दिने भन्दै महाधिवेशन प्रतिनिधिको भेला बोलाए। त्यसपछि कांग्रेस प्रजातान्त्रिक बनाउँदै सभापति भएका थिए।

०५१ मा गिरिजाप्रसादले पनि महाधिवेशन प्रतिनिधिको भेला बोलाएका थिए, जतिवेला सन्तनेता कृष्णप्रसाद भट्टराई सभापति थिए। भट्टराई आफैं भेलामा गएर कांग्रेसको विभाजन रोकेका थिए। तर, भट्टराईको जस्तो त्याग र साहस कोइराला र देउवाले देखाएनन्। देउवाले नियमित महाधिवेशन हुन दिएनन्। त्यसपछि थापा र शर्माले विशेष महाधिवेशनको बाटो अपनाए। पार्टी विभाजनको अवस्थामा पुग्दा पनि दुवै पक्षले अडान छाडेनन्।

पहिलोपटक ००९ मा नेपाली कांग्रेस विभाजन हुँदा प्रधानमन्त्री मातृकाप्रसाद कोइराला थिए। तर, विदेशी हस्तक्षेपलाई हेर्ने दृष्टिकोणलाई लिएर मातृका र बिपी कोइरालाबिच मतभेद बढ्यो। मातृकासँग विवाद बढेपछि बिपीले एउटै व्यक्ति प्रधानमन्त्री र सभापति बन्न सक्दैन् भन्ने अभिव्यक्ति दिँदै राजीनामा मागे। विवादकै बिच जनकपुरमा १०-१३ जेठ ००९ सम्म भएको पाँचौं महाधिवेशनले बिपीलाई सभापति निर्वाचित गऱ्यो। १० साउनमा पार्टीले मातृकालाई राजीनामा दिन निर्देशन दियो। ४८ घण्टाभित्र राजीनामा नदिए केन्द्रीय सदस्यबाट निलम्बन गर्ने चेतावनी दिएपछि पनि मातृकाले राजीनामा नदिएपछि कांग्रेस विभाजन भयो। ०१० मा मातृकाले कांग्रेस विभाजन गरेर राष्ट्रिय प्रजा पार्टी गठन गरेका थिए। मातृकालाई पार्टी नीतिविपरीत राजासँग घाँटी जोडेको आरोप लगाएर बिपी कोइरालाले तीन वर्षका लागि पार्टीबाट निष्कासन गरेपछि मातृकाले भेला बोलाएर नयाँ पार्टी गठन गरेका थिए। ०१२ मा मातृका पनि कांग्रेसकै मिसिएका थिए।

०६२/६३ को दोस्रो जनआन्दोलनपछि महन्थ ठाकुर, विजयकुमार गच्छदार, जेपी गुप्ता, शरत्सिंह भण्डारीलगायत नेताले कांग्रेस परित्याग गरी मधेशकेन्द्रित दल गठन गरेका थिए। कांग्रेसको पछिल्लो विभाजनका रूपमा ०७२ मा कांग्रेस बिपी गठन भएको थियो। कांग्रेस बिपी गठन गर्ने हरिबोल भट्टराई कांग्रेसमै फर्किएका छन्। कांग्रेस बिपीको सभापति सुशीलमान शेरचन छन्।

■ 'कार्यकारी अधिकारमा फर्केर देउवाले गरे महाभूल'



पुरञ्जन आचार्य

कांग्रेसलाई नजिकबाट नियालिरहेका राजनीतिक विश्लेषक पुरञ्जन आचार्य देउवाले देश र कांग्रेस दुवै चलाउन नसकेको बताउँछन्। 'देउवाले देश पनि चलाउन सक्नुभएन, कांग्रेस पनि चलाउन सक्नुभएन। तर, कार्यकर्ताले विश्वास गरेर सभापतिमा दोहोऱ्याइदिए। संसदीय दलले पनि विश्वास गऱ्यो,' उनले भने, 'पीडा र इतिहासले सिकाउनुपर्ने हो। जिम्मेवार पनि बनाउनुपर्ने हो। तर, कार्यवाहक दिएर हिँडेपछि फेरि कार्यकारी अधिकारमा फर्केर देउवाले महाभूल गरे। देउवाको अनुपस्थितिमा केन्द्रीय कार्यसमितिले पनि केही गर्न सकेन। वेलैमा महाधिवेशन मिति तोकेको भए देउवा फेरि फर्किने स्थिति हुँदैन थियो। कार्यसमिति पनि त्यसमा दोषी छ।'

दुवै पक्षको हठका कारण विभाजनको स्थिति आएको उनको दाबी छ। 'यो विभाजन र फुटमा एक पक्षको मात्र दोष छैन। दुवैको हठका कारण र स्वार्थका कारण यो अवस्था आएको छ। पद, व्यक्तिगत महत्त्वाकांक्षाले पनि भूमिका खेलेको देखिन्छ। अति आत्मविश्वास, तर सैद्धान्तिक शून्यको स्थिति भयो।' विशेष महाधिवेशनले कांग्रेसमा ऊर्जा थपे पनि त्यसको सही व्यवस्थापन हुन नसक्दा अप्ठेरो स्थितिमा कांग्रेसको पुगेको उनको तर्क छ। अर्का विश्लेषक लोकेश ढकाल देउवाका कारण अहिलेको स्थिति आएको दाबी गर्छन्। '०५९ र ०८२ को दुवै विभाजनको कारक देउवा हुन्। देउवाकै हात छ, यो दिन आउनुमा। देउवाको नेतृत्व असफल साबित भयो। निकम्मा सभापतिका रूपमा नाम दर्ज भयो,' उनले भने।

■ विद्यार्थी ठगी प्रकरण

सिआइबीले ब्रिटिस कलेजमाथि थाल्यो अनुसन्धान

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ब्रिटिस कलेजमाथि अनुसन्धान अघि बढाएको छ। इन्टर्नसिपका नाममा विद्यार्थी ठगी गरेको तथ्य बाहिर आएपछि सिआइबीले कलेजमाथि अनुसन्धान थालेको हो। शिक्षा मन्त्रालयले गत आइतबार यस विषयमा थप अनुसन्धानका लागि सिआइबीलाई पत्राचार गरेको थियो।

सिआइबी प्रवक्ता शिवकुमार श्रेष्ठले शिक्षा मन्त्रालयबाट पत्र प्राप्त भएपछि प्रारम्भिक अनुसन्धान थालिएको जानकारी दिए। 'मन्त्रालयले आफूले गरेको अनुसन्धान कपीसहित पत्र पठाएको छ, विद्यार्थीलाई ठगी गरेको भन्ने विषय उल्लेख छन्, हामीले पनि थप अनुसन्धान अघि बढाएका छौं,' उनले भने, 'अनुसन्धान टोलीले कलेजमाथि अनुसन्धान अघि बढाइसकेको छ।' उनले पीडित विद्यार्थीबाट उजुरी भने नआएको बताए।

शिक्षा मन्त्रालयले कलेजमाथि थप छानबिन र अनुसन्धान आवश्यक देखिएको भन्दै सिआइबीलाई आफूले गरेको छानबिनको कपीसहित पत्राचार गरेको थियो। मन्त्रालयको टोलीले अध्ययन गर्दा कलेजको गल्ती देखिएको छ। मन्त्रालयले अनुसन्धानका क्रममा अस्तव्यस्त रूपमा शैक्षिक क्रियाकलाप सञ्चालन गरेको, अनुमति नलिएका कार्यक्रम सञ्चालन गरेको, विद्यार्थीबाट चर्को शुल्क असुलेको, कर नतिरेको, इन्टर्नसिपमा ठगी गरेको, विद्यार्थीमाथि धम्की दिएकोलगायत भेटिएको छ।

● **शिवकुमार श्रेष्ठ**, प्रवक्ता, सिआइबी

शिक्षा मन्त्रालयबाट पत्र प्राप्त भएपछि प्रारम्भिक अनुसन्धान सुरु भएको छ। मन्त्रालयले आफूले गरेको अनुसन्धान कपीसहित पत्र पठाएको छ, विद्यार्थीलाई ठगी गरेको भन्ने विषय उल्लेख छन्। हामीले पनि थप अनुसन्धान अघि बढाएका छौं।

कलेज भवनसमेत ट्रेड सेन्टरमा सञ्चालन भएको, शैक्षिकभन्दा पनि व्यापारिक नाफाका लागि कलेज सञ्चालन गरेको पाइएपछि थप कारबाही र अनुसन्धानको आवश्यकता देखिएकाले मन्त्रालयले सिआइबीलाई पत्राचार गरेको हो। 'कलेजले भद्रगोल तरिकाले शैक्षिक गतिविधि चलाएको रहेछ, अब कारबाही गर्न मन्त्रालयले मात्रै नसक्ने भएकाले सिआइबीलाई पत्र काटेका हौं, त्यसपछि सिआइबीले के-के गरिरहेको छ थाहा छैन,' शिक्षामन्त्री महावीर पुनले भने, 'पत्रबारे उताबाट प्रतिक्रिया आएको पनि छैन, सचिवज्यूहरूसँग कुराकानी गर्दा यो विषय जटिल देखिएकाले सिआइबीको साथ खोजेका हौं, मन्त्रालय तवरबाट छानबिन गर्दा कलेजको बदमासी देखिएको छ।'

कलेजले इन्टर्नसिपमा दुबई पठाएर झुक्याएपछि विद्यार्थीहरू एक महिनादेखि शिक्षा मन्त्रालय धाउन थालेका थिए। मन्त्रालयले कलेज र विद्यार्थीसँग त्यससँग सम्बन्धित कागजात माग गरेर छानबिन गर्दा कलेजकै गल्ती देखिएको छ। कलेजले होटेल म्यानेजमेन्टका १९ विद्यार्थीलाई २३ भदौमा दुबई पठाएर अलपत्र पारेको थियो। त्यसपछि शिक्षा मन्त्रालयमा पुगेर पीडित विद्यार्थीले उजुरी दिएका थिए। तर, कतिपय विद्यार्थीले भने कलेजसँग बार्गेनिङ गर्न थालेको, पीडित विद्यार्थीलाई कलेज प्रशासनसँग मिलेर फकाउने गरेको पाइएपछि शिक्षा मन्त्रालयले शुक्रबार बैठक राखेर त्यस्तो नगर्न निर्देशन दिएको थियो।

एसबिआई बैंक लुटपाटमा संलग्न ६ जना पक्राउ

४२ लाखभन्दा बढी रकम अझै अज्ञात

सिन्धुलीमा **विदुर पौडेल**

सिन्धुलीको घ्याङ्लेकमा एसबिआई बैंक शाखा लुटपाट गरेको आरोपमा ६ जना पक्राउ परेका छन्। पक्राउ परेकामध्ये चालक र घरबेटीबाहेक अन्यको विवरण प्रहरीले सार्वजनिक गर्न चाहेको छैन। विवरण सार्वजनिक गर्दा थप अनुसन्धानमा प्रभावित हुने भएकाले बिहीबारसम्म सार्वजनिक गर्ने प्रहरी उपरीक्षक लालध्वज सुवेदीले बताए।

सिन्धुलीको घ्याङ्लेक गाउँपालिका- २ बस्तीपुरमा रहेको नेपाल एसबिआई बैंकमा मंगलबार साँझ साढे ७ बजे सात-आठजनाको समूहले स्वचालित हतियारसमेत देखाई लुटपाट गरेको थियो। लुटपाटमा संलग्न पाँचसहित प्रहरीले बैंक रहेको घरका घरबेटीलाई समेत नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक सुवेदीले बताए। प्रहरीले स्थानीयवासीको सहयोगमा बैंकबाट लुटिएको दुई करोड ६८ लाख ५५ हजार १७५ रुपैयाँ बरामद गरेको छ। बोरा, झोलादेखि माटोमा पुरिएको अवस्थामा रकम फेला परेको उनले बताए। लुटेराले बैंकबाट करिब तीन करोड १० लाख ९५ हजार २८३ रुपैयाँ लुटपाट गरेको सुवेदीले बताए। लुटिएको ४२ लाख ४० हजार १०८ रुपैयाँको अवस्था अझै पत्ता लाग्न सकेको छैन। मंगलबार राति स्थानीयको सहयोगमा प्रहरीले लुटेराहरूले बनेपाबाट रिजर्भ गरी प्रयोग गरेको बिएडी ०३९८ नम्बरको टाटा सुमो र गाडीचालक भगतसिंह थापालाई घ्याङ्लेक गाउँपालिका- १ टुनीभञ्ज्याङबाट बुधबार बिहान नियन्त्रणमा लिएको थियो।

लुटपाटमा संलग्न रहेको आशंकामा प्रहरीले बैंक रहेको घरधनी छविलाल स्याङ्तानलाई महोत्तरीबाट नियन्त्रणमा लिएको छ। स्याङ्तानको पनि लुटपाटमा संलग्नता भएको हुन सक्ने प्रहरीको आशंका छ।

नेकपामा समाहित भए सुमन सायमी

नयाँ पत्रिका



सुमन सायमीको नेतृत्वमा राष्ट्रिय मुक्ति पार्टी नेपाल (एकता पक्षधर) नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएको छ। राष्ट्रिय सभागृहमा बुधबार आयोजित कार्यक्रममा सायमीसहितका नेता तथा कार्यकर्ता नेकपामा समाहित भएका हुन्। उनीहरूलाई नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाललगायतले स्वागत गरे। एकता सहमतिपत्रमा प्रचण्ड र नेपालसहित सायमीले हस्ताक्षर गरेका छन्।

नेपालको विद्यमान राजनीतिक, सामाजिक तथा आर्थिक परिस्थितिले उत्पन्न गरेको गम्भीर जनजीविका संकट, संरचनागत अन्याय, गैरन्यायिक रूपमा लागू गरिएका सडक तथा खोला मापदण्डका कारण भएको व्यापक विस्थापन, सहकारी क्षेत्रमा व्याप्त संगठित भ्रष्टाचार तथा त्यसबाट पीडित आमनागरिकका मौलिक अधिकार हननप्रति चिन्तित र सचेत रहेको सहमतिमा उल्लेख छ।

यस्तै, गैरन्यायिक सडक तथा खोला मापदण्डपीडित संघर्ष समिति, सहकारीपीडित संघर्ष समिति, पहिचान पक्षधर आन्दोलन, गुठी आन्दोलनलगायत न्याय, अधिकार र पहिचानका पक्षमा उठेका जनआन्दोलनको मर्म, भावना र मागलाई आत्मसात् गर्दै, ती आन्दोलनसँग ऐक्यबद्धता र राजनीतिक एकतामार्फत समाधान खोज्ने समझदारी भएको छ। जनताको न्याय, अधिकार, स्वाधीनता, पहिचान र सामाजिक रूपान्तरणका साझा उद्देश्यलाई केन्द्रमा राखी, सडक, संसद् र सरकार तीनै तहबाट संयुक्त संघर्ष सञ्चालन गर्ने, पीडित वर्ग र समुदायको हक अधिकार सुनिश्चित गर्ने तथा लोकतान्त्रिक, समावेशी, समतामूलक र न्यायपूर्ण सामाजिक व्यवस्था स्थापना गर्ने ऐतिहासिक जिम्मेवारी स्वीकार गर्दै देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको रक्षा गर्दै पहिचानसहितको संघीय समाजवादी गणतन्त्रलाई संस्थागत गर्ने साझा संकल्प दुवै पक्षले गरेको छ।

शासकीय स्वरूप र निर्वाचन प्रणालीमा जनमुखी सुधार गर्न आवश्यकताअनुसार संविधान संशोधन गर्ने, राज्यका सबै अंगमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व अनिवार्य रूपमा कार्यान्वयन गर्ने, राष्ट्रिय हितअनुकूल रहेका नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौतालाई नेपालको कानुनसरह कार्यान्वयनमा ल्याउने, स्वशासन, स्वायत्तता र नेपाली जनताको आत्मनिर्णयको अधिकार सुनिश्चित गर्न प्रतिबद्ध रहने, नागरिकको जनजीविकाका समस्या समाधान गर्न सामुदायिक समाजवादी अर्थतन्त्रको सिद्धान्त अवलम्बन गर्ने, संवैधानिक तथा राज्यका निकायहरूमा नियुक्ति गर्दा विज्ञता, क्षमता, अनुभव र समावेशितालाई मुख्य आधार बनाउने सहमति भएको छ।

प्रदेश गौरवका ३२ आयोजना कार्यान्वयनमा लैजाने निर्णय

मकवानपुर/ बागमती प्रदेश सरकारले ३२ वटा प्रदेश गौरवका आयोजना छनोट गरी कार्यान्वयनमा लैजाने निर्णय गरेको छ। बुधबार साँझ बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले विभिन्न मन्त्रालयबाट प्रस्तावित प्रदेश गौरवका तथा बहुवर्षीय आयोजना पारित गरेको हो। सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार प्रदेशका रणनीतिक, दीर्घकालीन र उच्च प्राथमिकताका ३२ आयोजनालाई 'प्रदेश गौरवका आयोजना'का रूपमा अघि बढाइनेछ। छनोट भएका आयोजनामध्ये भौतिक पूर्वाधार मन्त्रालयका १७, खानेपानी तथा सरसफाइ मन्त्रालयका नौ, पर्यटन मन्त्रालयका तीन र स्वास्थ्य मन्त्रालयका तीनवटा छन्।

मन्त्री तामाङका अनुसार हाल ती आयोजनाहरूको शीर्षक मात्र स्वीकृत गरिएको छ। बजेट व्यवस्थापनको हकमा भने आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको वित्तीय क्षमताको मूल्यांकन गरी आवश्यक व्यवस्था गर्नेछ। मन्त्रिपरिषद् बैठकले बहुवर्षीय आयोजनाको हकमा नामसहितको प्रस्ताव पारित गरी बजेट सिलिङ निर्धारणका लागि आर्थिक मामिला मन्त्रालयको सहमतिअनुसार अघि बढ्ने निर्णय पनि गरेको छ। यसले अघिल्ला वर्षदेखि सुरु भई अलपत्र परेका तथा निर्माणाधीन आयोजनालाई निरन्तरता दिन सहज हुने अपेक्षा गरिएको प्रवक्ता तामाङले बताए।

सुदूरपश्चिममा 'नरहरि' पर्व, थारू समुदायमा माघी

सुदूरका पहाडी जिल्लामा माघे संक्रान्तिमा कौवालाई खुवाइन्छ झुनमुने

बैतडीमा **लोकेश साउद**

१ माघ बिहानीको झिसमिसेमै हरेक घरमा बच्चाहरू कराउन थाल्छन्। कोही झ्यालबाट टाउको बाहिर निकालेर, कोही आँगनमै आएर त कोही घरको छतमा चढेर। सबैको एकै स्वर र उस्तै लय हुने गर्दछ, 'का कौवा का झुनमुने खा, आ कौवा आ झुनमुने खा।'

सुदूरपश्चिम पहाडमा १ माघमा मनाइने 'नरहरि' पर्वमा कागलाई झुनमुने खुवाउने चलन छ। पुस मसान्तमा पकाइएको पहिलो झुनमुने (विशेष रोटी) माघे संक्रान्तिको बिहानै कागलाई खुवाइन्छ। स्थानीय रैथाने रोटीका रूपमा रहेको झुनमुने रोटी कागलाई खुवाउन बिहानीको झिसमिसेमै बालबालिकाले 'का कौवा का...' भन्दै काग बोलाउँछन्। पुसलाई पापी महिना र माघलाई धर्मी महिना भन्दै धर्मी महिनाको पहिलो पाहुना कागलाई विशेष रोटी झुनमुने खुवाएर स्वागत गर्ने मौलिक परम्परा भएको जानकारहरू बताउँछन्। कागले झुनमुने टिपेर नलग्दासम्म प्रायः बोलाइरहने चलन रोचक छ।



व्यासाचार्य खेमराज ओझाका अनुसार पुस मसान्तको साँझदेखि माघको पहिलो दिनको साँझसम्मको अवधिलाई नरहरि भनेर परिभाषित गरिएको छ। माघको चिसोमा बिहानै नजिकको तीर्थ वा कुवा, पँधेरामा नुहाउने चलन छ। त्यसपछि गरिने विभिन्न कार्यहरू धार्मिक चलनसँग जोडिएको पाइन्छ। नरहरि शब्दले पनि यही कुराको संकेत गरेको प्राध्यापक वासुदेव पाण्डेय बताउँछन्। 'माघको चिसोमा बिहानै नुहाएर नर (मानिस) नै हरि (देउता)सरह हुने भएकाले यो पर्वलाई नरहरि भनिएको हो,' उनले भने, 'चिसो याममा नुहाउन सहज नहुँदा नुहाएर मानिस पनि पवित्र हुने भएर नरहरि भनिएको हुनुपर्छ।' यसको शास्त्रीय वा धार्मिक मान्यता फरक हुन सक्ने उनले बताए। यो पर्वमा घरबाहिर रहेका परिवारका सदस्यहरू सकेसम्म घरमा आउँछन् भने कर्मघर गएका चेलीहरू माइतीघर आउने गर्दछन्। उनीहरूलाई नयाँ लुगा दिने, दक्षिणा दिने र नरहरिको दिन माइतीघरमा रमाइलो गर्ने गरिन्छ।

झुनमुने यहाँको मौलिक परिकार हो। यो प्रायः नरहरिमा मात्र पकाउने चलन छ। पुस मसान्तमा स्थानीय खेत, जंगलबाट तरुल खनेर ल्याउँछन्। वन तरुललाई पिसेर चामलको पिठोसँग मिसाइन्छ। त्यसपछि तावामा घिउसँग झुनमुने रोटी पकाइन्छ। सुरुमा पाकेको झुनमुने कागलाई छुट्याएर बाँकी परिवारका सदस्यले खाने गर्दछन्। झुनमुनेसँगै तलेमाणासमेत पकाइन्छ। तलेमाणा झुनमुनेकै विकसित रूप हो। झुनमुने पातलो र छिद्रछिद्र भएको हुन्छ भने तलेमाणा विभिन्न पत्रपत्र मिलेर बन्ने मोटो रोटी हो। पुस मसान्तमा झुनमुनेलगायत मिठोमसिनो खानेकुरा खने र भोलिपल्ट पनि विभिन्न नियमका साथ नरहरिलाई रमाइलो पर्वका रूपमा मनाइने चलन रहेको व्यासाचार्य ओझाले आफ्नो पुस्तक ऐतिहासिक सुदूरपश्चिमेली समाज नामक पुस्तकमा समेत उल्लेख गरेका छन्।

नरहरिको दिन (१ माघमा) कुनै पनि घरायसी काम नगर्ने चलन छ। यो दिन कुनै काम गर्दा खैरो लाग्छ भनेर भनिन्छ। नरहरि पर्व सुदूरपश्चिम पहाडको मौलिक पर्व भए पनि पहाडबाट तराईका जिल्लाहरूमा बसाइँसराइले गर्दा लोप हुँदै गएको छ। बैतडीबाट कैलाली बसाइँ सरेर गएका हेमराज जोशीको बुझाइमा पनि मानिसहरू तराई झरेसँगै नरहरिको मौलिकता नासिँदै गएको छ। 'पहाडमा धुमधामका साथ नरहरि मनाइन्थ्यो, काग बोलाउँथे। यता त काग पनि आउँदैनन्, नरहरिको असली मान्यता पनि हराउँदै गएको छ,' जोशीले भने।

आज नयाँ वर्ष २६४९ मनाउँदै थारू समुदाय

बाँकेमा विश्वराज **पछ्लडङ्गया**

थारू समुदायले १ माघलाई नयाँ वर्षका रूपमा मनाउँदै छन्। विभिन्न धार्मिक एवं सांस्कृतिक कार्यक्रम गरी तीन दिनसम्म माघे संक्रान्ति मनाउने प्रचलन छ। गत वर्षको समीक्षा र आगामी वर्षको योजना बनाउने भएकाले थारू समुदायले माघे संक्रान्तिलाई नयाँ वर्षका रूपमा लिने गरेका हुन्। यो जातिले यस वर्ष थारू संवत् २६४९ का रूपमा मनाउँदै छन्। माघे संक्रान्तिलाई स्वतन्त्रता पर्वका रूपमा समेत लिइन्छ।

पश्चिम तराईमा कमैया मुक्ति हुनुभन्दा पहिले कमैया बस्ने-नबस्ने निर्णय पनि माघे संक्रान्तिमा हुने गर्दथ्यो। अधिया खेत जोत्नेलाई खेतबारी दिने या नदिने निर्क्योल पनि माघे संक्रान्तिका अवसरमा हुने गर्छ। त्यसैले माघे संक्रान्तिलाई सामाजिक सद्भाव, मेलमिलाप, स्वतन्त्रता र सांस्कृतिक पर्वका रूपमा लिइन्छ।

माघे संक्रान्तिको मुख्य परिकार चामलको ढिक्री, अनदी चामलको रोटी, जाँड, रक्सी र मासु हो। सखरखण्ड, घुइँया, तरुल पनि उसिनेर खाने परम्परागत चलन थारू जातिमा अहिले पनि विद्यमान छ। थारू समुदायमा १ माघबाट मघौटा नाच सुरु हुन्छ। दिनभर घर र गाउँका छिमेकीको घरमा माघी मनाएका युवायुवती बेलुकीपख गाउँका मटावाको घरमा भेला भएर नाच सुरु गर्छन्। नाच्ने युवायुवतीले मघौटा नाचमा रुपैयाँ-पैसा लुट्ने र लुटाउने प्रचलन छ। माघे संक्रान्तिको दिन थारू जातिले वर्ष दिनभर आफूले भोगेको दुःख-सुखलाई गीतमार्फत प्रस्तुत गर्छन्।

२ माघलाई थारू जाति खोज्नीबोझ्नीको दिन पनि भन्दछन्। माघी डेवानीको दिन सपरिवार बसेर घरढुंग्या (घरको मुली)सँग घरको आम्दानी र खर्चको विवरण माग्दछन्। त्यसैगरी गाउँलेले गाउँको अगुवा (मटावा/बरघर)सँग वर्ष दिनको आम्दानी तथा खर्चको हिसाबकिताब माग्दछन्। यही दिन परिवारका सदस्यले सल्लाह गरी आउने दिनको योजना बनाउँदै आएका छन्। त्यसैले यो दिनलाई थारू जातिले खोज्नीबोझ्नीको दिनका रूपमा मनाउने गर्छन्।

सपरिवार बसेर वर्षदिनमा भएका राम्रो-नराम्रो कामको समीक्षा गर्ने र आगामी दिनको योजना बनाउने भएकाले घरबाहिर रहेका परिवारका सदस्य पनि घरमा आएर छलफलमा सहभागी हुने गर्दछन्। अंशबन्डा, घर छुट्टिने, विवाह गर्ने, घर बनाउने, जमिन खरिद-बिक्री गर्ने, घरको मूली चयन गर्ने पनि यही माघी डेवानीको दिन नै गरिन्छ। यस्तै, अधिया खेत जोत्नेले पनि माघी डेवानीकै दिन जग्गाधनीको घरमा गएर जोत्नका लागि खेतबारी माग्ने पम्परा अहिले पनि विद्यमान छ। यसै दिन जोताहा किसान र जग्गाधनीबिच के-के सर्तमा खेतबारी खनजोत गर्ने सहमति हुन्छ।

कमैया मुक्ति हुनुभन्दा पहिले माघी डेवानीकै दिन कमैया बस्ने र नबस्ने, वार्षिक कति हजार रुपैयाँ ज्याला लिने, सौंकी कसले तिर्ने ? लगायतका छलफल भई निर्क्योल हुने गर्दथ्यो। कमलरी मुक्ति हुनुभन्दा पहिले कमलरी बस्ने आमाबाबु र मालिकबिच पारिश्रमिक लिने-दिने निर्णय पनि यही दिननै हुने गर्दथ्यो। गाउँको अगुवा अर्थात् मटावा (बरघर) पनि माघे संक्रान्तिको अवसरमा नै गर्ने प्रचलन छ। सपरिवार बसेर योजना बनाइसकेपछि गाउँको योजना बनाउने गरिन्छ।

विद्यालय शिक्षा असफल हुँदाका परिणाम

जबसम्म विद्यालयले सचेत, जिम्मेवार र विवेकशील नागरिक उत्पादन गर्न सक्दैन, तबसम्म राज्य कागजमा मात्र बाँच्छ र व्यवहारमा जलिरहन्छ



● धर्मराज तिमिल्सिना

अग्रलेख

जलिरहेको देश र मौन शिक्षा प्रणाली : आज हामी यस्तो समयको साक्षी बनेका छौं, जहाँ देश जलिरहेको छ, राष्ट्रिय सम्पत्ति लुटपाट भएको छ, सार्वजनिक संरचना तोडफोड भएका छन् र त्यो पनि राष्ट्रिय झन्डा ओढेर, देशको नाम लिएर । यो दृश्य केवल अराजक भिडको उत्पात मात्र होइन । यो हाम्रो शिक्षा प्रणालीको सामूहिक असफलताको सार्वजनिक प्रदर्शन हो । नागरिक युवाबाट भएको यस्ता गतिविधिले एउटा गम्भीर प्रश्न उठाउँछ । के यी युवाले संविधान चिने ? के उनीहरूले नागरिक कर्तव्य बुझे ? के उनीहरूमा राष्ट्रप्रेमको चेतना विकास भयो ? उत्तर दुःखद छ, भएन । यसको अर्थ यो होइन कि विद्यार्थी विद्यालय गएनन् । डेटा हेर्दा उनीहरू विद्यालय गए, परीक्षा दिए, उत्तीर्ण पनि भए, सर्टिफिकेट लिए । तर, वास्तविकता के हो भने शिक्षाले दिने भनिएको तहगत सक्षमता प्राप्त भएन ।

सर्टिफिकेट छ, सक्षमता छैन : सर्टिफिकेट छ, सक्षमता छैन । यो आजको शिक्षाको सबैभन्दा ठुलो विडम्बना हो । राष्ट्रिय परीक्षा बोर्डले हरेक वर्ष ७०-८० प्रतिशत उत्तीर्णदर सार्वजनिक गर्दा कागजमा शिक्षा सफल देखिन्छ । तर, जब समाज सडकमा उत्रिन्छ, राष्ट्र संकटमा पर्छ र सार्वजनिक सम्पत्तिमाथि आक्रमण हुन्छ, तब ती तथ्यांक खोक्रा साबित हुन्छन् । कारण स्पष्ट छ, शिक्षालाई हामीले पढ्न लेख्न, प्रश्न हल गर्न र नम्बर ल्याउनमा सीमित गर्‍यौं । तर, नागरिक चेतना, संविधानप्रतिको सम्मान र विवेकमा आधारित राष्ट्रप्रेम विकास गर्न सकेनौं । आजका विद्यार्थीले कुनै एक व्यक्तिप्रति भावनात्मक समर्थन वा आक्रोश देखाउन त सिके, तर लाखौं पुर्खाले दिएको बलिदान, श्रम, समय र जवानीबाट बनेको राज्यको मूल्य बुझ्न सकेनन् । यसैले समस्या उत्तीर्णदरको होइन, तहगत सक्षमता र नागरिक बोध नाप्न नसक्ने शिक्षा प्रणालीको हो । जहाँ कागजी सफलताले वास्तविक असफलतालाई ढाकिरहेको छ ।

विद्यालय शिक्षा किन असफल भयो ? : विद्यालय शिक्षा असफल हुनु आकस्मिक होइन, संरचनागत त्रुटिको परिणाम हो ।

● कतिपय निजी विद्यालय शिक्षाको केन्द्र होइन, नाफामुखी कम्पनीमा रूपान्तरण भए । उत्तीर्णदर देखाएर भर्ना बढाइयो, आन्तरिक मूल्यांकनमा अन्धाधुन्ध नम्बर बाँडियो र टपर उत्पादनको होड चलाइयो । तर, नागरिक मूल्य, नैतिकता र राष्ट्रबोध मार्कसिटमा नदेखिने भएकाले क्रमशः ओझेल परे ।

● शिक्षकको विषयकेन्द्रित संकुचित दृष्टिले सिकाइलाई पाठ्यक्रमको उद्देश्यबाट हटाएर परीक्षा प्रश्नसम्म सीमित गर्‍यो । मेरो विषय पास भए पुग्यो भन्ने सोचले समग्र नागरिक निर्माण होइन, संकीर्ण सफलता मात्र जन्मायो ।

● पाठ्यक्रम कागजमा उत्कृष्ट भए पनि कक्षामा मृत बन्यो । नागरिक शिक्षा, सामाजिक अध्ययन र जीवनोपयोगी सीपका उद्देश्य कक्षाकोठामा रूपान्तरण भएनन्, मूल्यांकनले मापन गरेन, तालिमले आत्मसात् गराउन सकेन । यस्ता विभिन्न कारणको परिणामले पाठ्यक्रम अभ्यास होइन, घोषणापत्रमा सीमित रह्यो र विद्यालयले सक्षमता होइन, केवल सर्टिफिकेट उत्पादन गर्न थाल्यो ।

संविधान, कानुन र नागरिक कर्तव्य : संविधान, कानुन र नागरिक कर्तव्य हाम्रो पढाइमा रहेका तर व्यवहारमा हराएका विषय बनेका छन् । आज सडकमा तोडफोड गर्ने युवालाई सार्वजनिक सम्पत्ति के हो, त्यसको संरक्षण कसको दायित्व हो र संविधानले विरोधलाई कुन सीमाभित्र राख्छ भनेर सोध्दा स्पष्ट उत्तर नआउनु नै विद्यालय शिक्षा तथा नागरिक शिक्षा असफल भएको प्रमाण हो । विद्यालयमा संविधान दिवस मनाइयो, धाराहरू कण्ठ गराइयो, तर संविधानको आत्मा कानुनको सम्मान, अधिकारसँगै कर्तव्यको बोध र असहमतिको सभ्य अभ्यास विद्यार्थीको सोच र व्यवहारमा रूपान्तरण हुन सकेन । परिणामतः विरोध अधिकार रह्यो तर जिम्मेवारी हरायो, आवाज उठाउने साहस त सिकाइयो, तर सीमाभित्र बस्ने विवेक सिकाइएन । यही दूरीले आज नागरिक चेतनालाई कमजोर बनाएको छ र संविधानलाई कागजमा सीमित गरिदिएको छ ।

सामाजिक सञ्जाल, भ्रम र अराजकता : सामाजिक सञ्जाल, भ्रम र अराजकता आजको पुस्ताका लागि शिक्षाको अर्को कठोर परीक्षा बनेको छ । फेसबुक, टिकटक र युट्युबले निर्देशित वर्तमान पुस्ताले धेरैजसो अफवाहलाई तथ्य र घृणालाई विचार ठान्न थालेको देखिन्छ । जसले सोचभन्दा प्रतिक्रिया र विवेकभन्दा आवेगलाई बढावा दिएको छ । यदि विद्यालय शिक्षाले आलोचनात्मक सोच, सूचना छान्ने क्षमता र असहमतिको सभ्य अभ्यास व्यवस्थित रूपमा सिकाएको भए, आज सामाजिक सञ्जाल आगोभैं भड्किने माध्यम होइन, सत्य बहस र ज्ञान फैलाउने प्रकाश बन्ने थियो । तर, त्यो नहुँदा डिजिटल प्लेटफर्म चेतनाको विस्तार होइन, भ्रम र अराजकताका कारखानाजस्ता बन्दै गएका छन् । जसको मूल कारण फेरि पनि कमजोर विद्यालय शिक्षा तथा नागरिक शिक्षा नै हो ।

शिक्षा असफल हुँदा देखिएका राष्ट्रिय परिणाम : शिक्षा असफल हुँदा त्यसको असर कक्षाकोठामा सीमित रहँदैन,



त्यसले राष्ट्रिय जीवनका सबै तहलाई छोइरहेको हुन्छ । यही कमजोर शिक्षा प्रणालीका कारण देशमा बेरोजगारी बढेको छ, युवा पुस्ता बिदेसिन बाध्य भएको छ, राजनीतिक चेतना सतही बनेको छ र अराजक आन्दोलन दोहोरिरहेका छन् । जब नागरिकले विवेक, सीप र जिम्मेवारीका साथ सोच्न र काम गर्न सिक्दैन, तब राज्यप्रति अविश्वास स्वाभाविक रूपमा गहिरिन्छ । यी सबै समस्या अलग-अलग देखिए पनि वास्तवमा एउटै मूलबाट उत्पन्न भएका हुन् । विद्यालयले सक्षम, सचेत र उत्तरदायी नागरिक उत्पादन गर्न नसक्नु । शिक्षा असफल हुँदा समाज अस्थिर हुन्छ र राष्ट्रको भविष्य दिशाहीन बन्छ ।

> विद्यालय शिक्षाले आलोचनात्मक सोच, सूचना छान्ने क्षमता र असहमतिको सभ्य अभ्यास व्यवस्थित रूपमा सिकाएको भए आज सामाजिक सञ्जाल आगोभैं भड्किने माध्यम होइन, सत्य बहस र ज्ञान फैलाउने प्रकाश बन्ने थियो

अब के गर्ने ? :

(क) शिक्षकका लागि : कक्षाकोठाबाट राष्ट्र निर्माण: शिक्षक आफूलाई केवल विषय पढाउने व्यक्ति होइन, राष्ट्र निर्माणको आधारशिला ठान्न आवश्यक छ । नागरिक मूल्य, संविधानको आत्मा र नैतिकताको बोध पाठ्यपुस्तकमा सीमित नराखी कक्षाकोठामा जीवन्त उदाहरण, संवाद र अभ्यासमार्फत सिकाइनुपर्छ । सामाजिक सञ्जालमा देखिने भ्रम, घृणा र समसामयिक घटनालाई सिकाइसँग जोडेर विद्यार्थीलाई सोच्न, प्रश्न गर्न र विवेकपूर्वक निष्कर्ष निकाल्न सक्षम बनाउनु आजको शिक्षकको मूल दायित्व हो ।

(ख) विद्यालयका लागि : उत्तीर्णदरबाट सक्षमतातर्फको रूपान्तरण : विद्यालयको सफलता उत्तीर्णदरले होइन, विद्यार्थीले हासिल गरेको तहगत सक्षमताले नापिनुपर्छ । बहस, संवाद, सामुदायिक सेवा र नागरिक सहभागितामूलक कार्यक्रममार्फत विद्यालयले विद्यार्थीलाई सक्रिय नागरिक बनाउने वातावरण सिर्जना गर्नुपर्छ । राष्ट्रिय सम्पदा, सार्वजनिक संरचना र संस्थाहरूसँग प्रत्यक्ष चिनजान गराउँदा राज्यप्रतिको अपनत्व र जिम्मेवारी स्वाभाविक रूपमा विकास हुन्छ ।

(ग) विद्यालय व्यवस्थापन समिति र अभिभावक : नम्बरभन्दा नागरिक चरित्र : विद्यालय व्यवस्थापन समिति र अभिभावकले बच्चाले कति नम्बर ल्यायो भन्दा पनि कस्तो व्यवहार देखाउँछ र कस्तो नागरिक बन्दै छ भन्ने प्रश्नलाई प्राथमिकता दिनुपर्छ । विद्यालयलाई नाफामुखी प्रतिस्पर्धाको दबाबबाट मुक्त गर्दै मूल्यकेन्द्रित शिक्षातर्फ उन्मुख गराउन उनीहरूको भूमिका निर्णायक हुन्छ । अभिभावक र विद्यालय सहकार्यविना शिक्षा सुधार सम्भव छैन ।

(घ) स्थानीय तह, गाउँपालिका र शिक्षा शाखा : नजिकको सरकार, प्रत्यक्ष प्रभाव : संघीय संरचनामा स्थानीय तह नै विद्यालय शिक्षाको प्रत्यक्ष जिम्मेवार निकाय हो । त्यसैले, अनुगमनमा भौतिक उपस्थितिभन्दा सिकाइको गुणस्तरलाई प्राथमिकता दिनु आवश्यक छ । स्थानीय इतिहास, संस्कृति र नागरिक शिक्षालाई पाठ्यक्रमसँग जोड्ने कार्यक्रम तथा विद्यार्थी सहभागितामूलक गतिविधि अनिवार्य गरिँदा शिक्षा जीवनसँग जोडिन्छ, केवल परीक्षाकेन्द्रित रहँदैन ।

(ङ) पाठ्यक्रम विकास केन्द्र : उद्देश्यदेखि अभ्याससम्म : पाठ्यक्रम विकास केन्द्रले तयार गर्ने उद्देश्य मूल्यांकन प्रणालीसँग बाध्यकारी रूपमा जोडिनुपर्छ । नागरिक सक्षमता, संविधानबोध र नैतिकता नाप्ने स्पष्ट सूचक विकास नगर्दासम्म ती लक्ष्य कागजमै सीमित रहन्छन् । बदलिँदो समाज, प्रविधि र राजनीतिक सामाजिक सन्दर्भअनुसार पाठ्यक्रम नियमित अद्यावधिक गर्नु समयको माग हो ।

(च) शिक्षक तालिम केन्द्र/शैक्षिक जनशक्ति विकास केन्द्र : व्यावहारिक दक्षता : शिक्षक तालिम सैद्धान्तिक भाषणमा सीमित नभई कक्षाकोठामा प्रयोग गर्न सकिने व्यावहारिक सीपमा केन्द्रित हुनुपर्छ । शिक्षकलाई नागरिक निर्माणको दायित्वबोध गराउने तालिमले मात्र शिक्षा प्रणालीमा गुणात्मक परिवर्तन ल्याउन सक्छ । सक्षम शिक्षकविना सक्षम नागरिक सम्भव हुँदैन ।

(छ) शिक्षक सेवा आयोग : योग्यतामा मूल्य र विवेक : शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्दा केवल विषयगत ज्ञान होइन, नैतिकता, संविधानबोध र नागरिक दृष्टिलाई पनि समान महत्त्व दिनुपर्छ । कक्षाकोठामा उभिने व्यक्ति शैक्षिक मात्र होइन, नैतिक र नागरिक दृष्टिले पनि सक्षम हुनु राष्ट्रको दीर्घकालीन हितमा हुन्छ ।

(ज) मन्त्रालय र विभाग : उत्तीर्णदर होइन, राष्ट्रिय लक्ष्य : शिक्षा मन्त्रालय र मातहतका विभागले उत्तीर्णदरलाई उपलब्धि ठान्ने परिपाटी त्याग्नुपर्छ । शिक्षा सुधार राजनीतिक भाषणको विषय होइन, राष्ट्रिय एजेन्डा बन्नुपर्छ । दीर्घकालीन योजना, परिणाममा आधारित मूल्यांकन र उत्तरदायित्वविना शिक्षा प्रणाली सुधारिँदैन ।

(झ) शैक्षिक सरोकारवाला व्यक्ति र बौद्धिक वर्ग : वैचारिक नेतृत्वको आवश्यकता : शैक्षिक सरोकारवाला र बौद्धिक वर्गले भिडको पछाडि लागेर होइन, सत्य र तथ्यको पक्षमा उभिनुपर्छ । शिक्षा सुधारलाई सतही बहसबाट माथि उठाएर गहिरो वैचारिक नेतृत्व दिने जिम्मेवारी उनीहरूको काँधमा छ । जब बौद्धिक वर्ग मौन बस्छ, शिक्षा झन् दिशाहीन बन्छ ।

निष्कर्ष : राष्ट्र बचाउने अन्तिम अस्त्र कक्षाकोठा नै हो । देश संकटमा पर्दा सैनिकले मात्र आगो निभाउन सक्दैन, प्रहरीले मात्र अराजकता रोक्न सक्दैन, कानुनले मात्र अनुशासन कायम गर्न सक्दैन । जबसम्म विद्यालयले सचेत, जिम्मेवार र विवेकशील नागरिक उत्पादन गर्न सक्दैन, तबसम्म राज्य कागजमा मात्र बाँच्छ र व्यवहारमा जलिरहन्छ । सर्टिफिकेटको उत्तीर्णदर देखाएर आत्मसन्तुष्टि लिँदा भोलि राष्ट्रिय झन्डा ओढेर देश जलाउने हात आजकै कक्षाकोठाबाट निस्कने खतरा बढ्छ । त्यसैले शिक्षा सुधार कुनै वैकल्पिक नीति होइन, राष्ट्रको अस्तित्व जोगाउने अन्तिम र अनिवार्य लडाइँ हो ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



राजनीतिक दलहरू किन फुट्छन् ?

जब कुनै दलमा आन्तरिक लोकतन्त्रको कमी हुन्छ, तब सम्बन्धित दल फुट्छ । दलपतिहरूले शक्ति बाँडफाँडमा पार्टीका अन्य पक्षलाई भेदभाव गर्न थालेपछि पनि दलहरूमा टुटफुट आउन सक्छ । पार्टीका स्रोतको बाँडफाँडमा हुने एकलौटी निर्णयले पनि दलहरूमा विवाद बढाउँछ र फुट हुन सक्छ । भूराजनीतिक कारण पनि दलको फुटमा जिम्मेवार हुन सक्छ । मुलुकको आन्तरिक सत्तासितको सम्बन्धले पनि दलको फुटमा मलजल गर्न सक्छ । दलीय संरचना समावेशी नहुँदा पनि दलहरूमा टुटफुट आउन सक्छ ।

नेपाली कांग्रेसको फुटलाई कसरी हेर्नुभएको छ ?

कांग्रेसको आन्तरिक जीवनमा विवाद र बहस जसरी बढ्दै थियो, त्यसले पार्टीभित्र कुनै न कुनै दुर्घटनाको संकेत गरिरहेको थियो । पछिल्ला दिनमा कांग्रेसले आफ्नो मध्यमार्गी चरित्रलाई छोडिरहेको थियो । वामपन्थीहरूसितको गठजोडसँगै पार्टीभित्र आन्तरिक ध्रुवीकरण तीव्र हुँदै थियो । यस्तो परिस्थितिमा कांग्रेस फुटको डिलमा पुगिसकेको थियो । कांग्रेस नेताहरूका निकट विगतका गतिविधिले फुट अवश्यंभावी देखिँदै थियो । अन्ततः त्यो परिदृश्य सार्वजनिक भइछाड्यो ।

यो फुटले नेपाली राजनीतिमा कस्तो प्रभाव पार्ला ?

जेन-जी आन्दोलनपछि पश्चगामी शक्तिहरू हौसिरहेका थिए भने राष्ट्रिय राजनीतिका शक्तिहरू आफैंमा छिन्नभिन्न भइरहेका थिए । नेपाली कांग्रेस राष्ट्रिय संरचना भएको शक्ति हो । उसमा आएको फुटका कारण राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय र चुनावी प्रतिस्पर्धा कमजोर हुने देखिन्छ । यसले आगामी संसद्को गणित र भावी सरकारको स्वरूपमा समेत प्रभाव पर्न सक्छ । कांग्रेसको फुट उसको आन्तरिक मामिला या राजनीतिमा मात्र सीमित नरही यसले अन्य पार्टीबिचको सम्बन्ध या एक-अर्का दललाई हेर्ने दृष्टिकोणमै समेत प्रभाव पार्न सक्छ ।

प्रेरक प्रसंग

राजाको उत्तराधिकारी छनोट

धेरैअघि एक वृद्ध राजा निःसन्तान थिए । उनलाई आफ्नो शेषपछि योग्य उत्तराधिकारीको चिन्ताले सताउन थाल्यो । चिन्तैचिन्ताबिच उनले सुयोग्य उत्तराधिकारी खोजी गर्न एउटा जुक्ति सोचे । अमूक गतेका साँझ ६ बजेभित्र जो व्यक्ति मलाई भेट्न सफल हुनेछ, म उसलाई राज्यको एक हिस्सा दिनेछु भनेर राजाले झ्याली पिटाए ।

राजाको निर्णयबाट दरबारभित्रै हल्लीखल्ली मच्चियो । प्रधानमन्त्रीदेखि धेरै मन्त्री असन्तुष्ट भए । प्रधानमन्त्रीले त मुखै फोरेर राजासित भने- महाराज, हजुरसित भेट्न त धेरै मानिस आउनेछन् । ती सबैलाई आफ्नो घोषणाअनुसार उसको भाग दिँदै जानुभयो भने त यो राज्य दुक्राटुक्रा हुनेछ । यो घोर अव्यावहारिक कदम साबित हुनेछ । त्यसैले, यो निर्णय फिर्ता लिनुहोस् । राजाले प्रधानमन्त्रीलाई आश्वस्त गराउँदै भने- तपाईं चिन्ता नगर्नुहोस् । हेर्दै जानुहोस् के-के हुनेछ !



तोकिएको दिनमा तोकिएको समयभित्र सबै राजालाई भेट्न तोकिएको समयअगावै राजमहलमा उपस्थित भए । राजमहलबाहिरको बर्गैचामा एक विशाल मेला र भव्य भोज आयोजना गरिएको थियो । मेलामा नाचगान र सुरा, सुन्दरीको विशेष व्यवस्था थियो । अत्यन्त स्वादिष्ट परिकारका साथमा कैयौं खेलको पनि व्यवस्था गरिएको थियो । राजासित भेटघाटका लागि आएका मानिस नाचगान र खानपानमा रोकिए । कैयौं त सुरा, सुन्दरी र कैयौं अनौठा खेलमा भुले । उनीहरू स्वादिष्ट खाना र होहल्लामा रमाउन थाले । समय क्रमशः घर्किंदै गयो ।

यस भिडमा एक यस्ता व्यक्ति पनि उपस्थित थिए, जसले मेला, भोज र त्यहाँको रमझमतिर हेर्दा पनि हेरेनन् । उनको ध्येय निश्चित थियो, तोकिएको समयसम्म जसरी भए पनि राजालाई भेटिछाड्छु । त्यसैले, उनी बर्गैचा पार गरेर दरबारको मूलढोकामा पुगे । ढोकामा नांगा तरबार लिएका दुई चौकीदार उभिएका थिए । उनीहरूले तिनलाई रोके । तर, उनी चौकीदारलाई धक्का दिएर दौडँदै भित्र पसे, जहाँ उनले तोकिएको समयभित्रै राजालाई भेटे ।

राजाले भने– मेरो राज्यमा कमसेकम एकजना यस्तो व्यक्ति पनि भेटियो, जसलाई कुनै पनि प्रलोभनले छुन सकेन । यथार्थमा सफल त्यही हुन्छ, जसले लक्ष्य निर्धारण गर्छ, त्यसमाथि अडिग रहन्छ र आउने हरेक कठिनाइको डटेर सामना गर्छ । त्यसैले, म तिमीलाई आधा राज्य होइन, पूरै राजपाट दिनेछु । तिमी नै मेरा उत्तराधिकारी बन्नेछौ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेसले जे गर्‍यो, गलत गर्‍यो

कांग्रेस संस्थापन समूहले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मुल्ला मन्सुरलाई कारबाही गरेर ठुलो गल्ती गरेको छ । यो कारबाहीसँगै उसले देशभरिबाट आएका झन्डै ६० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिको भावना कुल्चेको छ । यतिखेर निर्वाचन नजिकिँदै गरेको समयमा यसरी पार्टी फुटाउने संस्थापन पक्षले निकट निर्वाचनमै त्यसको फल अवश्यै भोग्नेछ । अब यो कारबाहीसँगै उसले पक्कै पनि एमाले, माओवादीलगायत दलसित गठबन्धन गर्ने होला । जनता उसै पनि कांग्रेसदेखि रिसाएकै छन्, झन् यो गठबन्धनपछि अब जनताले देशमा राष्ट्रिय स्वतन्त्र पार्टीबाहेक अर्को दल देख्नेछैनन् । अबको निर्वाचनपछि रास्वपाको बहुमतलाई कसैले छेक्न नसक्ने भए । नेपालको इतिहासको प्रजापरिषद् बन्ने बाटोमा लगोकामा बधाई छ कांग्रेस संस्थापन पक्षलाई ।

● **गरिमा सिलवाल**, सामाखुसी, काठमाडौं

महाधिवेशनभन्दा ठुलो केन्द्रीय कार्यसमिति होइन । विशेष महाधिवेशनबाट आएको कार्यसमितिले भोलि शेरबहादुरहरूको वैधानिकता समाप्त भएको पत्र लिएर निर्वाचन आयोग जान्छ र नेपाली कांग्रेस पार्टीको वैधानिक मान्यता पाउँछ । अनि, यिनीहरूको रमिता हेर्न मजा आउँछ ।

● **रमेश भट्टराई**

गगन र विश्व विचार हो । तमाम नेपाली र सिंगो कांग्रेसको आशा र भरोसा हो । विचार कहिल्यै मर्दैन । बहुमतले निर्णय गरेको विशेष महाधिवेशनको निर्णय आदालतले सुनिश्चित गर्नेछ । जनताको आशा र भरोसा बोकेको लिडरलाई कुनै दस्ताबेजमा लेखेको कारबाहीले केही हुँदैन । अदालतले बताउनेछ । साथै, सबैभन्दा ठुलो अदालत जनताले आगामी निर्वाचनबाटै बताउनेछन् । परिवर्तन र कार्यकर्ताको आवाज स्वीकार गर्न नसक्ने दासहरूप्रति मेरो केही भन्नु छैन ।
पार्टीको अवस्था कस्तो बनाएका छन् यिनले, जगजाहेर छ । कहिले सहकार्यको नाममा एमाले, कहिले माओवादी र कहिले जसपा, कहिले राप्रपाको बैसाखी टेक्ने अवस्था सिर्जना गर्नेहरूले भविष्यमा अब कसको बैसाखी टेक्लान् हँ ?

● **प्रकाश मण्डल (भोला भाइ)**

महाधिवेशनबाट देउवा नेतृत्वको केन्द्रीय समिति नै भंग भइसकेको अवस्थामा सोही समितिबाट कसरी कारबाही हुन्छ ?

● **राजकुमार राई**

अहिलेको अवस्थामा कांग्रेस फुट्नु भनेको देशका लागि हानिकारक छ । तर, संस्थापन भन्ने गुटले कुरो बुझे पो !

● **विष्णुप्रसाद अर्याल**

अहिले गगन र विश्वलाई कारबाही गर्नेहरूलाई जनताले देशभरबाट लखेट्छन्, हेर्दै जाओ । जता गगन विश्व उतै कांग्रेस । देशलाई बर्बाद बनाउने र असल मानिसहरू बल्ल फरक-फरक कित्तामा उभिए खुसी लाग्यो ।

● **कृष्ण**

अब दुई महिना पनि सभापति छोड्न नचाहनु भनेको चुनावमा टिकट वितरण गर्दा आर्थिक चलखेल गर्ने दाउ हो । आफ्ना मान्छेलाई विभिन्न समितिमा राखेर पछि पनि फनफनी घुमाइराखौं भन्ने लोलुपता मात्र हो । पार्टीको मायाले त हुँदै होइन ।

● **सुरेश बुढा**

रुखको हाँगा काटेपछि नयाँ पालुवा पलाउँछ भन्ने सबैलाई थाहा छ । तर, जरा नै कुहिएपछि के गर्नु ? कांग्रेस पार्टी त बिग्रियो, बिग्रियो, देशै बिग्रियो । अब एउटा समूहले रुख चिह्न अर्को समूहले चार तारा लिएर गए हुन्छ ।

● **राजेश दाहाल**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के इरान १९७९ को क्रान्तिको अवस्थामा जान सक्छ ?

इरानको विरोध प्रदर्शन १९७९ मा भएको प्रदर्शनभन्दा व्यापक र भौगोलिक रूपमा ठुलो भए पनि यसले शासनलाई चुनौती दिन सक्नेछैन



देश/विदेश

● सइद गोलकर

इरान क्रान्तिपछिको इतिहासको सबैभन्दा खतरनाक क्षणमध्ये एकबाट गुज्रिरहेको छ । राष्ट्रव्यापी विरोध प्रदर्शन क्षणिकभन्दा पनि निरन्तर भएका छन् । देशभर अशान्तिको नयाँ लहर फैलिएसँगै हिंसा तीव्र भएको छ । वास्तविक मृत्यु हुनेको संख्या अझै प्रमाणित हुन सकेको छैन । यी घटनाले एउटा परिचित प्रश्नलाई पुनर्जीवित गरेका छन् ? के इरान अर्को १९७९ तिर जाँदै छ ?

यो तुलनामा भर पर्नुको कारण सहजै बुझ्न सकिन्छ । जनपरिचालन र द्रुत गतिमा दोहोरिएका विरोधका तस्बिरले शाहको शासनकालको अन्तिम महिनातिरको सम्झना गराउँछ । तैपनि, यो तुलना अन्ततः भ्रामक छ । १९७९ को क्रान्तिको सफलतालाई केवल जनपरिचालनले मात्र व्याख्या गर्न सकिँदैन । बरु, यो आयतोल्लाह रुहोल्लाह खोमेनीको नेतृत्वमा समन्वित विपक्षीको संगमस्थल र अझ भन्नुपर्दा अभिजात वर्गको असन्तुष्टिलाई प्रभावकारी रूपमा दबाउन असमर्थ सत्तारुढको अवस्था थियो । मोहम्मद रेजा शाहलाई क्यान्सर भएको थियो, उनलाई अत्यधिक औषधि दिइएको थियो र उनी स्पष्ट रूपमा अनिर्णयशील थिए । संकटको समयमा उनको नेतृत्व कमजोर भयो । राजनीतिक उथलपुथलबिच उनले दुईपटक देश छोडे, पहिलोपटक १९५३ मा प्रधानमन्त्री मोहम्मद मोसाद्देघले चुनौती दिएपछि र फेरि जनवरी १९७९ मा जब देशभर विरोध प्रदर्शन फैलियो ।

उत्तिकै महत्त्वपूर्ण कुरा, शाहको दमनकारी संयन्त्र खण्डित र सामाजिक रूपमा विषम थियो । शाहको केन्द्रीय गुप्तचर संगठन, (सावक) बाहेक, प्रहरी र फौजलाई सामाजिक व्यवस्था कायम राख्ने जिम्मेवारी दिइएको थियो भने इरानी सेनाले राजनीतिक दमनको सट्टा क्षेत्रीय रक्षामा ध्यान केन्द्रित गर्‍यो । यी संस्थामा व्यवस्थित वैचारिक जाँचको अभाव थियो र विविध सामाजिक तथा वैचारिक पृष्ठभूमिका कर्मचारीलाई आकर्षित गरिएको थियो । जब शाहले देश छाडे, प्रहरीका केही अंशले आफ्नो दमनकारी रणनीति बन्द गरे र सार्वजनिक व्यवस्था कायम राख्न प्रदर्शनकारीसँग सहकार्य गरे भने वरिष्ठ सैन्य कमान्डरले आत्म-संरक्षणलाई प्राथमिकता दिए र अन्ततः राजतन्त्र त्यागे ।

आजको अवस्था मौलिक रूपमा फरक छ । शाहको जस्तो नभई आयतोल्लाह अली खामेनीको नेतृत्व संकटको समयमा हिचकिचाहट वा अनिर्णयका रूपमा चिनिएको छैन । १९८९ मा सर्वोच्च नेताको पद ग्रहण गरेदेखि खामेनी इस्लामिक गणतन्त्रको गहन रूपान्तरणको साक्षी बनेका छन्, जसलाई म एक 'ईश्वरतान्त्रिक' सुरक्षा राज्यका रूपमा वर्णन गर्छु, जुन सामाजिक सहमतिभन्दा दमनमा बढी निर्भर छ । सर्वोच्च नेताका रूपमा उनले एक उच्च संस्थागत, एकताबद्ध, वैचारिक रूपमा प्रतिबद्ध र गहिरो रूपमा लगानी गरिएको जबर्जस्त संरचनाको अध्यक्षता गर्छन् । यो संरचनात्मक वास्तविकताले आज इरानमा क्रान्तिकारी परिवर्तनको सीमा परिभाषित गर्छ ।

इस्लामिक गणतन्त्रको जबर्जस्त शक्ति एउटै संस्थामा केन्द्रित छैन । बरु, यो शक्ति विस्तृत रूपमा फैलिएका तर अनिच्छुक कमान्ड शृंखला भएका अन्य संस्थामा वितरित छ । यी शक्ति इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स, बासिज, प्रहरी, गुप्तचर सेवा र तिनीहरूसँग जोडिएका सामाजिक सञ्जालभित्र केन्द्रित छन् । इरानका जबर्जस्त संस्थामा



शासनका कट्टर समर्थकको प्रभुत्व छ । तिनको बफादारी केवल क्षणिक मात्र होइन, यो वैचारिक, संस्थागत र पुस्तागत पनि छ । उनीहरूको सामाजिक गतिशीलता, आर्थिक सुरक्षा र पहिचानको भावना शासन र खामेनीको नेतृत्वको अस्तित्वसँग जोडिएको छ । उनीहरूका लागि शासनको पतन राजनीतिक संक्रमण होइन, यो अस्तित्वको खतरा हो । संकटको क्षणमा यी बफादारले विरोधको प्रसारलाई रोक्न र अशान्तिलाई विदेशी समर्थित राजद्रोहको लेबल लगाउँदै प्रभावकारी रूपमा कार्य गर्छन्, हिंसाको आन्तरिक अवरोधलाई कम गर्छन् ।

फलस्वरूप, १९७९ मा भएका विरोध प्रदर्शनभन्दा व्यापक र भौगोलिक रूपमा ठुला प्रदर्शनले पनि शासनलाई मौलिक रूपमा चुनौती दिनेछैनन् । बरु, तिनले कडा दमन निम्त्याउनेछन् । यसले एउटा प्रमुख पाठलाई जोड दिन्छ : विरोध प्रदर्शनहरू आफैंले क्रान्ति निम्त्याउँदैनन् । क्रान्तिहरू तब हुन्छन्, जब सामूहिक अशान्ति अभिजात वर्गको परिवर्तनसँग जोडिन्छ । त्यो १९७९ मा भएको थियो, तर अहिले भएको छैन ।

यो सन्तुलनलाई परिवर्तन गर्न सक्ने कुरा भनेको विरोध मात्र होइन, शासनको नेतृत्व संरचनामा प्रत्यक्ष धक्का हो । बाह्य हस्तक्षेप, विशेषगरी संयुक्त राज्य अमेरिकाले सम्भवतः वरिष्ठ राजनीतिक र सैन्य अधिकारीलाई निसाना बनाएर अभिजात वर्गको समन्वयलाई बाधा पुऱ्याउन सक्छ । यस्तो दृष्टिकोणले खामेनीलाई नै हटाएमा मात्र शासनमा वास्तविक संकट उत्पन्न गर्नेछ । इस्लामिक गणतन्त्रमा शक्ति सर्वोच्च नेताको कार्यालय र उनको भित्री घेराभित्र धेरै केन्द्रीकृत गरिएको छ । उनको अचानक अनुपस्थितिले उत्तराधिकारबारे अभिजात वर्गको टकराव निम्त्याउन सक्छ र शीर्षमा एकता कमजोर बनाउन सक्छ ।

तर, हस्तक्षेपले बफादार एकतालाई पनि सुदृढ पार्न सक्छ । यदि खामेनी बाँचे भने इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स, बासिज र गुप्तचर सेवाभित्रका मुख्य समर्थकले लगभग निश्चित रूपमा उनको दर्जा अन्त्य गर्नेछन्, जसरी उनीहरूले अघिल्ला बाह्य टकरावमा गरेका थिए । ती परिस्थितिमा अभिजात वर्गको विद्रोह असम्भव रहनेछ ।

(गोलकर टेनेसी विश्वविद्यालयको राजनीति विज्ञान विभागका सहायक प्राध्यापक हुन्)

अलजजिराबाट

इरानमा सैन्य बलको प्रयोग वासिंटनका लागि आत्मघाती

अमेरिकी आक्रमणले इरानको सुरक्षा संयन्त्रलाई उसले चाहेकै राष्ट्रिय अस्तित्वको लडाइँको भाष्य निर्माण गर्ने अवसर प्रदान दिनेछ







● बामो नोउरी

नोउरी युनिभर्सिटी अफ लन्डनको डिपार्टमेन्ट अफ इन्टरनेसनल पोलिटिक्सका रिसर्च फेलो हुन्

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानमा प्रदर्शनकारीमाथि राज्यबाट भइरहेको दमनलाई लिएर सैन्य कारबाहीबारे सोचिरहेका छन्। डिसेम्बरको अन्त्यमा विरोध प्रदर्शन सुरु भएदेखि दुई हजारभन्दा बढी मानिस मारिएका विभिन्न रिपोर्टले जनाएका छन्। अमेरिकी सेनाले अब 'केही धेरै बलिया विकल्प हेरिरहेको' ट्रम्पले बताएका छन्। ट्रम्पले यी विकल्पबारे विस्तृत रूपमा अझै बताएका छैनन्। अमेरिकासँग युद्धबाट बच्न इच्छुक इरानी अधिकारीले 'वार्ता गर्न' आफूले बोलाएकोसमेत दाबी गरेका छन्। घातक दमन जारी रह्यो भने अमेरिकाले इरानसँगको सम्भावित बैठकअघि कारबाही गर्नुपर्ने हुन सक्ने उनले चेतावनी दिएका छन्।

यदि वासिंटनले इरानमा हस्तक्षेप गर्ने निर्णय गर्छ भने त्यसका लागि उपायको विस्तृत दायरा उपलब्ध छ। यी उपाय कूटनीतिक निन्दा र विस्तारित प्रतिबन्ध व्यवस्थादेखि लिएर साइबर अप्रेसन र सैन्य हमलासम्मका छन्। यद्यपि, अमेरिकी सरकारले विचार गरिरहेको हरेक कदमविरुद्ध इतिहास साक्षी छ।

लक्षित प्रतिबन्ध र कूटनीतिक दबाबमा ट्रम्पले हालै इरानसँग व्यापार गर्ने कुनै पनि देशमा लागू गरेको २५ प्रतिशत कर दर समावेश छ, जुन सबैभन्दा कम उत्तेजक माध्यम हुन्। ती उपायले अमेरिकालाई आफ्ना सहयोगीसँग समन्वय गर्न र प्रत्यक्ष टकराव नभई इरानमा प्रदर्शनकारीलाई नैतिक समर्थनका लागि अनुमति दिन्छन्। तैपनि, दशकौंको अनुभवले यस दृष्टिकोणको सीमा देखाउँछ।

इरानको नेतृत्वले आर्थिक दबाब कसरी शोषित गर्ने, लागतलाई समाजमा सार्ने र सामूहिक दण्डको रूपमा लामो समयदेखि चल्दै आएको पश्चिमी प्रतिबन्धको कसरी मुकाबिला गर्ने भन्ने कुरामा महारत हासिल गरेको छ। तेहरानको सरकारले वैकल्पिक बजार विकास गरेर र अनौपचारिक र गैरडलर व्यापार विस्तार गरेर समयसँगै अनुकूलन गरेको छ। यसले क्षेत्रीय सञ्जालमार्फत आफ्नो आर्थिक लचिलोपनलाई पनि बढाएको छ। विशेषगरी इराकसँग यस्तो लचिलोपन बढाएको छ, जहाँ-जहाँ राजनीतिक, वित्तीय र सुरक्षा सम्बन्धले राजस्व प्रवाहलाई कायम राख्न र राज्यमा प्रतिबन्धको प्रभावलाई कम गर्न सहयोग गर्छ।

वासिंटनको हातमा अन्य धेरै गोप्य माध्यम (उपकरण) छन्, जसमा साइबर अवरोध र स्वतन्त्र मिडियालाई सहयोग गर्ने प्रयास वा इन्टरनेट बन्दलाई बाइपास गर्ने प्रदर्शनकारीलाई उत्प्रेरित गर्ने प्रयास पर्छन्। यी उपायले प्रदर्शनकारीलाई अन्तर्राष्ट्रिय रूपमा चर्चामा आउन मद्दत गर्न सक्छन् र दमन बढाउने राज्यको क्षमतालाई अप्ठ्यारो बनाउन सक्छ।

यद्यपि, यहाँ पनि अपेक्षाहरू विनम्र हुनुपर्छ। यी माध्यमले निगरानी र दमनको लागत बढाएर र प्राविधिक कठिनाइ थोपरेर इरानी अभिजात वर्गभित्र द्वन्द्व सिर्जना गर्न सक्छन्। तर, ती उपायले अस्तित्वलाई सबैभन्दा माथि प्राथमिकतामा राख्ने शासनको मूल गणना परिवर्तन गर्दैनन्।परिदृश्यको सबैभन्दा चरम सीमामा सैन्य हमला छन्। हमलाका पछाडिको औचित्य शासनको दमन प्रयासलाई कमजोर पार्नु हुनेछ। तर, वास्तविकतामा, तिनीहरूले प्रत्युत्पादक परिणाम निम्याउने जोखिम खडा गर्छन्। इरानको शासन प्रणाली र विशेषगरी सशस्त्र सेनाको शक्तिशाली इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स शाखाले ऐतिहासिक रूपमा घरेलु रूपमा शक्ति सुदृढ गर्न बाह्य खतरामा निर्भर हुने गरेको छ।

आम इरानी पनि अमेरिकी प्रत्यक्ष हस्तक्षेपप्रति सकारात्मक हुने छैनन्। यसअघि सन् १९५३ मा भएको सिआइए-समर्थित विद्रोहमा इरानका तत्कालीन निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसाद्देक अपदस्थ गरिएका थिए। त्यस कदमले नै इरानलाई अधिनायकवादी भुमरीमा धकेलेको थियो। इरानी राजनीतिक चेतनालाई आकार दिइरहेको यस अनुभव धेरैका लागि एक आधारभूत आघात मानिन्छ।

अमेरिकी आक्रमणले इरानको सुरक्षा संयन्त्रलाई उसले चाहेकै भाष्य निर्माण गर्ने अवसर पद्रान दिनेछ। राष्ट्रिय अस्तित्वका लागि अस्तित्वगत लडाइँ। यो फ्रेमवर्क इरानी अभिजात वर्गको बहसमा पहिले नै स्पष्ट छ।

इरानी संसद्का कट्टरपन्थी सभामुख मोहम्मद बागेर गालिबाफले हालैको भाषणमा इरानमाथिको कुनै पनि आक्रमणले इजरायल र यस क्षेत्रमा रहेका सबै अमेरिकी सैन्य अड्डा र सम्पत्तिलाई 'वैध निसाना' बनाउने चेतावनी दिएका थिए। त्यसपछि इरानका सरकारी सञ्चार माध्यमले तेहरान र अन्य सहरमा शासन समर्थकको ठुलो भिड भेला भएको देखाएको थियो, जहाँ उनीहरूले 'अमेरिकालाई मृत्यु' र 'इजरायललाई मृत्यु' भन्ने नारा लगाएका थिए।

हालको विरोध आन्दोलनको चरित्रलाई ध्यानमा राख्दै सैन्य वृद्धि विशेषगरी खतरनाक छ। राज्यको वैचारिक जगलाई चुनौती दिँदै महिला अग्रपंक्तिमा रहेका छन् भने ठुलो मात्रामा बसोवास गर्ने क्षेत्रका जातीय कुर्दले अधिकारीको हातबाट असमानस्तरको हिंसा भोगेका छन्। यी विरोध प्रदर्शन नागरिक, विकेन्द्रीकृत र सामाजिक गुनासोमा जरा गाडेका छन्। अमेरिकी सैन्य हमलाले इरानी राज्यको त्यो यथार्थलाई उल्ट्याउन सक्नेछ र विविध घरेलु आन्दोलनलाई विदेशी समर्थित सुरक्षा खतराको रूपमा पुनः प्रस्तुत गर्नेछ। यसो गर्दा राज्यले अहिलेसम्म देखिएकोभन्दा धेरै कठोर कारबाहीलाई वैधता दिनेछ।

■ सन् १९५३ को छाया

धेरै साधारण इरानी पनि अमेरिकी प्रत्यक्ष हस्तक्षेपप्रति सतर्क छन्। यो सतर्कता सन् १९५३ मा भएको सिआइए-समर्थित विद्रोहबाट उत्पन्न भएको हो, जसले इरानका निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसाद्देकलाई अपदस्थ गऱ्यो र शाह मोहम्मद रेजा पहलवीको नेतृत्वमा राजतन्त्र पुनर्स्थापित गऱ्यो। विद्रोहपछि लगभग दुई दशकको दमन, राजनीतिक प्रहरी र पश्चिमा चासोसँग मिल्दोजुल्दो अधिनायकवादी शासन स्थापना भयो।

यो अनुभव टाढाको इतिहास होइन, यो एक आधारभूत आघात हो, जसले इरानी राजनीतिक चेतनालाई आकार दिइरहेको छ। फलस्वरूप, इरानको स्वेच्छाचारी प्रणालीको पतनले स्वाभाविक रूपमा लोकतान्त्रिक संक्रमणका लागि बाटो खोल्नेछ भन्ने ट्रम्पका हालैका सुझावलाई स्व-शासनको सट्टा तानाशाही उत्पन्न गर्ने बाह्य हस्तक्षेपको सम्झनाबाट अलग गर्न सकिँदैन।

यसले इरानभित्र धेरै मानिस किन देशका अन्तिम शाहका छोरा रेजा पहलवीजस्ता व्यक्तित्वप्रति शंका गर्छन् भनेर पनि व्याख्या गर्छ। पहलवीलाई पश्चिममा प्रायः इरानको सम्भावित भावी नेताको रूपमा प्रचार गरिएको छ। पहलवी प्रतीकात्मक रूपमा उत्पीडन र विदेशी समर्थनसँग सम्बन्धित प्रणालीमा बाँधिएका छन्। यसले गर्दा उनी कुनै पनि विश्वसनीय लोकतान्त्रिक संक्रमणका लागि आवश्यक पर्ने व्यापक घरेलु वैधताबाट वञ्चित छन्। इरानीहरूको शंकालाई हालैका क्षेत्रीय अनुभवले अझ बलियो बनाएको छ। इराकमा विदेशी हस्तक्षेपले राज्यलाई खोक्रो बनायो, एउटा कमजोर प्रणाली छोड्यो, जुन बाह्य शक्ति र मिलिसियाले अपनाएका छन्।

अनि सिरियामा केन्द्रीय अधिकारको पतनले पूर्वअल-कायदा नेता अहमद अल-सारालाई सत्ता सम्हाल्ने बाटो खोल्यो। उनको जिहादी विगतका बाबजुद ट्रम्पलगायत पश्चिमा शक्तिले उनलाई एक विश्वसनीय राजनीतिक व्यक्तित्वमा पुनः ब्रान्ड गरेका छन्।

यी घटनाले मध्यपूर्वभरि यो विश्वासलाई बलियो बनाएको छ कि पश्चिमी हस्तक्षेपले लोकतान्त्रिक शक्तिलाई किमार्थ सशक्त बनाउँदैन। बरु यसले सबैभन्दा संगठित र सैन्यीकृत समूहलाई सत्तामा लैजान देखिन्छ, जसले दीर्घकालीन अस्थिरता निम्त्याउन सक्छ।

विश्वसनीय स्वदेशी संक्रमणविना इरान टुक्राटुक्रा हुने र अराजकतामा फस्ने जोखिम छ। वासिंटनका लागि सबैभन्दा कठिन वास्तविकता यो हुन सक्छ कि बुद्धिमानी बाटो साहसी हस्तक्षेप होइन, बरु इरानी समाजको लागि दिगो समर्थनसँगै संयम हो। इरानमा वास्तविक परिवर्तन बाहिरबाट, विशेष गरी क्षेप्यास्त्रको बिन्दुबाट हुन सक्दैन।

कतारस्थित अमेरिकी सैन्य अड्डाबाट हटाउन थालियो प्रशासनिक कर्मचारी

दोहा / रोयटर्स समाचार एजेन्सीले तीनजना कूटनीतिज्ञलाई उद्धृत गर्दै कतारस्थित अमेरिकी सेनाको अल उदेइद हवाई आधारबाट केही कर्मचारीलाई सुरक्षित स्थानमा जान सल्लाह दिइएको बताएको छ। इरानमा भइरहेको विरोध प्रदर्शनमा हस्तक्षेप गर्न सक्ने अमेरिकाको चेतावनीबिचमा बुधबार साँझसम्ममा कर्मचारीलाई सुरक्षित स्थानमा जान भनिएको हो। तथापि, दोहास्थित अमेरिकी दूतावासले भने यस विषयमा कुनै टिप्पणी गरेको छैन।

अल उदेइद मध्यपूर्वमा रहेका कैयौं अमेरिकी अड्डामध्ये सबैभन्दा ठुलो हो, जहाँ लगभग १० हजार सैनिक छन्। गत वर्ष पनि अमेरिकाले इरानमा हवाई आक्रमण सुरु गर्नुअघि केही कर्मचारी र तिनका परिवारलाई अन्यत्र सारिएको थियो। जुन महिनामा अमेरिकी आक्रमणपछि, इरानले कतारको त्यस अड्डामाथि क्षेप्यास्त्र आक्रमण गरेको थियो।

कतारको राजधानी दोहाभन्दा बाहिरको मरुभूमि क्षेत्रमा रहेको अल उदेइद सैन्य आधार करिब २४ हेक्टरमा फैलिएको छ। अमेरिकी केन्द्रीय कमान्डको मुख्यालय मानिने यस सैन्य आधारले नै पश्चिममा इजिप्टदेखि पूर्वमा कजाकिस्तानसम्म फैलिएको विशाल क्षेत्रमा अमेरिकी सैन्य अप्रेसनलाई निर्देशित गर्छ।

क्षेत्रीय देशलाई इरानको 'चेतावनी'

उता तेहरानले पनि अमेरिकी हवाई अड्डा भएका मध्यपूर्वका देशलाई वासिंटनले आफ्नाथि आक्रमण गरेमा तिनका भूमिमा रहेका अमेरिकी सैन्य अड्डामा आक्रमण गर्ने चेतावनी दिइसकेको रोयटर्सले लेखेको छ। अहिले इरानमा देशव्यापी विरोध प्रदर्शन भइरहेको छ। प्रदर्शनकारीमाथि व्यापक दमनका सामाचारबिच इरानमा सैन्य हस्तक्षेप गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले धम्की दिएका छन्। यस टिप्पणीबिच इरानले पनि कडा प्रतिक्रिया जनाउने बताएको छ। उता ट्रम्पले इरानी प्रदर्शनकारीलाई देशका राज्य संस्था कब्जा गर्न आह्वान गर्दै 'मद्दत छिटै आइरहेको' बताएका छन्।

इरान-अमेरिकाबिच कूटनीतिक सम्पर्कसमेत विच्छेद

इरान र अमेरिकाबिच तनाव बढ्दै जाँदा संयुक्त राज्य अमेरिका र इरानका वरिष्ठ अधिकारीबिचको प्रत्यक्ष सम्पर्क टुटेको छ। इरानका विदेशमन्त्री अब्बास अराघची र अमेरिकी विशेष दूत स्टिभ विट्कोफबिचको सञ्चार बन्द भएको एकजना वरिष्ठ इरानी अधिकारीले बुधबार रोयटर्स समाचार एजेन्सीलाई बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि सैन्य हस्तक्षेप गर्ने धम्की दिइरहँदा दुई देशबिचको सबै सम्पर्क टुटेको छ। इरानले देशभित्र भइरहेको विरोध प्रदर्शनमाथि व्यापक दमन गरिरहँदा ट्रम्पले प्रदर्शनकारीको पक्षमा हस्तक्षेप गर्ने बताइरहेका छन्।

इरानले आफ्नाथि आक्रमण गरिए मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डामाथि जवाफी आक्रमण गर्ने वाचा गरेको छ। अमेरिकाले विगत एक वर्षदेखि युरोपेली सहयोगीसँग मिलेर इरानको आणविक कार्यक्रमबारे तेहरानसँग छलफल गरिरहेका थियो। यद्यपि, इरानी अधिकारीले पछिल्लो तनावबिच प्रगतिको सम्भावना टरेको बताएका छन्।

'अमेरिकी धम्कीले कूटनीतिक प्रयासलाई कमजोर बनाउँछ,' उनले भने, 'दशकौं लामो आणविक विवादको कूटनीतिक समाधान खोज्न दुई अधिकारीबिचको कुनै पनि सम्भावित बैठक रद्द गरिएको छ।' उनले यो पनि भने कि तेहरानले यस क्षेत्रमा रहेका अमेरिकी सहयोगीलाई वासिंटनलाई आक्रमण गर्नबाट रोक्न आग्रह गरेको छ।

माओवादी विद्रोहलाई कमजोर बनाउन भारतले अपनाएको सफल रणनीति



भारतको हिंसात्मक माओवादी विद्रोह सन् २०१३ मा चरम सीमामा पुग्दा भारतका १२६ जिल्लामा उल्लेखनीय प्रभाव थियो। तर, अघिल्लो वर्ष यो जम्मा ११ जिल्लामा सीमित बनेको छ। तर, भारत सरकारले यस जटिल आन्तरिक सुरक्षा चुनौतीलाई सम्बोधन गर्न समग्र र निरन्तर विकास-सञ्चालित दृष्टिकोणको शक्ति अब अवलम्बन गर्छ।

यो शताब्दीको सुरुमा भारत विश्वव्यापी अर्थतन्त्रको चम्किलो तारामध्ये एकको रूपमा उदाइरहेको वेला देशको मध्यभागमा भने माओवादी हिंसात्मक आन्दोलनले गति लिइरहेको थियो। माओवादी विद्रोहले झन्डै डेढ दशकसम्म 'रेड करिडोर' भनेर चिनिने क्षेत्रलाई सुस्त रूपमा विस्तार गऱ्यो। त्यस भेगमा विस्तारका लागि कम्युनिस्ट क्रान्तिकारीले उपयुक्त विपन्न पीडित समुदायमा फेला पारेका थिए। पूर्वप्रधानमन्त्री मनमोहन सिंहको भाषामा त्यसले 'भारतले सामना गरेको सबैभन्दा ठुलो आन्तरिक सुरक्षा चुनौती' निम्त्यायो।

माओवादी विद्रोहको शिखरमा सन् २०१३ मा देशका १२६ जिल्ला रेड करिडोरमा जोडिएका थिए। तर, अहिले त्यसमा नाटकीय संकुचन आएको छ। गत वर्ष भारतमा माओवादी विद्रोहको प्रभाव भएका जिल्लाको संख्या जम्मा ११ मा झरेको थियो। यसले भारतीय सरकारको अपूर्ण नै सही, तर निर्णायक विजयको संकेत गर्छ। भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले 'नक्सलवादी' विद्रोहको केही महिनाभित्रै समूल उन्मूलन हुने घोषणा गरेका छन्। सन् १९६० को दशकमा बंगालको नक्सलबारी गाउँमा सुरु भएकाले भारतमा माओवादी विद्रोहलाई यसै नामले चिनिन्छ।

भारतले यो प्रगतिका लागि श्रीलंकाका तत्कालीन राष्ट्रपति महिन्दा राजपाक्षेले सन् २००९ मा तमिल टाइगर्सविरुद्ध प्रयोग गरेको अत्यन्त विनाशकारी नीति अवलम्बन गरेन। राजपाक्षेको क्रूर सैन्य अभियानले उनको देशमा ४० वर्षको गृहयुद्धको अन्त्य भएको थियो। न त भारतले पेरुका अल्बर्टो फुजिमोरीले सन् १९९० को दशकमा माओवादी छापामारहरू दबाउन प्रयोग गरेको क्रूर रणनीति नै प्रयोग गऱ्यो। बरु, भारत सरकारले एक परिष्कृत रणनीति बनाउँदै विद्रोहको कारण र परिणामलाई सम्बोधन गर्न ध्यान दियो।

यो कथा भूमिहीनता, आर्थिक अभावको सामना गरिरहेका तर स्रोतसाधनले भरिपूर्ण वनमा बस्ने आदिवासी जनसंख्याबाट सुरु हुन्छ। ती जो भारत सरकारले दिने सेवामाथिको पहुँचको अभावबाट लामो समय बाँच्न विवश थिए। यसले जमिनका लागि ठुला शोषक जमिनदारविरुद्ध किसान विद्रोहको जग बसायो र विद्रोहीले 'जनयुद्ध'को माओवादी सैन्य रणनीतिअनुरूप 'शत्रुहरू'लाई ग्रामीण क्षेत्रमा आउनुपर्ने बाध्यता सिर्जना गर्ने नीति अपनाए।

सन् २००४ मा विभिन्न समूहमा बाँडिएर लडिरहेका समूह भारतीय कम्युनिस्ट पार्टी (माओवादी) नाममा एक भए। पार्टीले भारतीय लोकतन्त्रलाई उन्मूलन गर्ने र मार्क्सवादी-लेनिनवादी-माओवादी विचारधारामा आधारित 'नयाँ लोकतान्त्रिक राज्य' स्थापना गर्ने उद्देश्य लिएको थियो। दुर्गम क्षेत्रमा प्रशासनिक र सुरक्षा निकायको शून्य उपस्थितिको फाइदा उठाउँदै भाकपा (माओवादी)ले समानान्तर शासनको अभ्यास सुरु गऱ्यो। त्यस क्रममा उसले आफूलाई पुँजीवादी शोषणविरुद्ध उत्पीडितहरूको रक्षकको रूपमा स्थापित गर्ने प्रयास गऱ्यो। लगत्तै पार्टीमा धेरै मानिस, विशेषतः राज्यको बेवास्ताले निराश युवालाई आकर्षित गऱ्यो।

माओवादीले ग्रामीण क्षेत्रमा समानान्तर राज्यको अभ्यास गर्दै गर्दा प्रायः हिंसालाई पनि बढावा दिँदै गए। प्रायः तिनले डकैती र जबर्जस्ती चन्दा असुलीलाई आफ्नो वित्त पोषणको माध्यम बनाए। हिंसा बढ्दै गएपछि जुन २००९ मा भारत सरकारले भाकपा (माओवादी) र यसका भातृ संगठनलाई आतंकवादी संस्थाको रूपमा घोषणा गऱ्यो। पार्टीलाई अनलफुल एक्टिभिटी (प्रिभेन्सन) ऐनअन्तर्गत प्रतिबन्ध लगाइयो।

जावफमा माओवादीले हिंसात्मक गतविधि बढाए। सन् २०१० मा पार्टीले भारतीय अर्धसैनिक बलमाथि अहिलेसम्मकै सबैभन्दा घातक आक्रमण गरे। आक्रमणमा केन्द्रीय रिजर्भ पुलिस बलका ७४ सदस्य र छत्तीसगढ राज्यमा दुई प्रहरी अधिकारी मारिएका थिए। तीन वर्षपछि समूहको प्रभाव सबैभन्दा शिखरमा हुँदा माओवादी आक्रमणले छत्तीसगढका कंग्रेसका कैयौं शीर्ष नेतृत्व सवार गाडीमा आक्रमण गरेर धेरैको ज्यान लियो।



● शशी थरूर

संयुक्त राष्ट्र संघका पूर्वउपमहासचिव तथा भारतीय पूर्वविदेश राज्यमन्त्री तथा मानव संसाधन विकास राज्यमन्त्री थरुर भारतीय राष्ट्रिय कंग्रेसका सांसद हुन्।

तत्कालीन कंग्रेस नेतृत्वको 'संयुक्त प्रगतिशील गठबन्धन (युपिए)'को केन्द्र सरकारले त्यसपछि यस विद्रोहविरुद्ध नयाँ दृष्टिकोणको आवश्यकता रहेको महसुस गऱ्यो। सरकारले विद्रोहलाई बढावा दिने सुरक्षा खतरा र आर्थिक गुनासो दुवैलाई सम्बोधन गर्ने सोच्यो। सन् २०१४ को युपिए सरकार ढलेर प्रधानमन्त्री नरेन्द्र मोदीको नयाँ सरकार आए पनि युपिए सरकारले सुरु गरेको कारबाहीले गति लियो। मोदी सरकारले सुरक्षा र विकास दुवै क्षेत्रलाई जोड दिँदै व्यापक, बहुस्तरीय रणनीति लागू गऱ्यो।

सुरक्षा क्षेत्रको सुदृढीकरणका लागि सरकारले प्रहरीको क्षमता सुदृढीकरण, आधुनिक हतियारको व्यवस्था, राम्रो सञ्चार उपकरण र जंगल युद्ध तथा विद्रोहविरुद्ध लड्न विशेष तालिम दिन ठुलो लगानी गऱ्यो। यसबाहेक, केन्द्र सरकारले विगतमा सुरक्षा पहुँचबाहिरका क्षेत्रमा सयौं नयाँ सैन्य आधार स्थापना गऱ्यो। यसले माओवादीको 'सुरक्षित' क्षेत्र साँघुरो भयो र उनीहरूको निर्बाध आवागमन तथा आन्दोलनमा नै बाधा पुऱ्यायो। परिणामस्वरूप माओवादीको जबर्जस्ती चन्दा सञ्जाल र अन्य अवैध राजस्व स्रोतमा धक्का लाग्यो। त्यसपछि सरकारले माओवादी आन्दोलनका केन्द्रीय र क्षेत्रीय नेतृत्वलाई नियन्त्रमा लिने वा निस्तेज बनाउने अभियानलाई तीव्र बनायो।

तर, सरकारको सुरक्षा नीति विकास नीतिविना सफल हुन सक्दैनथ्यो। त्यसैले, केन्द्रले गरिबी न्यूनीकरण र विकास पूर्वाधार पहल सुरु गऱ्यो। यसअन्तर्गत माओवादी प्रभावित जिल्लामा कैयौं पूर्वाधारमा लगानी सुरु गरियो। सडक, पुल र सेल टावरहरूले वाणिज्य तथा सम्पर्क विकासमार्फत विकासलाई सहज बनायो। माओवादीले पहिलेजस्तो गाउँहरू अलग गर्न सकेनन्। यस रणनीतिमा अनुदानको खाना, आवास र स्वास्थ्य सेवाजस्ता कल्याणकारी योजना पनि समावेश थिए। माओवादीको समानान्तर शासनले भविष्यमा दिने वाचा गरेका सेवा पाएपछि निराश समुदाय र आदिवासी युवाले बन्दुकको विकल्प पाएको महसुस गरे।

अहिले माओवादी विद्रोह केही अतिवादी गतिविधिमा सीमित भएको छ। भाकपा (माओवादी)का शीर्ष तहका धेरै नेता मारिइसके। पार्टीलाई अहिले आवश्यक भर्ती र कोष पुऱ्याउन धौधौ परिरहेको रिपोर्ट आइरहेको छ। भाकपा (माओवादी) केन्द्रीय समिति सदस्य मल्लोजुला वेणुगोपाल रावले अक्टोबर २०२५ मा आफ्ना ६० साथीहरूसहित प्रहरीसमक्ष आत्मसमर्पण गरे। त्यस क्रममा माओवादी आन्दोलनले राज्यको शक्तिलाई उल्लेखनीय रूपमा कम आकलन गरेको सशस्त्र संघर्ष असफल भएको उनले स्वीकार गरेका छन्। रावले आफ्नो राजीनामा पत्रमा माओवादीले आफ्ना लडाकु पंक्ति विघटन गर्नुपर्ने र वैधानिक राजनीतिक दल (चुनावी दल)को रूपमा पुनर्गठित हुनुपर्नेमा जोड दिएका छन्।

तर, लडाइँ सकिएको छैन। अझै पनि माओवादीको विस्तार रोक्ने हो भने भरपर्दो र स्थायी सेवा वितरणसहित दिगो विकासमा निरन्तर प्रगति आवश्यक छ। यसबाहेक, हाल भाकपा (माओवादी) को प्रभावमा रहेका देशका ११ जिल्ला प्रवेश गर्न गाह्रो प्रायः जंगलभित्र छन्। त्यस्तो ठाउँमा सेवा र अवसर प्रदान गर्न सजिलो हुनेछैन। यसका लागि स्थायी समाधान खोजिनुपर्छ, जसमा प्रणालीगत परिवर्तन आवश्यक छ। सरकारले जल, जमिन र वनजस्ता स्रोतमाथि स्थानीय अधिकारीको दाबीलाई रक्षा गर्नुपर्छ। परम्परागत अधिकारको सम्मान गर्न आर्थिक विकासलाई पुनः परिभाषित गर्नुपर्छ। र, अशान्तिको नयाँ चक्र सुरु हुनबाट जोगिन शोषणकारी उद्यम (सरकारी र निजी दुवै)ले आदिवासी जीवनलाई नियन्त्रण गर्न रोक्नुपर्छ।

प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् २००१ : जिम्मी वेल्स र ल्यारी सानगरले विश्वको सबैभन्दा ठुलो अनलाइन विश्वकोश विकिपिडिया आजकै दिन सार्वजनिक गरे।

सन् १५३५ : इंग्ल्यान्डका राजा हेनरी आठौंले उनकी श्रीमती क्याथरिनसँगको सम्बन्धविच्छेदलाई स्वीकृति नदिएपछि रोमस्थिति क्याथोलिक चर्चबाट अलग गरेर उनको देशमा गठन गरेको 'चर्च अफ इंग्ल्यान्ड'को प्रमुख आफैंलाई चुने। यस कदमले इंग्ल्यान्डलाई आजको प्रोटेस्टेन्ट मुलुक बनाउन सघायो।

सन् १५८२ : इस्टोनिया र लात्भिया समेटिएको पुरानो लिभोनियन क्षेत्रका लागि ३० वर्षदेखि चलिरहेको युद्धको अन्त्यमा रुस अन्ततः यी भागमाथिको दाबी त्याग्न राजी भयो।

सन् १८७० : अमेरिकाका दुई प्रमुख दलमध्ये डेमोक्रेटिक पार्टीको 'पार्टी चिह्न गधा' पहिलोपटक हार्पर विक्लीमा व्यंग्यका रूपमा प्रकाशित भयो।

सन् १९०२ : अब्दुल अजिज इब्न साउद रातको समयमा ४० जनाको समूह लिएर रियाद अधिराज्य घेरेको पर्खाल नाघ्दै सो राज्य कब्जा गर्न सफल भए। योसँगै तेस्रो साउदी राज्यको सुरुवात भयो, जुन विस्तार हुँदै आएको साउदी अरब बन्न पुग्यो।

सन् १९१९ : दुई चर्चित जर्मन समाजवादी नेताहरू रोजा लक्जेमबर्ग र कार्ल लिब्नेख्तलाई जर्मन सेनाले पक्राउपछि यातना दिएर मार्‍यो।

सन् १९४३ : हजार आर्किटेक्ट र १४ हजार श्रमिकले तीन सिफ्टमा दिनरात काम गरेर १६ महिनामै विश्वको ठुलो प्रशासनिक भवन 'पेन्टागन'को निर्माण पूरा गरे।

सन् १९७३ : अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले पेरिस शान्ति सम्झौताको पूर्वसन्ध्यामा उत्तर भियतनाममा जारी सैन्य कारबाही रोकेको घोषणा गरे। त्यसको दुई महिनापछि अमेरिकाले भियतनामबाट आफ्नो सेना फिर्ता गऱ्यो।

सन् १९७५ : पोर्चुगलले अफ्रिकी उपनिवेश एंगोलालाई मुक्त गर्ने सम्झौतामा हस्ताक्षर गऱ्यो। तथापि, सो देश सोही वर्ष नोभेम्बर ११ मा गएर मात्र पूर्ण रूपमा स्वतन्त्र भयो।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १ माघ ०८२

पहिलो त्रैमासमा आर्थिक वृद्धिदर ३.०२% हुने अनुमान



पहिलो त्रैमासमा सरकारी खर्च नहुने प्रवृत्ति तथा २३ र २४ भदौको जेन-जी आन्दोलनपछिको असरले त्रैमासिक आधारमा वृद्धिदर १.७% ले ऋणात्मक

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमासमा नेपालको आर्थिक वृद्धिदर ३.०२ प्रतिशत हुने सरकारी अनुमान छ। गत आर्थिक वर्ष ०८१/८२ को पहिलो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा आर्थिक वृद्धिदर ३.०२ प्रतिशत रहने राष्ट्रिय तथ्यांक कार्यालयको अनुमान छ। गत आर्थिक वर्षको पहिलो त्रैमासमा यस्तो वृद्धिदर २.९ प्रतिशत थियो।

सामान्यतया, पहिलो त्रैमासमा सरकारले भुक्तानी नगर्ने प्रवृत्ति हुने भएकाले यो समयमा आर्थिक वृद्धिदर कमजोर नै रहने केन्द्रीय तथ्यांक कार्यालयका प्रवक्ता दुण्डिराज लामिछानेको विश्लेषण छ। उनले भने, 'सामान्यतया समीक्षा अवधिको त्रैमासको वृद्धिदरलाई अघिल्लो आर्थिक वर्षको सोही अवधिको त्रैमासको वृद्धिदरसँग तुलना गर्नुपर्ने हुन्छ। तर, अघिल्लो चौथो त्रैमाससँग चालू आवको पहिलो त्रैमाससँग तुलना गरिएको तथ्यांकले सरकारलाई खर्च गर्नुपर्ने आवश्यकता औंल्याएको छ। यसले सरकारलाई योजना बनाउन मद्दत पुग्छ। सरकारले खर्च नगर्ने भएकाले नै पहिलो त्रैमासमा वृद्धिदर कमजोर देखिने गरेको छ।'

यद्यपि, अघिल्लो आवको त्रैमाससँग तुलना गर्दा वृद्धिदर कमजोर देखिएको छ। गत आर्थिक वर्ष ०८१/८२ को चौथो त्रैमासको तुलनामा चालू आवको पहिलो त्रैमासमा आर्थिक वृद्धिदर १.७ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान छ। यसअघि आर्थिक वर्ष ०७९/८० को दोस्रो त्रैमासमा १.६ प्रतिशत ऋणात्मक वृद्धिदर देखिएको थियो। त्यसयता लगातार सकारात्मक वृद्धिदर देखिँदै आएकोमा झन्डै तीन वर्षपछि पुनः अर्थतन्त्र ऋणात्मक वृद्धिमा गएको हो।

२३ र २४ भदौको जेन-जी आन्दोलनले आर्थिक क्रियाकलाप प्रभावित बनाएकाले पनि वृद्धिदर ऋणात्मक बन्ने अवस्था आएको उनको भनाइ छ। यद्यपि, दोस्रो त्रैमासमा वृद्धिदरमा सुधार आउने उनको अपेक्षा छ।

राष्ट्रिय तथ्यांक कार्यालयले आर्थिक वृद्धिदर दुई तरिकाले गणना गर्छ। पहिलो, चालू त्रैमासलाई अघिल्लो आर्थिक वर्षको सोही त्रैमाससँग तुलना गरेर। दोस्रो, चालू त्रैमासलाई त्यसअघिको त्रैमाससँग तुलना गरेर। यसैकारण एउटै अवधिमा पनि आर्थिक वृद्धिदर फरक-फरक देखिएको हो। गत आवको पहिलो त्रैमासको तुलनामा चालू आवको पहिलो त्रैमासमा खाद्यान्न बाली, वन पैदावार, निर्जीवन बिमा, निर्माण सामग्रीजस्ता केही क्षेत्र संकुचनमा गएका छन्। यसले समग्र वृद्धिदरलाई दबाबमा पारेको तथ्यांक कार्यालयले जनाएको छ।

अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुऱ्याउने कृषिक्षेत्रको वृद्धिदर १.३६ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। धानबालीको उत्पादनमा भएको कमी देखिएको छ। पशुपन्छी, तरकारीबाली तथा फलफूल उत्पादनमा भएको सामान्य वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव पारेको कार्यालयले जनाएको छ। आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमासमा अर्थतन्त्रको दोस्रो ठुलो हिस्सा ओगटेको थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ३.८९ प्रतिशत भएको अनुमान गरिएको छ। व्यापारजन्य वस्तुको स्वदेशी उत्पादन तथा आयातमा भएको वृद्धिका कारणले यस क्षेत्रको वृद्धि हुन गएको देखिन्छ। त्यसैगरी, गत आर्थिक वर्षको पहिलो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा सबैभन्दा कम वृद्धिदर १.११ प्रतिशत पानी आपूर्ति, ढलनिकास, फोहोर व्यवस्थापन तथा उपचारात्मक क्रियाकलाप र यो क्षेत्रपछिको कम वृद्धिदर १.१९ प्रतिशत मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलापको छ। यद्यपि, विद्युत् उत्पादन तथा वितरण, वित्तीय सेवा, पशुजन्य उत्पादन, फलफूल तथा तरकारी, व्यापार, पर्यटन आगमनलगायत क्षेत्रमा सुधार देखिएकाले कुल गार्हस्थ्य उत्पादन ३.०२ प्रतिशतले बढ्ने अनुमान गरिएको हो।

त्रैमासिक आधारमा हेर्दा अर्थतन्त्रको ठुलो हिस्सा ओगट्ने कृषि, वन तथा मत्स्य क्षेत्र १.६५ प्रतिशतले संकुचित भएको छ। त्यस्तै, खानी तथा उत्खनन क्षेत्र १०.०५ प्रतिशत र सार्वजनिक प्रशासन, सुरक्षा तथा सामाजिक सुरक्षासम्बन्धी क्रियाकलाप ५.९५ प्रतिशतले ऋणात्मक देखिएका छन्। यी प्रमुख क्षेत्रहरूको संकुचनका कारण चालू आवको पहिलो त्रैमासमा समग्र अर्थतन्त्र १.६८ प्रतिशत ऋणात्मक भएको प्रारम्भिक अनुमान गरिएको छ।



■ चक्रपथ दोस्रो खण्डको विस्तार

चीनमा डिपिआर तयार, तर नेपालले प्रक्रिया पूरा नगर्दा रोकियो काम

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालले चीनसँग गर्नुपर्ने 'कार्यान्वयन सम्झौता'को प्रक्रिया पूरा नगर्दा चक्रपथ दोस्रो खण्ड कलंकी-वसुन्धारा खण्डको काम रोकिएको छ। कार्यान्वयन सम्झौताको फाइल केही महिनादेखि अर्थ मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमा छ। त्यसमा मन्त्रिपरिषद्बाट स्वीकृति लिएर चीनसँग द्विपक्षीय सम्झौता गर्नुपर्ने भए पनि प्रक्रिया पूरा नहुँदा चिनियाँ पक्ष काममा आउन सकेका छैन। जबकि चीनले यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ।

चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बन्ने यो परियोजना सात वर्षदेखि अलपत्र छ। सोहीक्रममा पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो सडक खण्ड विस्तार गर्न चीन र नेपालबिच सम्झौता भएको थियो। त्यसपछि चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउने प्रक्रिया अघि बढाएको थियो। यसका लागि उक्त कम्पनी गत वैशाखदेखि फिल्डमा थियो। उक्त कम्पनीले परियोजनाको डिपिआर तयार गरिसकेको छ।

द्विपक्षीय रूपमा कार्यान्वयन सम्झौता गरेपछि डिपिआर बुझाउने चीनको तयारी छ। डिपिआर सडक विभागबाट स्वीकृति भएपछि काम सुरु गर्ने चीनको योजना छ। त्यसका लागि चीन आफैंले छिटो कार्यान्वयन सम्झौता गर्न दबाब दिएको छ। तर, नेपालले त्यसमा प्रक्रिया पूरा गर्न सकेको छैन।

सडक विभागका उपमहानिर्देशक अर्जुन अर्यालले कार्यान्वयन सम्झौता हुन नसक्दा चक्रपथ विस्तारको थप काम अघि बढ्न नसकेको बताए। 'विशेषगरी, यसमा करसम्बन्धी व्यवस्था छन्। निर्माणका क्रममा कम्पनीले विभिन्न उपकरण ल्याउनुपर्छ। त्यसमा कर लाग्ने-नलाग्ने विषयमा स्पष्टता खोजिएको छ,' उनले भने, 'समग्रमा कार्यान्वयन सम्झौता भएपछि काम सुरु गर्ने चिनियाँ पक्षको मनशाय छ। चीनले डिपिआर तयार गरिसकेको भन्ने जानकारी आएको छ। यो सम्झौता भएपछि डिपिआर बुझाउने र काम पनि सुरु गर्ने भनिएको छ। सम्झौता हुने अर्थ मन्त्रालयमार्फत हो। त्यसमा के-कति प्रगति भयो भनेर जानकारी भने छैन।'

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले यो प्रक्रियामा रहेको छोटो प्रतिक्रिया दिए। स्रोतका अनुसार अर्थ मन्त्रालयले यसमा आवश्यक राय सुझाब लिन भौतिक तथा यातायात मन्त्रालयमा फाइल पठाएको छ। उक्त मन्त्रालयबाट सुझाब आएपछि मन्त्रिपरिषद् पेस गरिने स्रोतको भनाइ छ। मन्त्रिपरिषद्बाट स्वीकृति आएपछि सम्झौताको काम अघि बढ्ने स्रोतको भनाइ छ।

चीनकै अनुदानमा सन् १९७७ मा २७ किलोमिटर लामो चक्रपथ निर्माण गरिएको थियो। त्यसलाई चीनकै अनुदानमा विस्तार गर्ने गरी पहिलेनै द्विपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार चीनले पहिलो चरणमा चक्रपथको कोटेश्वर-सातदोबाटो-एकान्तकुना-कलंकी खण्डको विस्तार गर्ने काम ०७५ मै सम्पन्न गरिसकेको छ। त्यसलगत्तै दोस्रो खण्ड विस्तार गर्ने गरी ०७५ मै नेपाल र चीनबिच सम्झौता भएको थियो।



■ चक्रपथ विस्तारका मुख्य घटनाक्रम

- ३ **पुस** ०६९ (१८ **डिसेम्बर** २०१२) : पहिलो खण्ड (कोटेश्वर-कलंकी) विस्तार गर्न नेपाल र चीनबिच सम्झौता
- २ **चैत** २०६९ (१५ **मार्च** २०१३) : पहिलो खण्ड विस्तारको काम सुरु
- ४ **माघ** २०७४ (१७ **जनवरी** २०१८) : दोस्रो खण्ड (कलंकी-धोबीखेला) विस्तार गर्ने गरी नेपाल-चीनबिच सम्झौता
- **असार** २०७५ (**जुलाई** १०१८) : पहिलो खण्ड विस्तारको काम सम्पन्न
- **मंसिर** २०७८ (**डिसेम्बर** २०२१) : चिनियाँ प्राविधिक टोलीद्वारा आयोजनास्थल अनुगमन
- **कात्तिक** २०७९ (**नोभेम्बर** २०२२) : एक चिनियाँ विशेष प्रतिनिधिको अनौपचारिक अध्ययन
- **मंसिर** ०७९ (**नोभेम्बर**/**डिसेम्बर** ०२२) : चिनियाँ प्रतिनिधिमण्डलको भ्रमण, एक वर्षमै डिजाइन बुझाउने प्रतिबद्धता
- ११ **फागुन** ०७८ : तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठसहितको अनुगमन
- **चैत** ०८० (१५ **मार्च** ०२४) : चिनबाट लेटर अफ एक्सचेन्जको मस्यौदा प्राप्त
- ६ **भदौ** ०८१ : लेटर अफ एक्सचेन्जका आधारमा दोस्रो खण्ड विस्तार गर्न द्विपक्षीय सम्झौता
- ९ **वैशाख** ०८२ : डिजाइनका लागि सर्भे गर्न चिनियाँ टोली फिल्डमा

दोस्रो चरणमा कलंकी-धोबीखोला खण्ड (११.६ किलोमिटर)लाई विस्तार गर्ने भनिएको थियो। तर, नारायण गोपालचोकदेखि धोबीखोलासम्म साइट क्लियरेन्स हुन नसकेपछि चीनले कलंकी-वसुन्धारा खण्ड (८.२ किलोमिटर) मात्रै विस्तार गर्दै छ। त्यो पनि कोरोनालगायतका कारण अघि बढ्न सकेको छैन। अब भने यो परियोजना अघि बढ्ने मामिलामा आशावादी रहेको विभागका अधिकारीहरू बताउँछन्। ८.२ किलोमिटर क्षेत्रमा साइट क्लियरेन्स भने भइसकेको छ।

कस्तो बन्दै छ दोस्रो खण्ड ?

चीनले डिजाइनको प्रारम्भिक अवधारणा अर्थात् 'टेक्निकल कन्फर्मेसन' यसअघि नै पठाएको थियो। त्यसअनुसार पहिलो खण्डको भन्दा फरक डिजाइनमा दोस्रो खण्डको विस्तार गरिँदै छ। चक्रपथ विस्तारको पहिलो (कलंकी-एकान्तकुना-कोटेश्वर) खण्डमा कुल आठ लेनको सडक छ। त्यसमा बिचमा दुई-दुई लेनको मुख्य सडक र दायाँ-बायाँ दुई-दुई लेनको सर्भिस लेन छ। साथै, मेन लेन र सर्भिस लेनको बिचमा फुटपाथ छ। दोस्रो खण्ड त्योभन्दा फरक बनाउने गरी यसअघि नै डिजाइनको प्रारम्भिक अवधारणा आएको थियो। त्यसमा दोस्रो खण्डको चौडाइ ६२ मिटर हुनेछ। त्यसमा बिचमा तीन मिटरको सेन्टर मिडियन (बिचमा खाली ठाउँ) राखिनेछ।

सोही मिडियनको दायाँ-बायाँ चार-चार लेनको मुख्य सडक बनाइनेछ। त्यसपछि दायाँ-बायाँ पौने तीन मिटरको फुटपाथ निर्माण गरिनेछ। मिडियनदेखि फुटपाथसम्मको चौडाइ ३८.८ मिटरको हुनेछ। फुटपाथ पछि दायाँ-बायाँ चार-चार मिटरको ग्रिनबेल्ट (हरियाली क्षेत्र) बनाइनेछ। हरियाली क्षेत्रपछि दुवै साइटमा ६-६ मिटरको सर्भिस लेन बनाइनेछ। सर्भिस लेनपछि दुवै साइटमा थप पाँच-पाँच फिटको फुटपाथ बनाइनेछ। यद्यपि, यो चीनले बुझाउने अन्तिम डिपिआरमा निर्भर रहनेछ।

संक्षेप

सामान्य अंकले बढ्यो नेप्से

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) बुधबार सामान्य अंकले बढेको छ। सो दिन बजार १.५२ अंक अर्थात् ०.०५ प्रतिशतले बढेर २६४१.४३ विन्दु कायम भएको छ। नेप्सेका अनुसार बुधबार ३२० कम्पनीको सेयर कारोबार भएको छ। जसमा १२५ कम्पनीको मूल्य बढ्यो। १२४ कम्पनीको मूल्य घट्दा ११ कम्पनीको मूल्यमा कुनै परिवर्तन भएन।

कारोबार भने मंगलबारको तुलनामा घटेको छ। मंगलबार ६ अर्ब ९९ करोडभन्दा बढीको कारोबार भएकोमा बुधबार ६ अर्ब २० करोड ९२ लाख ३८ हजारभन्दा बढीको किनबेच भयो। एक करोड २५ लाख चार हजार ९७० कित्ता ७२ हजार ६७१ पटक खरिद-बिक्री गरियो।

कारोबारमा आएका कम्पनीमध्ये सबैभन्दा बढी सुपरमादी हाइड्रोपावरको मूल्य बढेको हो। यो कम्पनीको मूल्य ९.९४ प्रतिशत अर्थात् ५३.८० रुपैयाँले बढेर ५९४ रुपैयाँ पुगेको छ। त्यसैगरी क्रमशः श्री स्टार हाइड्रोपावर, एनएमबि माइक्रोफाइनान्स, गुडविल फाइनान्स, सिटिजन्स म्युचुअल फन्ड-२ कम्पनीको मूल्य बढ्यो। समूहगत सूचकतर्फ बैंकिङ, लाइफ इन्स्योरेन्स, म्यानुफ्याक्चरिङ, माइक्रोफाइनान्स र अन्य समूहको सूचक घट्दा बाँकीको बढ्यो।

पर्यटकका लागि इबुकिङ सेवा शुभारम्भ

काठमाडौं/ होटल, ट्राभल, टुर प्याकेजलगायतका पर्यटन सेवाको डिजिटल बुकिङका लागि इबुकिङ नेपालले सेवा शुभारम्भ गरेको छ। होटेल, ट्राभल, टुर प्याकेज तथा अन्य डिजिटल बुकिङ सेवालाई एउटै प्लाटफर्ममार्फत सेवा दिने गरी सञ्चालनमा ल्याइएकाले 'इबुकिङ नेपाल'को शुभारम्भ मंगलबार सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले यसको शुभारम्भ गरेका हुन्। इबुकिङ नेपालको वेबसाइट तथा एप्समार्फत यसको शुभारम्भ गरेका छन्।

यसले नेपालको पर्यटन सेवालाई अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्न सहयोग पुग्ने बताइएको छ। 'यसमार्फत नेपालको यात्रा तथा पर्यटन क्षेत्र सरलतापूर्वक विश्व बजारसँग जोडिनेछ,' विज्ञप्तिमा भनिएको छ, 'स्थानीय पर्यटन व्यवसायलाई सक्षम बनाउने उपकरण पनि उपलब्ध गराउँछ।'

Opal Securities Investment Pvt Ltd
ओपल सेक्युरिटिज इन्भेष्टमेन्ट प्रा. लि.
रजिष्टर्ड कार्यालय : कामनपा वडा नं. २, उत्तरढोका, काठमाडौं
फोन नं. : ०१-५९७०३६७, इमेल : info@opalsecurities.com.np

हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

ओपल सेक्युरिटिज इन्भेष्टमेण्ट प्रा.लि. को मिति २०८२/०८/२६ गते सम्पन्न वार्षिक साधारण सभाबाट पारित भए बमिजिम शेयर दर्ता किताबमा मिति २०८२/०८/२६ सम्म कायम संस्थापक शेयरधनीहरूका लागि चुक्ता पुँजी रु.२०,१५,००,०००।- (अक्षरुपि बीस करोड पन्ध्र लाख रुपैया मात्र) को २५ प्रतिशतले हुन आउने प्रति शेयर अंकित मूल्य रु १००।- दरले ५,०३,७५० कित्ता हकप्रद शेयरको निष्काशन बिक्री खुला मिति २०८२/१०/०१ गते बिहिवारदेखि मिति २०८२/१०/१६ गते शुक्रबार सम्म गरिएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई जानकारीको लागि अनुरोध गर्दछौं। साथै उक्त मिति भित्र आवेदन नदिएको खण्डमा कम्पनी नियमावलीमा भएको व्यवस्था बमोजिम बिक्री वितरण गरी बाँडफाँड गर्न सक्नेछ।

- **हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने तथा बुझाउने स्थान :** ओपल सेक्युरिटिज इन्भेष्टमेण्ट प्रा.लि.को रजिस्टर्ड कार्यालय, उत्तरढोका, काठमाडौं
- **रकम बुझाउने बैंक :** लक्ष्मी सनराइज बैंक लिमिटेड, हात्तिसार, काठमाडौंमा रहेको यस कम्पनीको खाता नं. : २८११३९७१६२०११०१५

उपरोक्त स्थानको अलवा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने सांविक शेयरधनीहरूले हकप्रद शेयरको बिक्रि बन्द हुने मितिको अपराह्न ३:०० बजे सम्ममा ओपल सेक्युरिटिज इन्भेष्टमेण्ट प्रा.लि.को नाममा खिचिएको एकाउन्ट पेयी (A/C Payee) ड्राफ्ट वा भुक्तानी गरेको भौचरका साथ् हकप्रद शेयर खरिदका लागि दरखास्त फारम यस ओपल सेक्युरिटिज इन्भेष्टमेण्ट प्रा.लि. कामनपा वडा नं.२, उत्तरढोका, काठमाण्डौ बुझाउन सकिनेछ।

सेटलमेन्ट ग्यारेन्टी फन्डको कार्यान्वयन गरिने

नयाँ पत्रिका



धितोपत्र लगानीकर्ताको हित तथा विश्वास अभिवृद्धि गर्ने सुनिश्चित हुने गरी सेटलमेन्ट ग्यारेन्टी फन्डको प्रभावकारी कार्यान्वयन गरिने भएको छ। यसका लागि नेपाल धितोपत्र बोर्डलगायत सरोकारवालाले प्रभावकारी समवन्य गर्ने भएका हुन्। धितोपत्र बजारमा प्रणालीगत जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा बुधबार बोर्डको कार्यालयमा समन्वयात्मक बैठक भएको हो। बोर्डले आयोजना गरेको उक्त बैठकमा नेप्से र सिडिएससीले प्रणाली तथा क्लियरिङसम्बन्धी तयारी प्रस्तुत गरेका थिए। त्यसैगरी, एसोसिएसनले बजार सञ्चालनको व्यावहारिक अनुभवका आधारमा सुझाव प्रदान गरेको थियो। बैठकले सेटलमेन्ट ग्यारेन्टी फन्डको सहज र प्रभावकारी कार्यान्वयनका लागि थप प्राविधिक छलफल गर्दै समन्वयात्मक रूपमा अघि बढ्ने निष्कर्ष निकालेको बोर्डले जनाएको छ।

बोर्डका साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से), सिडिएस एन्ड क्लियरिङ लिमिटेड तथा स्टक ब्रोकर्स एसोसिएसन अफ नेपालका प्रतिनिधिको उपस्थिति रहेको बैठकमा सेटलमेन्ट ग्यारेन्टी फन्डको सञ्चालन संरचना, कोष व्यवस्थापन प्रक्रिया तथा कार्यान्वयनका लागि अपनाउनुपर्ने कार्यको समयसीमासहितको कार्ययोजनामा छलफल भएको थियो। सेटलमेन्ट सुनिश्चितता सुदृढ गर्ने र लगानीकर्ताको विश्वास अभिवृद्धि गर्ने उद्देश्यले जोखिम व्यवस्थापन, डिफल्ट व्यवस्थापन तथा सम्बन्धित निकाय र धितोपत्र व्यवसायीहरूको भूमिकासम्बन्धी विषयमा सरोकारवालाले आ-आफ्ना धारणा राखेको बोर्डले जनाएको छ।

पेटेन्ट डिजाइन दर्ता तथा नवीकरणका लागि पुनः आवेदन दिनुपर्ने

काठमाडौं/ जेन-जी आन्दोलन हुनुअघि पेटेन्ट डिजाइन दर्ता तथा नवीकरणका लागि उद्योग विभागमा निवेदन दिएका आवेदकले पुनः निवेदन दिनुपर्ने भएको छ। आन्दोलनका क्रममा भएको तोडफोड तथा आगजनीपछि सम्पूर्ण फाइल जलेर नष्ट भएको भन्दै विभागले उक्त समयमा दर्ता तथा नवीकरणको प्रक्रिया सुरु गरेकालाई पुनः ९० दिनभित्र आवेदन दिन भन्दै सूचना जारी गरेको हो।

गत २४ भदौमा भएको आगजनी तथा तोडफोडबाट विभागको औद्योगिक सम्पत्ति शाखामा रहेका भौतिक फाइल जलेर नष्ट भई पेटेन्ट र डिजाइन दर्ता तथा नवीकरण गर्ने कार्यमा समस्या परेकाले विभागले पुनः आवेदन दिन भन्दै सूचना प्रकाशन गरेको हो। उक्त मितिअघि विभागमा पेटेन्ट र डिजाइन दर्ता तथा नवीकरणका लागि निवेदन दिएका सम्पूर्ण दरखास्तवालाले आवश्यक कागजात संलग्न राखी प्रतिलिपि फाइल खडा गरी यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र पुनः आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ' विभागको सूचनामा उल्लेख छ।



बाँकेमा स्ट्रबेरी खेतीमा बढ्दै किसानको आकर्षण

बजारमा माग र मूल्य राम्रो पाएपछि पछिल्लो समय किसानको रोजाइमा पर्दै छ स्ट्रबेरी खेती, हेर्नेको घुइँचो

बाँकेमा **विश्वराज पछ्लडङ्गा**

बाँकेमा स्ट्रबेरी खेती गर्नेको संख्या बढ्दै गएको छ। गत वर्ष बैजनाथ गाउँपालिका १, च्यामाका सर्पराज बस्नेतले १५ क्विन्टल स्ट्रबेरी उत्पादन गरेपछि यो वर्ष थप दुई जना किसानले खेती गरेका छन्।

गत वर्ष स्ट्रबेरी उत्पादन राम्रो भएपछि बस्नेतले थप दुई कट्ठा क्षेत्र बढाएर सात कट्ठामा खेती गरेको बताए। 'गत वर्ष नसोचेको फल लाग्यो। आम्दानी पनि राम्रो भयो। यसवर्ष दुई कट्ठा थप गरेर स्ट्रबेरी खेती गरेका छौं,' उनले भने, '६ लाख रुपैयाँ खर्च लागेको थियो, थोकमा १० लाख र फाटफुट दुई लाख रुपियाँको बिक्री भयो।'

बस्नेतले गत वर्ष प्रति किलो ६ सय रुपियाँमा बिक्री गरेको बताए। उनले उत्पादन गरेको स्ट्रबेरी नेपालगन्ज र कोहलपुरमा खपत भएको थियो। 'थौरैमात्र नेपालगन्ज पठायौं। धेरैजसो कोहलपुरमा खपत भयो। हेर्न आउनेहरूले समेत किनेर लगे,' उनले भने।

कोहलपुरका हेमन्त थापाले पनि यसवर्ष स्ट्रबेरी खेती गरेका छन्। गत वर्ष ट्रायलका लागि गरेका उनले यस वर्ष १० कट्ठामा खेती गरेको बताए। 'पोहोर साल ट्रायल गरेका थियौं। फल र माग राम्रो भएपछि यस वर्ष १० कट्ठामा स्ट्रबेरी खेती गर्यौं,' थापाले भने।



बैजनाथका सर्पराज बस्नेतको स्ट्रबेरी देखेपछि खजुरा गाउँपालिका २ की जगतकुमारी शाहीले पनि तीन कट्ठामा स्ट्रबेरी खेती गरेकी छन्। उनले बजार माग राम्रो देखेपछि यसको खेती गरेको बताइन्। 'कृषिसम्बन्धि एउटा कार्यक्रममा सर्पराजजीले फल ल्याउनुभएको थियो। उहाँसँगको कुराकानीमा उत्पादन र बजार राम्रो लाग्यो, अनि मैले पनि यस वर्ष स्ट्रबेरी खेती गर्ने योजना बनाएँ,' उनले भनिन्। बाँकेका किसानले रोपेको स्ट्रबेरीमा फल लागिसकेको छ। लामो समयसम्म घाम नलागेका कारण फल बढ्न नसकेको बैजनाथका सर्पराजले बताए। 'फल लागिसकेको छ। पहिलो चरणमा फलेको फल माघ पहिलो साताभित्र बजार पठाई सक्छौं,' उनले भने।

गतवर्षबाट पाठ सिकेर मल्चिङ र ड्रिप इरिगेशन प्रविधि प्रयोग गरि स्ट्रबेरी खेती गरेको उनले बताए। 'ड्रिप इरिगेशनमार्फत पानी सिँचाइ र रासायनिक मल हाल्छौं। यसले यस वर्ष उत्पादन बढ्ने आशा छ,' उनले भने।

कोहलपुरका हेमन्त थापा र खजुराकी जगतकुमारी शाहीले पनि मल्चिङ प्रविधि प्रयोग गरेका छन्। मल्चिङ प्रविधिबाट खेती गर्दा मजदुरको लागत घट्ने शाहीले बताइन्। 'मल्चिङ प्रविधिबाट खेती गर्दा झारपात आउँदैन। यसले मजदुरको लागत घटाउन सहयोग गर्छ र विरुवाले राम्रोसँग पोषकतत्व पाउँछ,' उनले भनिन्।

पहिलो पटक खेती गर्दा सर्पराज निर्धक्क थिएनन्। स्ट्रबेरी चिसो ठाउँमा फल्ने उनले सुनेका थिए। बाँकेको जस्तो गर्मीमा यसको खेती नफस्टाउने हो की भन्ने चिन्ता थियो। 'पहिलो वर्ष धुकचुक थियो। बारीमा लटरम्म फलेपछि योजना सफल भयो भन्ने लाग्यो,' उनले भने, 'बाँकेको लागि नयाँ फल भएर होला हेर्नेको घुइँचो लाग्थ्यो।'

उनले स्ट्रबेरी मात्र फलाएनन्। बेर्नासमेत आफैं उत्पादन गरे। करिब तीन हजार विरुवा आफैंले उत्पादन गरेको उनले बताए। 'बहुत मेहनत गरेर बिरुवा हुकायौं, तर योजना बनाएर काम गरे जस्तोसुकै काम पनि गर्न सकिदो रहेछ भन्ने प्रमाणित भयो,' उनले भने, 'बाहिरबाट ल्याएकोभन्दा आफैले उत्पादन गरेको विरुवा राम्रोसँग हुर्केको छ। फल पनि राम्रो लागेको छ। अर्को वर्ष अझ धेरै विरुवा राख्ने योजना छ।'

■ कञ्चनपुर-कमला सडक : तेस्रोपटक म्याद थप

पूर्व र पश्चिम खण्डको भौतिक प्रगति ६९ प्रतिशत मात्रै

सप्तरीको कुसहादेखि सिराहाको कमला नदीसम्म पर्ने अधिकांश ठाउँमा पुल, कल्भर्ट, सडक निर्माण सकिए पनि मुख्य बजार क्षेत्रमा ओभरपास निर्माण सुस्त, साँघुरो डाइभर्सनमा सवारीसाधन गुडाउँदा दुर्घटनाको जोखिम बढ्यो

लहानमा **मणिलाल विश्वकर्मा**



सप्तरीको कञ्चनपुरदेखि सिराहा-धनुषा जोड्ने कमला नदीसम्मको ८६ दशमलव ८२ किलोमिटर कञ्चनपुर-कमला सडकको पूर्वी र पश्चिम खण्ड निर्माणको म्याद तेस्रोपटक थप हुँदा करिब ६९ प्रतिशत प्रगति भएको छ। सन् २०२० जुनमा गरेको ठेक्का सम्झौताअनुसार चाइना रेलवे नं २ इन्जिनियरिङ ग्रुपले कञ्चनपुरदेखि कुसहासम्म ३९.४२ किलेमिटर पूर्वी खण्ड र कुसहादेखि कमला नदीसम्म ४७.४ किलोमिटर पश्चिम खण्ड गरी ८६.८२ किलोमिटर सडक चार र ६ लेनसहित, पुल, कल्भर्ट, ओभरपास र अन्डरपास, अकासेपुल निर्माण २८ अक्टोबर २०२३ मा सम्पन्न गर्नुपर्ने थियो। लहानस्थित पूर्वी खण्डको कार्यालयका सूचना अधिकारी इन्जिनियर राजीव झाका अनुसार सप्तरीको कञ्चनपुर, महुली, सीतापुर, वीरेन्द्रबजार, रुपनी, कल्याणपुर र कठौनामा खण्ड-खण्ड गरी ६.०८ किलोमिटर ६ लेनको सडक बनाउनुपर्नेमा ठाउँ-ठाउँमा अवरोध छ। 'आगामी जुनसम्म निर्माण सम्पन्न गर्ने गरी तेस्रोपटक ६ महिना म्याद थप भएको छ,' उनले भने, 'तर, प्राविधिक रूपले अनावश्यक ठाउँमा पनि नालालगायतका संरचना बनाउन स्थानीयले दबाब दिन थालेपछि काम नियमित हुन सकेको छैन।' उनका अनुसार कठौनामा स्थानीय बासिन्दाले जबर्जस्ती थप संरचना निर्माण गर्न दबाब दिँदै दुर्व्यवहार गरेका छन्।

'स्थानीयको अवरोध र दबाब कायमै रह्यो भने तेस्रोपल्ट म्याद थप हुँदा पनि सम्पन्न गर्न गाह्रो छ,' उनले भने, 'उक्त खण्डमा विद्युत्को पोल सार्न, नाला निर्माणलगायतका काममा स्थानीयले सहयोग गरेका छैनन्।' उनका अनुसार करिब ३३ किलोमिटर चार लेन सडकमध्ये २४ किलोमिटर खण्ड, २९ वटा ठुला-साना पुलको सुपर स्ट्रक्चरसम्मको निर्माण सम्पन्न भएको छ। 'पूर्वी खण्डमा एक सय १३ वटा कल्भर्ट निर्माणसहित २० वटा पुलमा सवारीसाधन गुड्न थालेका छन्,' उनले भने, 'गत डिसेम्बरसम्म पूर्वी खण्डको भौतिक प्रगति करिब ६७ प्रतिशत हो।'

■ पश्चिम खण्डको अवस्था उस्तै

मिर्चैयास्थित पश्चिम खण्ड कार्यालयले सार्वजनिक गरेको त्रैमासिक प्रतिवेदनअनुसार गत असोज मसान्तसम्म चार लेनको कालोपत्रे ३०.८५ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। मिर्चैया, लहानमा ६ लेन सडकसहित ओभरपास र अन्डरपासका लागि आवश्यक पूर्वाधारको काम जारी रहेको भए पनि गोलबजारमा डिजाइन स्वीकृति ढिलो हुँदा माटो परीक्षणबाहेक अन्य काम हुन नसकेको सूचना अधिकारी अनुपम साहले जानकारी दिए।

उनका अनुसार लहान बसपार्क, प्रादेशिक अस्पतालअगाडि अकासेपुलका लागि फाउन्डेसनको काम सम्पन्न भएको छ। लहान र मिर्चैयामा ओभरपासका लागि ५० वटा पाइल फाउन्डेसन गरिएको, तर लहानमा माटो केही कमजोर देखिएकाले २० वटा ग्राभेल फाउन्डेसनको काम गरिएको उनले बताए। त्यसबाहेक पश्चिम खण्डमा एक सय १२ कल्भर्ट निर्माण भइसकेको जानकारी दिँदै उनले साना-ठूला गरी २५ पुल निर्माण सम्पन्न गरी १२ वटामा सवारीसाधन चलाउन खुला गरिएको छ। सडकमा रेलिङ, एक्सपान्सन ज्वाइन्ट, पुलको रेलिङ तथा रंगरोगन बाँकी रहेकाले थप भएको म्यादभित्र सम्पन्न गर्ने गरी काम भइरहेको योजना कार्यालयले जनाएको छ।

■ तेस्रोपटक गरी ३२ महिना म्याद थप

सन् २०२० जुनमा ठेक्का सम्झौतापछि २९ अक्टोबर २०२० मा निर्माण थालनी गरी २८ अक्टोबर २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य छ। तर, साइट क्लियरेन्स, कोरोना महामारीजस्ता कारणले करिब एक वर्षपछि ढिलो काम थालेको चाइना रेलवे नं २ इन्जिनियरिङ ग्रुपका लागि पहिलोपटक २३ डिसेम्बर २०२४ सम्म १४ महिना र दोस्रोपल्ट २०२५ डिसेम्बरसम्म १२ महिना म्याद थप भएको थियो।

ग्रुपले कुसहा-कञ्चनपुर ३९ दशमलव ४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड ७६ हजार ३४ रुपैयाँ ३४ पैसा र कुसहादेखि कमलासम्म ४७.४ किलोमिटर पश्चिम खण्ड भरिएसनपछि आठ अर्ब ८० करोड ७० लाख १८ हजार दुई सय ७७ रुपैयाँ १० पैसामा ठेक्का सम्झौता गरेको थियो। उक्त सडक निर्माणका लागि एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी रहेको छ।

■ मुख्य बजार क्षेत्रमा धुलो-धुवाँको सास्ती

पटक-पटक म्याद थप हुँदा पनि निर्माण सम्पन्न नहुँदा मुख्य बजार क्षेत्रका बासिन्दाले धुलो, धुँवाको सास्ती खेप्दै आएका छन्। सप्तरीको कुसहादेखि सिराहाको कमला नदीसम्म पर्ने अधिकांश ठाउँमा पुल, कल्भर्ट, सडक निर्माण सकिएको भए पनि जिल्लाको मुख्य बजार क्षेत्र लहान खण्डको ओभरपास निर्माण सुस्त हुँदा दिनहुँ धुलो-धुँवासँगै दुवैतर्फ साँघुरो डाइभर्सनमा सवारीसाधन गुडाउँदा दुर्घटनाको जोखिम बढेको स्थानीयको गुनासो छ।

पछिल्लो असारमा सहिद स्मारक भत्काएपछि अस्तव्यस्त बनेको लहानको मुख्य चोकको दायाँ-बायाँबाट एकतर्फी सवारीसाधन चलाउन डाइभर्सन बनाइएको भए पनि दुर्घटनाको जोखिमसँगै धुलो उड्ने र पानीमा हिलाम्मे भएको भन्दै स्थानीयले गत असारमा चक्काजामसमेत गरेका थिए। लहानखण्डमा निर्माण भइरहेको ओभरपास, अस्पताल चोक र बसपार्कनजिक अकासेपुलको फाउन्डेसन सकिए पनि अन्य निर्माण ढिलाइ हुँदा मुख्य चोक क्षेत्र अस्तव्यस्त बनेको स्थानीय बस व्यवसायी डम्बर घिमिरेले गुनासो गरे।

'महालक्ष्मी माघ महोत्सव' डिजिटल प्रवर्द्धन महिना सञ्चालन गरिने



काठमाडौं/ महालक्ष्मी विकास बैंकले नगदरहित बैंकिङ कारोबारलाई बढावा दिन 'महालक्ष्मी माघ महोत्सव' डिजिटल प्रवर्द्धन महिना सञ्चालन गर्ने भएको छ। बैंकले हरेक वर्ष माघ महिनालाई डिजिटल कारोबार प्रवर्द्धन महिनाका रूपमा मनाउँदै आएको छ। निर्णयबमोजिम 'महालक्ष्मी माघ महोत्सव' मनाउन थालिएको हो।

डिजिटल कारोबारलाई थप वृद्धि गर्न बैंकले डिजिटल सेवामा विभिन्न आकर्षक सुविधा थप गरेको जनाएको छ। विभिन्न सुविधामध्ये मोबाइल एप 'महालक्ष्मी स्मार्ट साथी'मार्फत मुद्दती खोल्दा बढी ब्याजदर प्रदान गरिने भएको छ। यसअन्तर्गत ग्राहकले एपमार्फत मुद्दती खाता खोल्दा बैंकले व्यक्तिगत मुद्दतीमा प्रदान गर्ने ब्याजदरभन्दा ०.२५ प्रतिशत बढी ब्याजदर प्राप्त गर्न सक्नेछन्।

त्यसैगरी, 'महालक्ष्मी माघ महोत्सव'लाई थप उत्साहमय बनाउन भर्चुअल तथा साधारण क्रेडिट कार्ड जारी गर्दा तथा वार्षिक शुल्कमा शतप्रतिशत छुट प्रदान गरिने बैंकको भनाइ छ।

डेबिट कार्ड जारी गर्दा तथा मोबाइल बैंकिङ दर्ता गर्दासमेत प्रतिशत छुट प्रदान हुनेछ। ग्राहकले मोबाइल एपमार्फत फार्मेसीको बिल भुक्तानी गर्दा २० प्रतिशत वा दुई सय रुपैयाँसम्म क्यासब्याक पनि प्राप्त गर्नेछन्।

बैंकका अनुसार अडियोमार्फत भुक्तानी प्राप्त भए नभएको सूचना प्रदान गर्ने 'कोइली'दर्ता गर्दासमेत शुल्क लाग्नेछैन। यो अभियान माघ महिनाका लागि मात्र लागू हुने बताइएको छ। यसप्रकारको अभियानबाट बैंकिङ सेवाको पहुँचमा वृद्धि गर्नमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ। साथै, नगद कारोबारको सीमा घट्दै जाँदा यस अभियानले डिजिटल कारोबारलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वाससमेत बैंकले लिएको छ।

निगालो होटेलको बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल



काठमाडौं/ मुक्तिनाथ क्यापिटल लिमिटेड निगालो होटेल लिमिटेडको साधारण सेयर (आइपिओ) निष्कासक तथा बिक्री प्रबन्धकका रूपमा नियुक्त भएको छ। आइपिओ निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौतामा मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशी र निगालो होटेलका अध्यक्ष टीकाराज बरालले हस्ताक्षर गरेका छन्।

नगरकोटमा रहेको चारतारे निगालो होटेलले आफ्नो जारी पुँजीको २५ प्रतिशतबराबरको १८ लाख ७५ हजार कित्ता आइपिओ सर्वसाधारणमा निष्कासन गर्ने तयारी गरेको छ। सञ्चालनको अन्तिम चरणमा रहेको यस होटेलमा ६८ वटा प्रिमियम कोठा (सुइटसहित), तीनवटा बैंक्वेट हल, तीनवटा रेस्टुरेन्ट, बार, स्विमिङ पुल छन्। सेयर निष्कासनपश्चात् पोखरा, काठमाडौं र चितवनजस्ता प्रमुख सहरमा आफ्नो सेवा विस्तार गर्ने योजना रहेको बताइएको छ।

कामना सेवाले गर्‍यो चितवनको विद्यालयलाई न्यानो कपडा वितरण



काठमाडौं/ कामना सेवा विकास बैंकले चितवनको एक विद्यालयमा न्यायो कपडा वितरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय खुरखुरेमार्फत राप्ती नगरपालिका- १२ स्थित भविष्य निर्माण आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ। वितरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जितबहादुर प्रजा, प्रमुख अतिथि राप्ती नगरपालिका- १२ का वडाध्यक्ष अर्जुन प्रजा, बैंकका कर्मचारी तथा राप्ती नगरपालिकाका सबइन्जिनियर विजय पौडेल, वडासदस्य अशोक जिम्बालगायतको सहभागिता थियो।

बैंकको नारायणगढ क्षेत्र प्रमुख सुरेन्द्र भण्डारीले कक्षा १ देखि ३ सम्मका ७० जना विपन्न तथा सीमान्तकृत चेपाङ समुदायका बालबालिकालाई न्यानो कपडा वितरण गरेका हुन्। वितरण कार्यक्रममा बोल्दै भण्डारीले न्यानो कपडा वितरणले बालबालिकाको स्वास्थ्य तथा शैक्षिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे। त्यस्तै, वडाध्यक्ष प्रजाले बैंकले यस क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत निरन्तर रूपमा पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गरे।

खातामा प्यान र इमेल अद्यावधिक गर्न एनआइसी एसियाको आग्रह

काठमाडौं/ एनआइसी एसिया बैंकले ग्राहकलाई आफ्नो खातामा स्थायी लेखा नम्बर (प्यान) र इमेल ठेगाना अद्यावधिक गर्न अनुरोध गरेको छ। ग्राहकको खाताबाट गरिएको करकट्टीको विवरण सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आवद्ध गर्नुपर्ने भएकोले अद्यावधि गर्न आग्रह गरिएको हो। बैंकका अनुसार ग्राहकले बैंकको वेबसाइट वा वा मोबाइल बैंकिङ एपबाट प्यान यथाशीघ्र अद्यावधिक गर्न सक्नेछन्। साथै, आफूलाई पायक पर्ने यस बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत आफ्नो खातामा प्यान अद्यावधिक गर्न आवेदन दिन सकिने बैंकले जनाएको छ।

पर्यटकलक्षित बिमा सेवा सुरु

पहिलो चरणमा विदेशी पर्यटकलाई मात्रै उपलब्ध हुने यो सेवामा लोकेसन ट्र्याकिङ गर्न छुट्टै यान्त्रिक डिभाइससमेत हुने

नयाँ पत्रिका



टुर, ट्रेकिङ तथा हिमाल आरोहणका लागि आउने विदेशी पर्यटकलाई लक्षित गरेर नेपालमा पहिलोपटक यन्त्रमा आधारित बिमा पोलिसी ल्याइएको छ। आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स र हिमालयन गार्डियन नेपालले यो बिमासेवा शुभारम्भ गरेका हुन्।

पहिलो चरणमा विदेशी पर्यटकलाई मात्रै यस्तो पोलिसी बिक्री गरिनेछ। यसमा पर्यटकको लोकेसन ट्र्याकिङ गर्न छुट्टै यान्त्रिक डिभाइससमेत हुनेछ। त्यसले कुनै आपत्कालीन अवस्थामा पर्यटकको तत्कालीन लोकेसनमा पुगेर उद्धार गर्न सहज हुनेछ। उक्त डिभाइस सञ्चालन गर्न नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमति लिइएको हिमालयन गार्डियनको भनाइ छ। पुनर्बिमा सेवा भने एमरेष्ट-रि, ह्यान्डओभर-रि, लेडी अफ लन्डन-रिजस्तो अन्तर्राष्ट्रिय कम्पनीमा गरिने बताइएको छ।

हिमालयन गार्डियनले बिमितलाई जिपिएस ट्र्याकर, २४ घण्टा नै निगरानी र उद्धारसम्बन्धी सेवा दिनेछ। बीमाले औषधि उपचार, उद्धार खर्च, आकस्मिक वा अपांगता, मृत्यु, यात्रु फिर्ता पठाउनेलगायतका दाबी-भुक्तानी दिनेछ। यसमा तीन प्रकारका बिमा सेवा हुनेछन्। टुरका लागि ३५ सय मिटर उचाइसम्म जोखिम रक्षावरण हुने गरी बिमा गरिनेछ। ट्रेकिङमा भने ५५ सय मिटर उचाइसम्मको जोखिम रक्षावरण हुने गरी बिमा गरिनेछ। क्लाइम्बिङ (हिमाल आरोहण)तर्फ भने ६ हजार मिटरसम्मको उचाइको जोखिम रक्षावरण हुने गरी बिमा गरिनेछ।

पछिल्लो समय नेपालमा 'फेक रेस्क्यु' गरेर बिमा दाबी भुक्तानी लिने समस्यासमेत छ। त्यसलाई समेत न्यूनीकरण गर्ने गरी यो प्रडक्ट ल्याइएको कम्पनीको भनाइ छ। यसमा बिमा कम्पनीतर्फ आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको बिमालेख हुनेछ। बिमाशुल्क संकलन तथा तथा दाबी भुक्तानी सोही कम्पनीमार्फत हुनेछ। हिमालयन गार्डियन नेपाल भने संस्थागत बिमा अभिकर्ताको रूपमा हुनेछ। यो पोलिसी हिमालयन गार्डियन नेपालले मात्रै बिक्री गर्न पाउनेछ। हिमालयन गार्डियन नेपाल टुरिजम सेवा दिने कम्पनी हो। बिमालाई समेत समावेश गरेर एउटै प्याकेजमा टुरिजम सेवा दिने गरी यो प्रडक्ट ल्याइएको हो।

कर्पोरेट

नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको साधारणसभा



काठमाडौं/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले ३९औँ वार्षिक साधारणसभा सफलतापूर्वक सम्पन्न गरेको छ। बैंकक अध्यक्ष पृथ्वीबहादुर पाँडेको अध्यक्षतामा बुधबार सम्पन्न सभामा सेयरधनीहरूको सहभागिता रहेको थियो। सभामा बैंकको गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन तथा वित्तीय विवरण प्रस्तुत गरिनुका साथै आवश्यक छलफल गरिएको थियो।

बैंकका अनुसार आर्थिक वर्ष ०८१/८२ मा बैंकले चार अर्ब ३३ करोड रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ। स्रोत परिचालनतर्फ बैंकको कुल निक्षेप ६९ अर्ब ४८ करोड रुपैयाँले वृद्धि भई चार खर्ब ७६ अर्ब रुपैयाँ पुगेको छ भने कर्जा प्रवाहको क्षेत्रमा पनि २० अर्ब ८४ करोड रुपैयाँ गएको छ। त्यस्तै, खुद कर्जा तथा सापटी रकम तीन खर्ब ३९ अर्ब रुपैयाँ कायम भएको बैंकले जनाएको छ।

यसैगरी, बैंकले आफ्नो लगानीलाई ३५ अर्ब ८७ करोड रुपैयाँले बढाउँदै एक खर्ब ४२ अर्ब रुपैयाँ पुऱ्याएको छ। संस्थाको इक्विटीतर्फ, ३४ अर्ब १३ करोड रुपैयाँ चुक्ता पुँजी रहेको यस बैंकको कुल सेयरधनी कोष ६४ अर्ब ९८ करोड रुपैयाँ पुगेको छ।

प्राइम बैंकको ८.४२ प्रतिशत लाभांश अनुमोदन

काठमाडौं/ प्राइम कमर्सियल बैंकको सञ्चालक समितिले प्रस्ताव गरेअनुरूप ८.४२ प्रतिशत लाभांश पारित गरिएको छ। बैंकको बुधबार सम्पन्न १८औँ



वार्षिक साधारणसभाले सो लाभांश अनुमोदन गरेको हो। जसमा आठ प्रतिशत बोनस सेयर तथा कर प्रयोजनका लागि चुक्ता पुँजीको ०.४२१ प्रतिशत नगद लाभांश रहेको छ।

सभा बैंक सञ्चालक समिति अध्यक्ष राजेन्द्रदास श्रेष्ठको अध्यक्षतामा भएको हो। सभाले बैंक सञ्चालक समितिमा सेयरधनीका तर्फबाट सञ्चालक पदमा डा. गजेन्द्र विष्टलाई निर्विरोध निर्वाचित गरेको छ। डा. विष्ट यसअघि पनि बैंकका सञ्चालक थिए।

अध्यक्ष श्रेष्ठले बैंकले विगतमा झैं आगामी दिनमा पनि आफ्नो सेवा र शाखा विस्तार गर्दै जाने बताए। साथै, सेयरधनीलाई यथोचित र समयसापेक्ष प्रतिफल निरन्तरता दिने तथा ग्राहककेन्द्रित डिजिटल समाधानमार्फत बैंकको सेवा आधुनिक एवं सरल बनाउने प्रतिबद्धतासमेत व्यक्त गरे।

कुमारी बैंकको वित्तीय विवरण पारित



काठमाडौं/ कुमारी बैंकको २५औँ वार्षिक साधारणसभाले विभिन्न वित्तीय विवरण छलफल गरी पारित गरेको छ। बुधबार काठमाडौंमा सम्पन्न सभाले गत आर्थिक वर्षको ०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदनसहित असार मसान्तसम्मको वासलात, नाफानोक्सान हिसाबलगायतका वित्तीय विवरण पारित गरिएको छ।

विगत २४ वर्षदेखि निरन्तर बैंकिङ सेवा दिँदै आएको कुमारी बैंकले देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१६ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ एकाइमार्फत सेवा प्रदान गर्दै आइरहेको छ।

लुम्बिनी विकास बैंकले गर्‍यो साधारणसभा

काठमाडौं/ लुम्बिनी विकास बैंकले १८औँ वार्षिक साधारणसभा बुधबार सम्पन्न गरेको छ। बैंकको साधारणसभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन पारित गरी चालू आवका लागि लेखापरीक्षकको नियुक्तिलगायतका प्रस्ताव पारित गरेको छ।

सभा बैंकका सञ्चालक समिति अध्यक्ष चिन्तामणि भट्टराईको अध्यक्षतामा सम्पन्न भएको हो। गत आवको वार्षिक प्रतिवेदनमाथि सहभागी सेयरधनीले



राखेको जिज्ञासालाई अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराले स्पष्ट पारेका थिए।

सातै प्रदेशमा शाखा सञ्चालन गरी कारोबार गर्दै आइरहेको यस बैंकका ८९ वटा शाखा कार्यालय तथा एक एक्सटेन्सन काउन्टर सञ्चालनमा छन्।

हिमालयनको साधारणसभा



काठमाडौं/ हिमालयन बैंक लिमिटेडको ३३औँ वार्षिक साधारणसभा बुधबार सकिएको छ। बैंक सञ्चालक समितिका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त साधारणसभाले बैंक तथा बैंकका सहायक कम्पनीसहितको एकीकृत वित्तीय विवरण पारित गरेको छ। सभामा अध्यक्ष श्रेष्ठले गत आवको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

त्यसैगरी, चालू आवका लागि लेखापरीक्षक पनि नियुक्त गरिएको छ। नियामक निकायको निर्देशनबमोजिम सञ्चालक समितिको संरचनालाई परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित भएको छ।

सेन्ट्रल फाइनान्सको वार्षिक साधारणसभा सम्पन्न



काठमाडौं/ सेन्ट्रल फाइनान्स लिमिटेडको २९औँ साधारणसभा ३० पुसमा सम्पन्न भएको छ। तीन दशकदेखि गुणस्तरीय बैंकिङ सेवा दिँदै आएको यस संस्थाको चुक्ता पुँजी ९४ करोड ८८ लाख ७५ हजार छ। त्यस्तै, संस्थाको निक्षेप आठ अर्ब २८ करोड र कर्जा पाँच अर्ब आठ करोड रुपैयाँ रहेको बताइएको छ।

संस्थाको केन्द्रीय कार्यालय ललितपुरको कुपन्डोल कानदेवस्थानमा रहेको छ। साथै, चाबहिल र गोंगबु गणेशस्थान, चितवनको नारायणगढ, रुपन्देहीको बुटवल र भैरहवा, भक्तपुरको च्यामहासिंह, महोत्तरीको बर्दीवास, नवलपरासीको बर्दघाटबाट पनि संस्थाले सेवा दिँदै आएको छ।

रिलायन्स फाइनान्सले गर्‍यो सञ्चालकलाई सम्मान

काठमाडौं/ रिलायन्स फाइनान्सले पूर्वसञ्चालकसहित संस्थामा १० वर्षभन्दा बढी समयसम्म काम गरेका कर्मचारीलाई सम्मान गरेको छ। फाइनान्सको बुधबार सम्पन्न १६औँ साधारणसभाले संस्थामा १० वर्षभन्दा बढी समय सञ्चालक भई योगदान पुऱ्याएका



पूर्वसञ्चालक विष्णुमान जोशीलाई सम्मान गरेको हो। त्यसैगरी, सम्मानित हुनेमा कर्मचारी पनि थिए।

यसका साथै, संस्थाले आफ्ना शाखामध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट काम गर्ने तीनवटा शाखा लाई बेस्ट ब्रान्च अवार्डबाट पुरस्कृतसमेत गरेको थियो।

संस्थाका अध्यक्ष कुशप्रसाद मल्लीको सभापतित्वमा सभामा संस्थाका तर्फबाट गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहित प्रस्तुत गरिएको छ, ज सलाई सभाले पारित गरेको छ। त्यसैगरी, बाह्य लेखापरीक्षकको नियुक्ति गरी तथा वित्तीय संस्था एक-आपसमा गाभ्ने-गाभिने कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिइएको छ। संस्थाका अनुसार गत आवमा संस्थाको निक्षेपमा १.०३ प्रतिशतले वृद्धि भई आठ अर्ब ६४ करोड रुपैयाँ पुगेको छ भने कर्जामा ८.७० प्रतिशतले वृद्धि भई सात अर्ब नौ करोड पुगेको बताइएको छ।

मेरो माइक्रोको सञ्चालकमा चारजना निर्विरोध

काठमाडौं/ मेरो माइक्रोफाइनान्स लघुवित्तको सञ्चालक समितिमा चारजना निर्विरोध निर्वाचित भएका छन्। लघुवित्तको बुधबार सम्पन्न १३औँ वार्षिक साधारणसभाबाट संस्थापक समूहतर्फ कल्याणविक्रम पाँडे (ग्लोबल आइएमई बैंक, नेपाल भूषण श्रेष्ठ (प्राइम कमर्सियल बैंक), सुमन मुलेपती (सिटिजन्स बैंक इन्टरनेसनल) र सर्वसाधारण समूहतर्फ सुनिता पौडेललाई निर्विरोध निर्वाचित भएका हुन्।

त्यसैगरी, सभाले पाँच प्रतिशत लाभांशसहित गत आव ०८१/८२ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्ताव पनि पारित गरेको छ। संस्थाका सञ्चालक समिति अध्यक्ष कल्याणविक्रम पाँडेले चुनौतीपूर्ण आर्थिक परिवेशलाई अवसरमा रूपान्तरण गर्दै दिगो र विश्वासिलो वृद्धितर्फ दृढतापूर्वक अघि बढिरहेको बताए। त्यस्तै, संस्थाका सिइओ रामहरि दाहालले संस्थाले सेवा-सुविधामा समयसापेक्ष परिमार्जन गर्दै लगिएको बताए।

प्रोग्रेसिभ फाइनान्सको साधारणसभा

काठमाडौं/ प्रोग्रेसिभ फाइनान्स लिमिटेडले बुधबार आफ्नो २९औँ वार्षिक साधारणसभा सम्पन्न गरेको छ। संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद महर्जनको अध्यक्षतामा सम्पन्न भएको साधारणसभामा सञ्चालक समितिका तर्फबाट प्रतिवेदन पेस गरिएको थियो। अध्यक्ष महर्जनले संस्थाले आर्थिक वर्ष ०८१/८२ मा सम्पन्न भएका कार्यक्रम तथा गतिविधिबारे प्रकाश पारेका थिए। साथै, उनले चालू आर्थिक वर्षमा संस्थाले सञ्चालन गरेका तथा आगामी आर्थिक वर्षमा संस्थाले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाबारे जानकारी सभामा जानकारी गराएका थिए।



सभामा वार्षिक प्रतिवेदनमाथि उठेका प्रश्न एवं जिज्ञासाको जवाफ दिँदै अध्यक्ष महर्जनले वित्तीय क्षेत्रमा देखिएका चुनौतीका कारण संस्था अपेक्षित रूपले व्यवसाय वृद्धि गर्न नसकेको बताए। तथापि, व्यावसायिक गुणस्तर अभिवृद्धि, वित्तीय सुशासन, जोखिम व्यवस्थापनजस्ता क्षेत्रमा अपेक्षित प्रगति हासिल गरिरहेको जानकारी दिए।

सोही सभाले गत आवको वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, नगदप्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरणका साथै सम्पूर्ण अनुसूचीसहितको वित्तीय विवरण छलफलपश्चात् स्वीकृत गरेको छ।

■ राष्ट्रिय लिग २०८२

प्रशिक्षणका लागि तयारी कम



लिगको उद्घाटन खेलमा प्रतिस्पर्धा गर्दै फ्रेन्ड्स (सेतो जर्सी) र काँक्रेबिहार युवा। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा बुधबारदेखि राष्ट्रिय लिग सुरु भएको छ। लिगमा सहिद स्मारक 'ए' डिभिजनका १३ तथा एन्फा प्रेसिडेन्ट कपका शीर्ष चार क्लब प्रतिस्पर्धामा छन्। लिगको पहिलो दिन दुई खेल भए। पहिलो खेलमा फ्रेन्ड्स क्लबले सुर्खेतको काँक्रेबिहार युवा क्लबलाई ३-१ ले पराजित गऱ्यो। अर्को खेलमा पछिल्लोपटक आयोजना भएको 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेडले नवप्रवेशी क्लब श्री भगवतीसँग १-१ को बराबरी खेल्यो। एन्फाले तीन वर्षपछि घरेलु फुटबललाई चलायमान बनाउन राष्ट्रिय लिग आयोजना गरेको हो।

> १७ क्लब सहभागी राष्ट्रिय लिग फुटबल प्रतियोगिता बुधबारदेखि सुरु, तर थोरै समयमा प्रशिक्षण र टिम तयार गरी खेल्नुपरेको क्लबहरूको गुनासो

तर, सहभागी क्लबहरू पर्याप्त तयारीविना नै प्रतिस्पर्धा गर्न बाध्य भएका छन्। लिगका लागि कम्तीमा पनि दुईदेखि तीन महिनाको तयारी चाहिने उनीहरूको भनाइ छ। खेलाडी छनोटदेखि टिम तयारीका लागि समय थोरै भएकाले राष्ट्रिय लिगमा सोचेजस्तो नतिजा आउन नसक्ने मच्छिन्द्र क्लबका मुख्य प्रशिक्षक प्रवेश कटवालले बताए। 'प्रतियोगिताका लागि सोचेजस्तो तयारी गर्न पाएनौं। यसपटकको लिगमा मच्छिन्द्र विगतको जस्तो छैन,' प्रिपोस्ट म्याचमा उनले भनेका थिए, 'यद्यपि, हामीहरूको प्रयास उपाधि जित्ने हुनेछ।'

धेरैजसो टोलीले लिगमा सहभागी हुन मैत्रीपूर्ण र मोफसलमा आयोजना भएका फुटबल प्रतियोगितालाई केन्द्रित बनाएका थिए। चर्च ब्वाइजले पनि पूर्वमा आयोजना भएको गोल्डकपमा भाग लिएको थियो।

न्युरोड टिम (एनआरटी)ले भने लमजुङमा खेलेको थियो। एनआरटीका प्रशिक्षक जीवन सिंकेमानले पनि पर्याप्त प्रशिक्षण गर्ने समय नपाएको बताएका छन्। 'लमजुङमा गएर प्रतियोगिता खेल्यौं। यो एक किसिमले लिगको तयारीजस्तै रह्यो,' उनले प्रिपोस्ट म्याचमा भनेका थिए, 'प्रशिक्षणका क्रममा पनि मैदानको समस्या उस्तै रह्यो।' शीर्ष डिभिजन लिग नहुँदा मोफसलका प्रतियोगिता हुँदै आएका थिए। मोफसलमा पनि यस सिजन धेरै गोल्डकप प्रतियोगिता भएनन्।

गत वर्षको सहिद स्मारक 'बी' डिभिजन लिग विजेता हुँदै शीर्ष डिभिजनमा उक्लेको श्री भगवतीका कप्तान अशोक खवासले पनि लिगका लागि तयारी अपुग भएको बताएका थिए। उनले प्रतियोगितामा केवल सहभागी मात्र हुने जनाए। एन्फाले राष्ट्रिय लिगमा कुनै रेलिगेसन नियम बनाएको छैन। यसकारण पुछारमा रहँदा पनि कुनै पनि टोलीको घटुवा हुनेछैन। 'राष्ट्रिय लिगका लागि पर्याप्त तयारी गर्न पाएनौं। यो केवल सहभागिताजस्तै हो,' उनले भने। तयारी कम गरे पनि श्री भगवती उपाधि दाबेदार चर्च ब्वाइजलाई बराबरीमा रोक्न सफल भएको छ।

युवा खेलाडीमा निर्भर

तीन वर्षमा 'ए' डिभिजन लिग नहुँदा धेरैजसो राष्ट्रियस्तरका खेलाडी विदेश भासिएका छन्। यसको प्रभाव अहिले राष्ट्रिय लिगमा देखिएको छ। लिगमा सहभागी हुन उमेर समूहका खेलाडीलाई समावेश गरी टिम बनाइएको छ। अधिकांश क्लबमा युवा खेलाडीको बाहुल्यता छ। सहिद स्मारक 'ए' डिभिजन लिगको सर्वाधिक विजेता मनाङ मर्स्याङ्दी क्लबले युवा खेलाडीलाई पहिलो प्राथमिकतामा राखेको छ। उसले 'बी' र 'सी' डिभिजन लिग खेलेका खेलाडी समेटेर टिम बनाएको छ। 'टोलीमा युवा र उमेर समूहका खेलाडी छन्। 'बी' र 'सी' डिभिजन लिगसँगै यू-२० का खेलाडी छन्,' मनाङका प्रशिक्षक शैलेस कर्माचार्यले भने। त्रिभुवन आर्मी क्लबका सहायक प्रशिक्षक जितेन्द्र कार्कीले अनुभवी र युवा खेलाडीलाई समावेश गरेर टिम बनाएको प्रतिक्रिया दिए। 'खेलाडीहरू विदेश पलायन भएपछि यू-१८ र यू-२३ का खेलाडीलाई टिममा समावेश गरेका छौं,' उनले भने।

लिग च्याम्पियन चर्च ब्वाइजले अंक बाँड्यो

सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेडले राष्ट्रिय लिगको आफ्नो पहिलो खेलमा श्री भगवती क्लबसँग बराबरी खेल्दै अंक बाँडेको छ। श्री भगवतीले पहिलो हाफमा अग्रता लिए पनि दोस्रो हाफमा चर्च ब्वाइजले १-१ को बराबरी गोल फर्काएको हो। कप्तान एरिक विष्टले दोस्रो हाफमा गोल गरेपछि चर्च ब्वाइज हारबाट जोगिएको हो। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा श्री भगवतीलाई हरिहर बुढामगरले ४५औं मिनेटमा १-० को अग्रता दिलाएका थिए।

लिगको पहिलो खेलमा ललितपुरको फ्रेन्ड्स क्लबले काँक्रेविहार युवा क्लबलाई ३-१ ले पराजित गऱ्यो। फ्रेन्ड्सको जितमा प्रशान्त लक्षम, प्रवेश बस्नेत र आशिष चापागाईंले समान एक गोल गरे। फ्रेन्ड्सकै कमल श्रेष्ठले आत्मघाती गोल गरेका थिए। खेलको छैटौं मिनेटमा फ्रेन्ड्सका कमलले आत्मघाती गोल गरेपछि काँक्रेबिहारले अग्रता लिएको थियो। फ्रेन्ड्सका प्रशान्तले पहिलो हाफको इन्जुरी समयमै १-१ को बराबरीमा ल्याए। प्रवेशले खेलको ५९औं मिनेटमा गोल गर्दै फ्रेन्ड्सलाई २-१ को अग्रता दिलाए। आशिषले अन्तिम मिनेटमा गोल गर्दै फ्रेन्ड्सको जित सुनिश्चित पारेका थिए। फ्रेन्ड्सले ३ अंक जोडेको छ। राष्ट्रिय लिगअन्तर्गत बिहीबार दुई खेल हुनेछन्। पहिलो खेल सातदोबाटो युथ क्लब र संकटा क्लबबिच बिहान ११ बजे हुनेछ। दोस्रो खेल लालीगुराँस एसोसिएसन र जावलाखेल युथ क्लबबिच दिउँसो ३ बजे हुनेछ । दुवै खेल एन्फा कम्प्लेक्समा हुनेछन्।

पाकिस्तानी मूलका अमेरिकी खेलाडीलाई भिसाको समस्या

एजेन्सी

आफूसहित सायन जहागिर, मोहम्मद मोहसिन र एहसान आदिललाई भारतले भिसा नदिएकोअमेरिकी तीव्र गतिका बलर अली खानको दाबी

आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिता सुरु हुन एक महिना पनि बाँकी छैन। विश्वकपअघि आयोजक भारत एकपछि अर्को विवादमा मुछिँदै छ। पहिला बंगलादेशी क्रिकेटरलाई इन्डियन प्रिमियर लिग खेल्न प्रतिबन्ध लगायो। जसका कारण बंगलादेशले आफ्ना खेलाडी भारतमा सुरक्षित नभएको भन्दै त्यहाँ विश्वकप नखेल्ने अडान राखेको छ। अब भारतले पाकिस्तानी मूलका चार अमेरिकी खेलाडीलाई भिसा नदिएको एजेन्सीले जनाएको छ।

गत संस्करणमा सुपर एटमा स्थान बनाएर अमेरिका सिधै विश्वकपमा छनोट भएको थियो। भारतमा खेल्ने तयारी गरिरहेको अमेरिकी टोलीमा रहेका पाकिस्तानी मूलका चारजना खेलाडीले भिसा नपाएको बताएका छन्। अमेरिकाले प्रारम्भिक टोलीमा रहेका खेलाडीलाई समेटेर भिसाका लागि आवेदन दिएको थियो। जसमा चारजना खेलाडीले भिसा नपाएको क्रिकइन्फोले जनाएको छ।

क्रिकइन्फोले टेलिकम एसिया स्पोर्टसूलाई उद्धृत गर्दै पाकिस्तानी मूलका चार अमेरिकी खेलाडीले भिसा नपाएको खुलासा गरेको हो। अमेरिकाका तीव्र गतिका बलर अली खानले टेलिकम एसिया स्पोर्टसूसँग आफूसहित चारजना खेलाडीलाई भारतले भिसा नदिएको बताएका छन्। उनीसँगै सायन जहागिर, मोहम्मद मोहसिन र एहसान आदिललाई भारतले भिसा दिएको छैन। 'चारजना खेलाडीलाई भारतले भिसा दिन अस्वीकार गरेको छ। भिसा नपाउँदा हामीले आगामी टी-२० विश्वकप खेल्न पाउनेछैनौं,' अलीले भनेका छन्, 'भिसाका लागि अमेरिकन क्रिकेट बोर्डले आइसिसीलाई आग्रह गरेको छ।'



▶ अली खान

आइसिसीको प्रतिबन्धमा अमेरिका

अमेरिका क्रिकेट संघमाथि अहिले आइसिसीले प्रतिबन्ध लगाएको छ। अमेरिकी टोलीको व्यवस्थापन र अन्य प्राविधिक काम अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले हेरिरहेको छ। अमेरिकाले हाल विश्वकपको तयारी श्रीलंकामा गरिरहेको छ। अली पनि श्रीलंकामै प्रशिक्षण गरिरहेका छन्।

अमेरिकाले विश्वकपका लागि अन्तिम टोली घोषणा गरिसकेको छैन। कोलम्बोमा रहेका १८ खेलाडीमध्येबाटै अन्तिम १५ जना छनोट हुनेछन्। अमेरिकी टोलीमा आबद्ध पाकिस्तानी मूलका चार खेलाडीको जन्म पाकिस्तानमा भएको हो। उनीहरूले पाकिस्तानको नागरिकता त्यागेका छन्। भारतको भिसा नियमअनुसार पाकिस्तानमा जन्मिएका कुनै पनि व्यक्तिले भारतको भिसा पाउन आफू जन्मिएकै देशको पासपोर्ट (राहदानी) बाट भिसा आवेदन गर्नुपर्ने हुन्छ। टी-२० विश्वकपको प्रारम्भिक चरणमा अमेरिकाको तीनवटा खेल भारतमा र एउटा खेल श्रीलंकामा छ।

भारतद्वारा अन्य खेलाडीलाई पनि भिसा दिन इन्कार

भारतले पाकिस्तानी मूलका खेलाडीलाई भिसा नदिएको यो पहिलो घटना भने होइन। यसअघि पनि भारतले पाकिस्तानमा जन्मेका तर अन्य राष्ट्रको नागरिकता लिएर प्रतिस्पर्धा गर्न आएका खेलाडीलाई भिसा नदिएका धेरै उदाहरण छन्। सन् २०१९ मा पाकिस्तानमा जन्मेका क्रिकेटर सिकन्दर जुल्फिकर र सकिब जुल्फिकरलाई भारतले भिसा दिन अस्वीकार गरेको थियो।

सन् २०२३ को एकदिवसीय विश्वकप खेल्न पाकिस्तानमा जन्मिएका सिराज अहमदले सुरुवातमा भिसा पाएका थिएन। पछि आइसिसीकै पहलमा उनले भारत प्रवेशको अनुमति पाएका थिए। सन् २०१७ मा अस्ट्रेलियन टोलीका ओपनर उस्मान ख्वाजा तथा सन् २०२४ मा इंग्ल्यान्डका स्पिनर रेहान अहमद र सोएब बसिरले पनि भारत प्रवेशका लागि भिसाको समस्या सामना गरेका थिए। टी-२० विश्वकपमा सहभागी ओमान, युएई, इटालीलगायत अन्य राष्ट्रमा पनि पाकिस्तानमा जन्मिएका खेलाडी छन्। उनीहरूको विषयमा पनि यस्तै समस्या आउने अनुमान गरिएको छ। भारत र पाकिस्तानबिचको बिग्रँदो राजनीतिक सम्बन्धका कारण पाकिस्तानी मूलका खेलाडीलाई भिसा पाउन सधैं मुस्किल हुने गरेको छ।

खेल संक्षेप

चाँदबाग र चेल्सी सेमिफाइनलमा

काठमाडौं/ आयोजक केएमसी, द चाँदबाग स्कुल र चेल्सी वर्ल्ड स्कुल पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलातर्फ सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको खेलमा केएमसीले हिमालीलाई १५-९ ले पराजित गऱ्यो। चाँदबागले गोल्डेन फ्लावरमाथि २४-१४ को जित निकाल्यो। चेल्सीले साबिक विजेता रिब्सलाई २८-२४ ले हराएको छ। फाइनल प्रवेशको खेलमा चेल्सीले केएमसीको सामना गर्नेछ। अर्को सेमिफाइनल खेल चाँदबाग र रिब्सबिच हुनेछ। सिनियर र जुनियर पुरुषमा क्वार्टरफाइनल समीकरण पूरा भएको छ। सिनियर पुरुषको क्वार्टरफाइनल खेल बाल दीक्षा सदन र सेवा सदनबिच खेल हुनेछ। अर्को क्वार्टरफाइनलमा मार्बलसले आयोजक केएमसी 'बी'को सामना गर्नेछ। भिएस निकेतन र काठमाडौं जेभियर्स पब्लिक स्कुलबिच अर्को खेल हुने आयोजकले जनाएको छ। जुनियर पुरुषमा इडेन ब्रिज एकेडेमी (इबिए) र गोल्डेन फ्लावरबिच सेमिफाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ। गोल्डेनपिकले मानांकविरुद्ध खेल्नेछ। सिनियर र जुनियर पुरुषतर्फको क्वार्टरफाइनल बिहीबार हुनेछ।



लियोनको लगातार तेस्रो जित

काठमाडौं/ हिमालयन च्यालेन्जर्स फिडे रेटिङ क्लासिकल बुद्धिचाल प्रतियोगितामा पुष्पसदन हाई स्कुलका लियोन महर्जनले हार्दिक पन्तलाई हराएका छन्। लियोनको यो लगातार तेस्रो जित हो। १२ वर्षीय लियोनले दुई घण्टा ४५ मिनेटको प्रतिस्पर्धापछि १६०५ रेटेड हार्दिकलाई हराएका हुन्। तेस्रो चरणका खेल सकिँदा अनरेटेड लियोनले तीनै खेलमा रेटेड खेलाडीलाई हराएका हुन्। उनले पहिलो चरणमा ईश्वर लामा (१५५१) र दोस्रो चरणमा अनमोल राई (१५३४) लाई निराश बनाए। शीर्ष वरीयताका अभिक शाह (१९१८ रेटेड) र सजल न्यौपाने (१६९७)ले पनि शतप्रतिशत जितलाई कायम राखे।

बैजनाथ माविले जित्यो रनिङ सिल्ड

कञ्चनपुर/ बैजनाथ माविले लगातार राष्ट्रपति रनिङ सिल्ड जितेको छ। वेदकोट- २ जडेपानीको बैजनाथ माविले सर्वाधिक २६ स्वर्ण, १९ रजत तथा १२ कांस्य जित्दै च्याम्पियनसिप ट्रफी हात पारेको हो। आयोजक वेदकोट नगर खेलकुद समितिले प्रतियोगितामा १९ विद्यालयको सहभागिता रहेको जनाएको छ। ३४ पदकका साथ भुवनेश्वरी माविे दोस्रो भएको छ। तेस्रो स्थानमा रहेको उदय माविले १७ पदक हात पारेको थियो। बैजनाथ ०७७ देखि नगरस्तरीय राष्ट्रपति रनिङ सिल्डमा अपराजित रहेको छ। च्याम्पियन बैजनाथ माविका थिरेन्द्रचन्द्र भट्टले खेलकुदमा विगतदेखि विद्यालयको लगानी राम्रो भएको बताए।

लालीगुराँसलाई पोखरा एभेन्जर्सको साथ

कास्की/ राष्ट्रिय लिगमा मोफसलबाट प्रतिनिधित्व गरेको लालीगुराँस एसोसिएसनलाई पोखरा एभजेर्न्सले सहयोग गर्ने भएको छ। काठमाडौंमा बुधबारदेखि सुरु भएको लिगमा प्रेसिडेन्ट कपको च्याम्पियनको हैसियतले पोखराको लालीगुराँसले प्रतिस्पर्धा गर्न पाएको हो। पोखरा महानगरपालिका वडा १२ मा रहेको लालीगुराँस एसोसिएसन क्लब ०६९ देखि सामाजिक कामसँगै फुटबल खेलमा विभिन्न गतिविधिमा संलग्न रहँदै आएको छ। राष्ट्रिय लिगमा लालीगुराँसलाई विदेशी खेलाडी आबद्ध गर्न र टोलीलाई बलियो पोखरा एभेन्जर्सले सहयोग गर्नेछ। दुई पक्षबिच सम्झौतासमेत भएको छ। लालीगुराँसका अध्यक्ष डम्बर गुरुङले आर्थिक रूपमा सबल बनाउन पोखरा एभेन्जर्सको साथले राहत पाएको बताए। लिग खेल्न एक करोड रुपैयाँ खर्च हुने उनले बताए। क्लबका महासचिव ईश्वर बस्यालले समग्र गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै राष्ट्रिय लिगमा उत्कृष्ट खेल प्रदर्शन गर्ने बताए। राष्ट्रिय लिगमा लालीगुराँसले आफ्नो पहिलो खेलमा बिहीबार जावलाखेल युथ क्लबविरुद्ध खेल्नेछ। लालीगुराँसले तान्जानिया, टोगो र उज्बेकिस्तानका खेलाडीलाई समावेश गरेको छ। किरण श्रेष्ठ टोलीका मुख्य प्रशिक्षक हुन्।

■ म्यानचेस्टर सिटी फाइनलमा



एजेन्सी/ म्यानचेस्टर सिटी लिग कप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। मंगलबार राति भएको सेमिफाइनलमा न्युकास्टल युनाइटेडलाई २-० ले हराउँदै सिटीले अन्तिम दुईमा स्थान पक्का गरेको हो। सिटीको जितमा सेमेन्यो र रायनले समान एक गोल गरेका थिए। सन् २०२१ पछि सिटीले लिग कप फुटबल उपाधि जित्न सकेको छैन। न्युकास्टलविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गरेका सेमेन्यो यसै सिजनमा बर्नामाउथबाट ६५ मिलियन पाउन्डमा सिटीमा अनुबन्ध भएका थिए। सिटीले यो प्रतियोगिता आठपटक जितेको छ।

■ सूर्य नेपाल इस्टर्न ओपन

गल्फर नीरजले लिए ३ स्ट्रोकको अग्रता

नयाँ पत्रिका

नेपालका नम्बर एक गल्फर नीरज तामाङले सूर्य नेपाल गल्फ टुरको दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको पहिलो दिन ६ अन्डर ६४ को उत्कृष्ट प्रदर्शन गर्दै ३ स्ट्रोकको अग्रता लिएका छन्। धरानको गल्फ कोर्समा बुधबार भएको खेलमा नीरजले टंकबहादुर कार्की र बलभद्र राईलाई ३ स्ट्रोकले पछि पारेका हुन्। टंकबहादुर र बलभद्रले ३ अन्डर ६७ को स्कोर गरेका थिए। दुवै दोस्रो स्थानमा छन्। १ अन्डर ६९ को स्कोरका साथ पूर्व नम्बर एक गल्फर शुक्रबहादुर राई र भुवन नगरकोटी चौथो स्थानमा छन्। यसैगरी दुई एमेच्योर खेलाडी प्रकृत तामाङ र राहुल विश्वकर्मा पनि संयुक्त रूपमा चौथो स्थानमा रहे। राहुलले गत साता सूर्य नेपाल गल्फ टुरको पहिलो उपाधि हात पारेका थिए। यसपटक धरानमा उनले पहिलो दिन गतिलो प्रदर्शन गर्न सकेनन्।



नीरजले निकाले लगातार बोर्डी

नीरजले दिनको सुरुवात सानदार रूपमा गरेका थिए। उनले दोस्रो होलमा बोगी प्रहार गरेका थिए।। यसपछि उनले तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डी निकाली फ्रन्ट नाइन ३ अन्डर ३३ स्कोर बनाए। ब्याक नाइनमा उनले ३ अन्डर ३१ स्कोर गर्ने क्रममा १२औं, १३औं, १६औं र १८औं होलमा समान एक सट बचाए। दोस्रो स्थानमा रहेका टंकबहादुरले फ्रन्ट नाइन १ अन्डर ३५ र ब्याक नाइनमा २ अन्डर ३२ को स्कोर गरेका थिए। उनले फ्रन्ट नाइनको आठौं र नवौं होलमा लगातार दुई बर्डी प्रहार गरे।

आयरल्यान्डसँग नेपाल ९९ रनले पराजित

आइसिसी महिला टी-२० ग्लोबल छनोटको अभ्यास खेलमा नेपालले बुधबार आयरल्यान्डविरुद्ध ब्याटिङ र बलिङमा कमजोर प्रदर्शन गऱ्यो

नयाँ पत्रिका

राष्ट्रिय महिला क्रिकेट टोली आइसिसी टी-२० विश्वकपअन्तर्गत ग्लोबल छनोटको तयारीमा व्यस्त छ। नेपालले विश्वकपको मुख्य प्रतिस्पर्धा गर्नुअघि अभ्यास खेल खेलिरहेको छ। तर, घरेलु मैदानमा महिला टोलीले सोचेजस्तो नतिजा निकाल्न सकिरहेको छैन। अभ्यास खेलमा नेपालले एकपटक मात्र अमेरिकालाई हराएको थियो। यसबाहेक अन्य खेलमा हार सामना गरेको छ।

तल्लो मूलपानी मैदानमा बुधबार नेपालले बलियो राष्ट्र आयरल्यान्डसँग प्रतिस्पर्धा गऱ्यो। जसमा नेपाल ९९ रनको फराकिलो अन्तरले पराजित भयो। आयरल्यान्डसँगको प्रतिस्पर्धामा नेपालको ब्याटिङ, फिल्डिङ र बलिङ फितलो रह्यो। नेपाली बलरको कमजोर बलिङका कारण आयरल्यान्डले नेपालविरुद्ध २० ओभरमा सात विकेट गुमाएर २०० रनको बलियो स्कोर खडा गऱ्यो।

प्रतिओभर १० रनमा ब्याटिङ गर्नुपर्ने अवस्थामा नेपालका महिला खेलाडीले १९ ओभरमा खेल्दा १०१ रन मात्र जोडे। आयरल्यान्डले नेपालमाथि सानदार ९९ रनको जित निकाल्यो। नेपालको ब्याटिङमा कसैले पनि ठुलो रन तथा साझेदारी गर्न सकेनन्। मध्यक्रमकी कविता जोशीले सर्वाधिक २८ रन बनाउन २९ बलमा ६ चौका हिर्काएकी थिइन्। ओपनर विन्दु रावलले २८ बलमा २५ रन बनाउन पाँच चौका प्रहार गरिन्। नेपालले पावर प्लेमा दुई विकेट गुमाएको थियो। ४.१ ओभरमा सम्झना खड्का र काजल श्रेष्ठलाई गुमाएपछि नेपाल दबाबमा आएको थियो। कप्तान इन्दु बर्माले १२ रन जोडिन्। नेपालको ब्याटिङमा विन्दु र पूजा महतोले २० रनको साझेदारी गरेका थिए। कविता र सीता रानामगरले समान २० रनकै साझेदारी गरे।



तीन ब्याट्सम्यान रिटायर्ड हट

आयरल्यान्डको ब्याटिङमा शीर्ष चार ब्याट्सम्यानले उत्कृष्ट योगदान दिएका थिए। दोस्रो ओपनरदेखि चौथो क्रमका ब्याट्सम्यान रिटायर्ड हट भएका थिए। कप्तान गावी लेविसले ३८ बलमा ७७ रनको योगदान दिइन्। उनी खेलको ९.६ ओभरमा रिटायर्ड हट भइन्। उनले नेपाली बलरविरुद्ध आक्रामक हुँदै १२ चौका र दुई छक्का प्रहार गरिन्। ओर्ला प्रेन्डेगास्टले २९ बलमा आठ चौका र तीन छक्का प्रहार गरी ६२ रन बनाइन्। उनी १४.६ ओभरमा रिटायर्ड हट भइन्। लेह पाउलले पनि रिटायर्ड हट हुनुअघि १९ बलमा २१ रन बनाइन्। नेपालको बलिङमा रुविना क्षेत्रीले दुई विकेट हात पारेकी थिइन्।

थाइल्यान्ड सात विकेटले विजयी

ग्लोबल छनोटअन्तर्गत बुधबारै भएको अर्को अभ्यास खेलमा थाइल्यान्डले नामिबियामाथि सात विकेटले जित निकालेको छ। पहिलो ब्याटिङ गरेको नामिबियाले २० ओभरमा पाँच विकेट गुमाएर १०७ रन बनाएको थियो। थाइल्यान्डले १६.३ ओभरमा तीन विकेटको क्षतिमा १११ रन बनाएको थियो। अर्को खेलमा पपुवा न्युगिनीले जिम्बाबेमाथि ११ रनको जित हात पाऱ्यो। पपुवा न्युगिनीले सुरुमा ब्याटिङ गरी ६ विकेटको क्षतिमा १३१ रन जोडेको थियो। आइसिसीको पूर्ण सदस्य जिम्बाबेले २० ओभरमा नौ विकेट गुमाएर १२० रन मात्र जोड्यो। बंगलादेश नेदरल्यान्ड्सविरुद्ध २६ रनले विजयी भयो।

नेपाल समूह 'बी'मा

नेपालले पहिलोपटक आयोजना गर्न लागेको आइसिसी टी-२० विश्वकप ग्लोबल छनोट आगामी १८ जनवरीदेखि सुरु हुँदै छ। छनोट खेल १ फेब्रुअरीसम्म चल्नेछ। प्रतियोगितामा १० राष्ट्र सहभागी छन्। नेपाल समूह 'बी'मा छ। नेपालले थाइल्यान्ड, स्कटल्यान्ड, नेदरल्यान्ड्स र जिम्बाबेविरुद्ध प्रतिस्पर्धा गर्नेछ। समूह 'ए' र 'बी'का शीर्ष तीन टोलीले सुपर सिक्स स्थान पक्का गर्नेछन्। सुपर सिक्सका शीर्ष चार टोलीले अगामी जुनमा इंग्ल्यान्डले आयोजना गर्ने विश्वकपमा स्थान बनाउनेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com